# पहिलो परिच्छेद

## शोध परिचय

### १.१. विषय परिचय

नेपाली साहित्यको विकासमा पत्रपत्रिकाहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । वि.सं. १९५८ देखि गोरखापत्रको प्रकाशन भएको समयदेखि नै पत्रपत्रिकाहरूले नेपाली भाषा साहित्यको श्रीवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् । मोफसलबाट प्रकाशित हुने विविध पत्रिकाहरू मध्ये सगुन साहित्यिक त्रैमासिक पत्रिका पनि एक हो, जुन पर्वत जिल्लाबाट गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालयद्वारा प्रकाशित हुँदै आएको छ । शुरुमा २०५४ साल चैत्र महिनामा समसामयिक साहित्य संकलन गर्दै 'सगुन' परिवार कुस्मा पर्वतद्वारा प्रकाशित गरिएको थियो भने पछि जिल्ला प्रशासन कार्यालयबाट त्रैमासिक रूपमा दर्ता भई (जि.प्र.का. द.नं. २२/१७/०६६/०६७) २०६७ सालबाट उक्त पुस्तकालयद्वारा त्रैमासिक रूपमा प्रकाशन हुँदै आएको छ । यो 'सगुन' साहित्यिक त्रैमासिक पत्रिका प्रधानसम्पादक राजेन्द्र पहाडी र सम्पादक शान्तिनारायण श्रेष्ठद्वारा सम्पादित हुँदै आएको छ ।

### १.२. शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'सगुन साहित्यिक त्रैमासिक पत्रिकामा प्रकाशित कविताहरूको अध्ययन' रहेको छ ।

### १.३. शोध प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग स्नातकोत्तर तहको दसौं पत्र (५१०-१) को परिपूर्तिका लागि रहेको छ ।

### १.४. समस्या कथन

गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालयद्वारा प्रकाशित 'सगुन' साहित्यिक त्रैमासिक पत्रिकामा प्रकाशित कविताका निम्न लिखित समस्या रहेका छन् :

क) 'सगुन' पत्रिकामा प्रकाशित कवितामा विषयवस्तु र भाव के कस्तो पाइन्छ ?

ख) 'सगुन' साहित्यिक त्रैमासिक पत्रिकामा प्रकाशित विभिन्न अङ्कहरूमा सङ्कलित कविताहरूको के कसरी विश्लेषण गर्न सकिन्छ ?

ग) नेपाली साहित्यको विकासमा सगुनमा रहेका कविताहरूको स्थान के कस्तो छ ?

## १.५. उद्देश्य कथन

माथि उल्लेखित समस्याहरूको निम्नानुसार समाधान पहिल्याउनु यस प्रस्तावित शोधपत्रको उद्देश्य रहेको छ ।

क) 'सगुन' साहित्यिक त्रैमासिक पत्रिकामा प्रकाशित कविताका विषयवस्तु र भाव उल्लेख गर्ने ।

ख) 'सगुन' साहित्यिक त्रैमासिक पत्रिकाको विभिन अङ्कहरूमा प्रकाशित कविताहरूको विविध कोणबाट विश्लेषण गर्ने ।

ग) 'सगुन' मा प्रकाशित कविताले नेपाली साहित्यमा पुऱ्याएको योगदान उल्लेख गर्ने ।

## १.६. पूर्वकार्यको विवरण

'सगुन' साहित्यिक त्रैमासिक पत्रिकाले नेपाली भाषाको उत्थानमा उल्लेखनीय योगदान पुऱ्याएको छ । यस पत्रिकाले पर्वत जिल्ला जस्तो ठाउँमा रहेर पनि देशका विभिन्न ठाउँमा छरिएर रहेका विभिन्न स्रष्टाहरूको सिर्जनालाई सङ्कलन गरेर प्रकाशन गरी नेपाली भाषाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस पत्रिकामा कथा, कविता, हाइकु, ताङ्का, गजल, मुक्तक, निबन्ध, समीक्षा, लेख जस्ता विविध विषय र क्षेत्रमा कलम चलाउने सर्जकहरूको सिर्जनालाई सङ्कलन गरी जनमानस सामु ल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

शुरुमा वि.सं. २०५४ चैतमा समसामयिक साहित्यिक सङ्कलन गरी शुरुवात गरी नियमित रूपमा प्रकाशन नभई विभिन्न अवसरहरूमा मात्र प्रकाशन हुँदै आएको पाइएको छ । विविध खालका बाधा व्यवधान, कठिनाई र चुनौतीका कारणले केही समय 'सगुन'ले निरन्तरता पाउन सकेन (सम्पादकीय अंक १) । २०६७ बाट नियमित रूपमा त्रैमासिक रूपमा प्रकाशित भई आइरहेको यो पत्रिका २०७० चैतसम्म त्रैमासिक रूपमा १६ अङ्क सम्म प्रकाशित भएको छ । हाल सम्म यस पत्रिकाको सम्बन्धमा कहीं पनि कुनै प्रकारको चर्चा, परिचर्चा भएको पाइदैन र प्रकाशित कविताहरूको अध्ययन एवम् समीक्षा समेत भएको देखिँदैन ।

## १.७. शोधको औचित्य

नेपाली कविता विधामा विभिन्न प्रयोग भइरहेतापनि 'सगुन' साहित्यिक त्रैमासिक पत्रिकामा उत्कृष्ट कविताहरू प्रकाशन भएको र त्यसको बारेमा अध्ययन अनुसन्धान गर्न आवश्यक ठहरिएको हुँदा यसको अध्ययनबाट यस शोधपत्रको औचित्य पुष्टि भएको छ ।

## १.८. क्षेत्र र सीमा

यस 'सगुन' साहित्यिक त्रैमासिक पत्रिकामा विभिन्न कथा, कविता, मुक्तक, गजल, हाइकु, निबन्ध, लेख, समीक्षा आदि प्रकाशित हुँदै आएका छन् । साहित्यिक त्रैमासिक रूपमा अङ्क १ देखि ६ सम्म प्रकाशित भएका कविताहरूको कविता तत्त्व (शीर्षक, विषयवस्तु, भाषाशैली/संरचना र भाव) का आधारमा अध्ययन विश्लेषण गरिएको छ । गजल, मुक्तक, हाइकु, कविताका उपविधामा परेतापनि यिनीहरूको अध्ययन गरिएको छैन । अन्य साहित्यिक विधाको अध्ययन नगरी कविताहरूको मात्र अध्ययन गर्नु यसको सीमा रहेको छ । वि.सं. २०५४ देखि समसामयिक सङ्कलन पूर्णाङ्क १ देखि ११ सम्मका कविताहरूको अध्ययन नगर्नु यसको सीमा रहेको छ । पूर्णाङ्क १२ देखि १७ सम्मका कविताहरूको अध्ययन गरिएको छ ।

## १.९. अध्ययन विधि

प्रस्तुत शोध कार्यका लागि सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय विधि प्रयोग गरी शोध पत्र तयार गरिएको छ ।

## १.१०. शोध सङ्गठन

प्रस्तुत शोधकार्यलाई विभिन्न परिच्छेदमा विभाजन गरी शोधकार्य गरिएको छ । ती परिच्छेदहरू निम्न अनुसार रहेका छन् :

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : नेपाली कविताको सैद्धान्तिक परिचय र नेपाली कविताको विकासक्रम

तेस्रो परिच्छेद : 'सगुन' साहित्यिक त्रैमासिक पत्रिकामा प्रकाशित कविताहरूको अध्ययन

चौथो परिच्छेद : उपसंहार/निष्कर्ष

# दोस्रो परिच्छेद

## २. कविताको सैद्धान्तिक परिचय र नेपाली कविता परम्परा

### २.१. कविताको सैद्धान्तिक परिचय र कविता परम्परा

कविता शब्द संस्कृतको तत्सम शब्द हो । कवि आधार शब्दमा ता प्रत्यय लागेर कविता शब्द निर्माण भएको हो । कविता शब्दले कविको सिर्जना भन्ने अर्थ जनाउँछ । संस्कृत साहित्यमा अलौकिक वर्णनमा निपूर्ण व्यक्तिलाई कवि भनिएको पाइन्छ भने पाश्चात्य साहित्यमा सामान्य अर्थमा साहित्यिक कलासँग सम्बद्ध कुनै पनि विधाको वा कृतिको रचयितालाई कवि ( पोयट) शब्दले ग्रहण गरेको छ ।

पूर्वीय साहित्यमा कवि शब्दको प्रयोग प्राचीन कालदेखि नै हुँदै आएको पाइन्छ । पूर्वीय विद्वान् आनन्दवर्द्धनले काव्य शब्दलाई चिनाउने काम गरेका छन् । पूर्वीय साहित्यमा काव्य र कवि शब्द एक साथ चर्चा गरेको पाइन्छ । त्यहाँ काव्य शब्द कुनै रचना विशेषका लागि प्रयोग गरेको पाइन्छ । काव्यलाई साहित्यको पर्यायवाचीका रूपमा लिएको देखिन्छ भने वेदमा यसले देववाणीको अर्थ ग्रहण गरेको छ ।

संस्कृत साहित्यमा कविता वा काव्य शब्दलाई हेर्दा यसले ख्याति कमाइसकेको छ र कविता काव्यले व्यापक रूपमा समग्र साहित्यलाई नै बुझाउने गरेको भेटिन्छ ।

आज आएर संस्कृतमा आफ्नो ऐतिहासिक पहिचान दिने नेपाली वा अङ्ग्रेजी साहित्यमा पनि मुक्तक, फुटकर कविता, खण्डकाव्य र महाकाव्य जस्तो विधागत स्वतन्त्र अस्तितत्वका रूपमा ऐतिहासिक पहिचान स्थापित गरेको देखिन्छ । संस्कृत परम्परामा साहित्यकै पर्यायवाचीका रूपमा चलेपछि अर्थ सङ्कोचतर्फ उन्मुख भएपनि नेपाली भाषामा चाहिँ यो शब्द कविताको मुक्तक र फुटकर कविता जस्ता साना विधा उपविधाका व्यतिरेकमा (विपरीत तात्पर्यमा) स्थापित भई कविताकै प्रबन्धात्मक उपविधा स्वरूप खण्डकाव्य र महाकाव्य जस्ता क्रमशः मझौला र वृहत् रूपका निम्ति सुरक्षित हुन लागेको पाइन्छ (त्रिपाठी र अन्य २०४८: २५०) ।

यसरी कविता व्यापक अर्थमा प्रयोग विधा विशेषमा सीमित गरेर अध्ययन गर्ने परम्परा धेरै लामो भइसकेको छ । साहित्यका यावत् विधाहरूमा कविता विधाले ऐतिहासिक उच्चता प्राप्त गरिसकेपछि यो मौलिक सिद्धान्त पनि बनिसकेको छ । ती सिद्धान्तको ज्ञान बिना कविताको समग्र अध्ययन पूर्ण हुन सक्दैन । अतः यहाँ कविताको परिभाषा, तत्त्व र विधागत स्वरूपको अध्ययन गरिन्छ ।

## २.२. कविताको परिभाषा

कवितालाई चिनाउने क्रममा विभिन्न विद्वानहरूले विभिन्न तरिकाले परिभाषित गरेको पाइन्छ। पूर्व र पश्चिममा साहित्यमा कविताका सिद्धान्त बारेमा चर्चा परिचर्चा भएको पाइन्छ। यस सन्दर्भमा प्रथमतः कविताको बारेमा पूर्वीय तथा पाश्चात्य विद्वान्ले दिएको परिभाषालाई मोटामोटी रूपमा ठम्याउने प्रयास गरिन्छ।

### २.२.१. कविता सम्बन्धी पूर्वीय विद्वान्हरूको धारणा

क) वेदव्यास : 'अभिष्ट अर्थलाई सङ्क्षेपमा प्रकट गर्ने दोषरहित तथा गुण अलङ्कार सहित पदावली युक्त वाक्य नै काव्य हो' (लुइटेल २०६०:४)।

ख) अग्निपुराण : "अभीष्ट भावलाई सङ्क्षेपमा व्यक्त गर्ने पदावली काव्य हो (संक्षेपाद वाक्यमिष्टार्थव्यवछिन्ना पदावली काव्यम्" (उपाध्याय, २०४९:८)।

ग) भरतमुनि : "रस बिना कुनै पनि साहित्यको सिर्जना हुन सक्दैन। (नहिरसा तृत्ते कश्चिदर्थः प्रवर्तत) " (ऐ.)

घ) भामहः "शब्दार्थौ सहितौ काव्यम् (शब्द र अर्थको संयुक्त रूप नै काव्य हो।)" उपाध्याय, २०४८:९)

ङ) विश्वनाथ : " रसात्मक वाक्य नै काव्य हो।" 'वाक्य रसात्मक काव्यम् ' (गैरे र आचार्य २०५९:३३२)

च) कुन्तक : "शब्द र अर्थको सहभाव भएको कविको त्यस्तो वकतापूर्ण रचनालाई काव्य भनिन्छ जसका काव्य वेत्ताहरूलाई आह्लाद प्रदान गर्ने सामर्थ्य हुन्छ। "

"शब्दार्थौ सहितौ वक्र कविव्यापारशालिनि
बन्धे व्यवस्थितौ काव्यं तद्विदहृलादकारिणि" (पौडेल, २०५७ : २९)

छ) मम्मट : "दोष रहित भएका शब्द र अर्थको संयोग भएको तथा गुणले युक्त भएको अवस्थामा कुनै कुनै ठाउँमा अलङ्कार नभए पनि काव्य हुन्छ। (तददौषौः शब्दार्थौ सगुणावनलंकृती पुनः क्वापि) (अधिकारी : २०५९ : ६)।

ज) आनन्दवर्धन : "वाच्यार्थ तथा लक्ष्यार्थदेखि भिन्न व्यञ्जनार्थ नै काव्यको आत्मा हो अर्थात् काव्यको आत्मा ध्वनि हो। " (ऐ.)

**निष्कर्ष** : पूर्वीय विद्वान्हरूको परिभाषा हेर्दा रमणीय रसयुक्त, मनोमुग्ध पार्ने शब्दार्थले युक्त अभिव्यक्ति नै कविता वा काव्य हो भन्न सकिन्छ ।

## २.२.२. कविता सम्बन्धी पाश्चात्य मान्यता (धारणा)

पूर्वमा जस्तै पश्चिमी साहित्यमा पनि सिर्जनात्मक साहित्यको विकास भएर मात्र आलोचनात्मक साहित्यको विकास भएको हो । पूर्वीय साहित्यमा ऋग्वेदलाई जेठो ग्रन्थ मानिए झैं पाश्चात्य जगत्मा होमरका 'इलिएड' र 'ओडिसी' लाई प्रारम्भिक ग्रन्थ मानिन्छ । त्यतिखेरैबाट थालिएको पाश्चात्य काव्य चिन्तन अहिलेसम्म अत्यन्त समृद्ध र नवीनताका साथ अगाडि बढिरहेको छ । पश्चिमी काव्य चिन्तकका परिभाषा निम्नानुसार छन् :

क) अरिस्टोटल : "कलाले प्रकृतिको अनुकरण गर्दछ (त्रिपाठी र अन्य २०५३ : ४७) ।

ख) वर्डस्वर्थ : "कविता प्रबल अनुभूतिहरूको सहज उच्छलन हो । जुन शान्त समयमा संस्मरणका रूपमा मनोवेगबाट प्राप्त हुन्छ । (गैरे र आचार्य २०५९ : ३३२) "

ग) कलरिज : "सर्बैश्रेष्ठ पदावलीको सर्बैश्रेष्ठ क्रमविधान नै कविता हो (भण्डारी २०६७ : ५)

घ) जोन मिल्टन : "सरल, सुकुमार, रागात्मक, इन्द्रियग्राह्य र भावपूर्ण रचना नै कविता हो (भण्डारी २०६७ : ५)।"

ङ) सेक्सपियर : "कविको लेखनीमा साक्षात् भएर विउँझिने कल्पना नै कविता हो (भण्डारी २०६७ : ५) ।

**निष्कर्ष** : पाश्चात्य विद्वान्हरूले दिइएका कविता सम्बन्धी परिभाषामा कविता भनेको भाषाका माध्यमबाट अभिव्यक्त सङ्गीत, जीवनको आलोचना, अनुभूतिको उच्छलन, रागात्मक, आनन्दात्यक जीवनको व्याख्या हुन आउँछ । जसमा कल्पना र संवेग मनोवेगको प्रकटीकरण हुने गर्दछ ।

## २.२.३.कविता सम्बन्धी नेपाली विद्वान्हरूको धारणा

कवितालाई परिभाषित गर्ने क्रममा नेपालका केही विद्वान्हरूले पनि आ–आफ्नै तरिकाबाट परिभाषित गरेका छन् । तिनीहरूमध्ये केही महत्त्वपूर्ण काव्य चिन्तकहरूका विचारहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

क) रामकृष्ण शर्मा : "कवितालाई म सौन्दर्यको पुजारी, नैतिकता र आदर्शको दर्पण ठान्छु (शर्मा २०५८ : १५) ।"

ख) बालकृष्ण सम : “भावनाको बौद्धिक कोमलता नै कविता हो (गैरे र आचार्य २०५९ :३३३) ।”

ग) सोमनाथ सिग्द्याल : “काव्य भनेको कुनै विषय वा कथा लिएर मनोहर शैलीको सूत्रमा गुँथिएका शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो (ऐजन : ३३३) । ”

घ) लक्ष्मीप्रसाद देवकोटा : “भावनाको हार्दिक कोमलता नै कविता हो (ऐजन : ३३३) ।”

ङ) माधवप्रसाद घिमिरे : “शब्द र सङ्गीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो (भण्डारी : २०६७ : ७) ।”

च) पारसमणि प्रधान : “कवि कविता होस्, कविता कवि होस् कविता तब पो हुन्छ, शब्द थुपारिकन के हुन्छ ? भाव भए पो हुन्छ (भण्डारी २०६७ : ७) ।”

छ) केदारमान व्यथित : “तीव्रगामी कल्पनाको घोडामाथि अनभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो (लुइँटेल र अन्य २०५८ : ४) । ”

**निष्कर्ष :** नेपाली विद्वान्हरूको परिभाषा हेर्दा भावनाको बौद्धिक हार्दिक कोमलता कल्पना अनुभूति र विचारको लगाममा भावकुता चढेको जीवन जगत्को कलात्मक भाषिक सङ्कथन र शब्द र अर्थको योगात्मक गुम्फन, पद्य लयको भाषिक सङ्कथन र कविको अनुभूति स्फूर्त रूपमा प्रकट भएको साहित्यिक रचना नै कविता हो ।

## २.३. कविताका तत्त्व

साहित्यका अन्य विधाहरू जस्तै कविता पनि विभिन्न तत्त्वहरूको अन्तर्मिश्रणबाट बन्ने यौगिक रचना हो । कविताको निर्माणमा मुख्यतः निम्न तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेल्दछन् : क) शीर्षक ख) लयविधान ग) केन्द्रीय कथ्य र भाव विचार घ) संरचना ङ) कथन पद्धति च) भाषा शैली छ) विम्वालङ्कार

**क) शीर्षक :**

कविले कविताको जे नामाकरण गरेको हुन्छ त्यही नै त्यस कविताको शीर्षक हो । त्यस शीर्षक कविताको मुख्य भाव विचार वा संरचना वा कवितामा अन्तरनिहित अन्य महत्त्वपूर्ण कुरासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्ध राखेको हुन सक्छ ।

**ख) लयविधान :**

लयविधान कविताको आधारभूत तत्त्व हो र कवितालाई साहित्यका अन्य विधाबाट अलग गराउने तत्त्व पनि यही लयविधान हो । कविताका पङ्क्तिपुञ्ज, श्लोक वा अनुच्छेदका

पङ्क्ति वा पाउका बिच वर्णको वा मात्राको वा वर्णमात्रा दुवैको नियमित प्रयोग भएमा बद्ध लय वा छन्द वा पद्य हुन्छ भने त्यो कम नियमित वा अनियमित भएमा मुक्त लय वा गद्य कविता हुन्छ । कविताका पङ्क्ति भित्र र पङ्क्तिका अन्त्य अन्त्यमा क्रमशः अन्तर्अनुप्रास एवम् अन्त्यानुप्रास मिलेमा कविताको लय अझ बढी मिठासयुक्त बन्दछ ।

**ग) केन्द्रीय कथ्य र भाव विचार :**

कवितामा कथन गरिएको विषयवस्तुको सार तत्त्व नै कविताको केन्द्रीय कथ्य हो । कविताको त्यो केन्द्रीय कथ्य कविताको मूल विषय वा सन्देश वा भाव विचार पनि हुन सक्दछ । कवितामा प्रयोग गरेको विषयवस्तु कविमन वा मानवमनका भावना वा विचारबाट आप्लावित हुन्छ र कवितामा मानवमनका भावना वा वैचारिक दृष्टिकोणको जे जस्तो अभिव्यक्ति भएको हुन्छ त्यही नै कविताको भाव विचार हो ।

**घ) संरचना :**

कविताको संरचना भनेको त्यस कविताको सिङ्गो बनोट वा बुनोट हो । पङ्क्ति–पङ्क्ति वा पाउ–पाउ मिली अनुच्छेद वा श्लोक बन्नु र श्लोक–श्लोक वा अनुच्छेद–अनुच्छेद र परिच्छेद–परिच्छेद वा सर्ग–सर्ग मिली एक कविता वा खण्डकाव्य वा महाकाव्य बन्नु अनि ती अनुच्छेद वा श्लोक वा परिच्छेद वा सर्गकाबिच मूल विषयवस्तु, भाव वा विचारको अन्तः श्रृङ्खला हुनु नै कविता र कविताका विभिन्न विधागत उपभेदहरूको संरचनागत पक्ष हो ।

**ङ) कथन पद्धति :**

कुनै पनि साहित्यिक कृति मूलतः कृतिकारकै कथन हुने गर्दछ । कविता पनि वास्तवमा कविको एकालापीय अभिव्यक्ति नै हो तापनि विभिन्न कवितामा कविका कथनका ढङ्ग वा पद्धतिमा केही पृथकता पनि पाउन सकिन्छ । कवितामा कवि आफैले 'म' का कोणबाट कथन गरेको छ भने त्यो प्रथम/उत्तम पुरुषात्मक कथन हो र यसलाई कवि प्रौढोक्ति भनिन्छ । कवितामा कविले तृतीय पुरुषात्मक कोणबाट पनि कथन गर्न सक्दछ त्यस्तो कथनलाई कविनिबद्धवक्तृप्रौढोक्ति भनिन्छ । कहिलेकाहीँ कवितामा द्वितीय पुरुषका कोणबाट गरिएको कथनको प्रयोग पनि हुन सक्दछ ।

**च) भाषा शैली :**

कवितामा व्यक्त गर्नुपर्ने मूल विषयवस्तु वा भाव विचारलाई व्यक्त गर्न सबैभन्दा उपयुक्त देखिने वर्ण, शब्द र शब्दावली, वाक्य र अनुच्छेद प्रयोगको चयन कौशल नै कविताको

भाषा शैली हो । त्यो भाषा शैली अभिधात्मक हुनुभन्दा लाक्षणिक र व्यञ्जनात्मक पनि हुनु ज्यादै राम्रो हो । त्यो भाषा शैली रागात्मक र सौन्दर्यपूर्ण हुनुपर्छ ।

**छ) बिम्बालङ्कार :**

कवितामा व्यक्त भाव विचारलाई प्रभावकारी बनाउनका निमित्त सम्बन्धित भाव विचारसँगसँगै छायाँ जस्तो भई आउने तत्त्व नै कविताका बिम्ब वा अलङ्कार हुन् । जीवनजगत्का विभिन्न स्रोतबाट टिपिएका बिम्ब वा उपमानको प्रयोग कवितामा गरिएको हुन्छ र तिनले कवितामा गहना वा  अलङ्कारको भूमिका खेली कविताको मूल भावलाई प्रभावकारी तुल्याउँछन् ।

## २.४. कविताका रूपहरू

आकार प्रकारका दृष्टिले कविताका निकै साना रूपदेखि निकै ठूला रूप पनि देखिएका छन् । कवितालाई क) लघुतम रूप ख) लघु रूप ग) मध्यम/मझौला रूप र घ) बृहत् रूप गरी चारओटा रूपमा अध्ययन गर्नु उपयुक्त हुन्छ ।

**क) लघुतम रूप :**

कविताको सबैभन्दा सानो रूप वा एकाइलाई लघुतम कविता भनिन्छ । मुख्यतः यसमा मुक्तक कविताका रूपमा प्रसिद्ध रहेको छ । सामान्यतः लोकपद्य, गीत, गजल, स्तुति, सुक्ति वा सेरका सङ्क्षिप्त रूप पनि कविताका लघुतम आयाम भित्र समेटिने कवितात्मक रूप हुन् ।

**ख) लघु रूप :**

मुक्तक कविता भन्दा अलि विस्तृत किसिमको कवितात्मक एकाइ लघु कविता हो । सामान्यतः फुटकर कवितालाई लघु रूप भनिन्छ । आकारगत दृष्टिले कविताले लघुरूप प्राप्त गर्न त्यसमा कम्तीमा दुई श्लोक हुनु आवश्यक हुन्छ । पद्यात्मक लय वा गद्यात्मक लय दुवै किसिमबाट प्रस्तुत गर्न सकिने कविताका लघुरूपहरूमा छोटो/सानो वा सूक्ष्म आख्यानको प्रयोग पनि हुन सक्दछ ।

**ग) मध्यम/मझौला रूप :**

खण्डकाव्य कविताको मध्यम वा मझौला रूप वा एकाइ हो । यसमा जीवनको एक देश, एक खण्ड, एक भाग वा एउटै पक्षको चित्रण गरिएको हुन्छ । यसमा कविले विशेषतः एउटै चित्र, एउटै प्रभाव र एउटै रसको अभिव्यक्ति गरी कविताको मझौला रूपको आकृति एवम् आयाम प्रदान गर्ने प्रयास गर्दछ ।

घ) बृहत्रूप :

कविताको यस रूपलाई महाकाव्य भनिन्छ । महाकाव्यमा कविले आख्यानको प्रयोग अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ । महाकाव्यमा जीवनको समग्र पक्षको बयान गरिएको हुन्छ । जीवनको समग्रलाई अभिव्यक्ति दिने क्रममा महाकाव्यमा सर्ग योजना वा सर्ग –विधान अनिवार्य हुन्छ । विभिन्न रसहरूको यथोचित प्रयोग महाकाव्यका लागि अनिवार्य देखिन्छ ।

## २.५. नेपाली कविताको विकासक्रम

### २.५.१. नेपाली कविताको पृष्ठभूमि र काल विभाजन :

कविता साहित्यको प्राचीन विधा हो । यो कलात्मक भाषिक अभिव्यक्ति भएकोले यसको भाषासँगै अनेक सम्बन्ध छ । कविताको विकास प्रक्रिया भाषिक विकाससँग जोडिएको हुनाले प्रथमतः नेपाली भाषाको उत्पत्तिसँग परिचित हुन सान्दर्भिक रहन्छ । नेपाली भाषाा भारोपेली भाषा परिवारको भारत इरानेली शाखाबाट संस्कृत अपभ्रंश हुँदै खस अपभ्रंशबाट विकसित भएको भाषा हो । यो समय ईसाको ५०० देखि १००० सम्मको समय हो । जतिबेला अपभ्रंशबाट भारतीय भाषा हिन्दी, बंगाली, भोजपुरी अवधी र नेपाली भाषाको उद्भव भएको हो । शुरुमा मौखिक परम्परामा विकसित यस भाषाले वि.सं. १०३८ को राजा दामुपालको दुल्लुस्थित अभिलेखबाट लेख्य रूप प्राप्त गरेको देखिन्छ (त्रिपाठी र अन्य २०४६: ९७) ।

भाषाको क्रमिक विकाससँगै कला र साहित्यको विकास भएको हो । भाषा विचार विनिमयको साधन बनेदेखि नै लोकस्तरमा साहित्यका प्रारूप देखिन थालेका छन् । मौखिक परम्पारमै लोकसाहत्यिका विभिन्न विधाहरूको विकास भएको हो । यसरी भाषा, मौखिक रूपमा सीमित थियो भने त्यसपछि शिलालेख र ताम्रलेख हुँदै वि.सं १४५७ तिर ग्रन्थलेख तर्फ उन्मुख भएको हो । वि.सं १४५७ मा अज्ञात लेखकको 'भास्वती', वि.सं. १५५० को 'राजा गगनीराजको यात्रा' र 'खण्डखाद्य', वि.सं १६४८ का अतिरिक्त विभिन्न व्यहारमूलक उपदेश र औषधी विज्ञानसँग सम्बन्धित ग्रन्थहरूका लेखनका साथै १८ औं शताब्दीसम्म पुगेको यो भाषाले १९ औं शताब्दीको प्रारम्भतिर वि.सं. १८२६ मा मात्र कवितात्मक रूप प्राप्त गरेको हो ।

आजसम्म प्राप्त भएका प्रमाणका आधारमा सुवानन्द दासको 'पृथ्वीनारायण' शीर्षकको कविता नै नेपाली परम्पराको प्रथम कविता मानिन्छ (श्रेष्ठ र शर्मा २०४६:२९) । यसरी साहित्यको मौखिक अभिव्यक्तिको जनश्रुतिमा विकसित नेपाली भाषा शिलालेख अभिलेखको भाषा प्राचीन वाङ्मय ग्रन्थको व्यावहारिक भाषाहरूको पृष्ठभूमि वा पूर्व पीठिकामा पृथ्वीनारायण

शाहको शासनकालदेखि नेपाली लेख्य साहित्यको प्रारम्भ हुन पुगेको छ । नेपाली कविताको विकासमा नेपाली जनजीवनमा प्रचलित लोकगीत, भजन र विभिन्न लोकसङ्गीतहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

वि.सं. १८२६ तिरबाट विकसित हुँदै आएको नेपाली कविताले आजसम्मको अवस्थामा धेरै घुम्ती र मोडहरू पार गरिसकेको छ । नेपाली साहित्यको कालविभाजनमा विभिन्न मत मतान्तर रहे जस्तै नेपाली कविताको काल विभाजनमा पनि विभिन्न मत मतान्तर रहेका छन् तथापि परम्परित रूपमा मान्यताप्राप्त विभाजनअनुसार तीन चरणमा राखेर अध्ययन गर्न सकिन्छ ।

२.५.१.१. प्राथमिक काल १८२६ देखि १९४० सम्म

२.५.१.२. माध्यमिक काल वि.सं. १९४१ देखि १९७४ सम्म

२.५.१.३ आधुनिक काल वि.सं. १९७५ देखि हालसम्म

यस शोध पत्रमा नेपाली कविताको आधुनिक कालका विषयमा मात्र चर्चा गरिएको छ ।

## २.५.१.१. नेपाली कविताको आधुनिक काल (वि.सं १९७५ देखि हालसम्म)

वि.सं. १९७४ सालमा सुक्तिसिन्धुको प्रकाशन पछि नेपाली कवितामा आधुनिक काल भित्रिएको मानिन्छ । व्याकरणको नियम अनुसार कविता लेख्नु, कविता लेखनमा भाषिक स्तरीयताको प्रयोग निम्त्याउनु र श्रृङ्गारिकधारा प्रतिबन्धित गरी कविता लेख्ने कविहरू लेखनाथ पौड्याल, चक्रपाणि र सोमनाथ आदि रहेका छन् । लेखनाथ पौड्यालले श्रृङ्गारिक धारालाई तोड्दै आधुनिककाल र परिष्कारवादको एकसाथ शुरुवात भएको मानिन्छ । आधुनिक कालका पनि निम्न लिखित उपधाराहरू रहेको पाइन्छ ।

क) परिष्कारवादी धारा (वि.सं. १९७५–१९९०)

ख) स्वच्छन्दतावादी प्रगतिवादी धारा (वि.सं. १९९१–२०१६)

ग) प्रयोगवादी धारा (वि.सं. २०१७–२०२९)

घ) समसामयिक धारा (वि.सं.२०३०– हालसम्म)

**क) परिष्कारवादी धारा (वि.सं. १९७५–१९९०)**

सुक्तिसिन्धुको प्रकाशनपछि देवकोटाको उदयसम्मको समयलाई आधुनिक नेपाली कविताको परिष्कारवादी धारा मानिन्छ । यस धाराका मान्यताअनुसार भाषिक व्याकरणिक परिष्कार सहित बौद्धिक र समाज सचेत अध्यात्म मानवतावादको चित्रण गर्दछ । यसकालका

प्रमुख स्रष्टा लेखनाथ पौड्याल हुन् । पौड्यालका 'सत्यकलि संवाद', 'ऋतुविचार', 'तरुण तपसी', 'लालित्य भाग १ र २', 'कवि शिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता' प्रकाशन भएका छन् । यसै समयमा सोमनाथ सिग्द्यालका 'उपदेश शतक', 'आदर्श राघव' चक्रपाणि चालिसेको 'चक्र कविता तरङ्गिणी, धरणीधर कोइरालाका 'नैवेद्य', 'स्पन्दन', महानन्द सापकोटाका 'मनलहरी', 'अपुतो', 'विशाल नेपाल', 'हाम्रो नेपाल', 'अन्न आशा आँसु' र 'आँटे' बालकृष्ण समका 'आगो र पानी', 'चिसो चुल्हो' माधवप्रसाद देवकोटाका 'हुस्सु पथिक', 'रुरु गौरव' र 'तरङ्ग' जस्ता रचनाहरू पाइएका छन् ।

यस धारामा श्रृङ्गारिकताको परित्याग गरी पूर्वीय शास्त्रीय मान्यताअनुसार बौद्धिकतापूर्ण र पाण्डित्यपूर्ण कविता लेख्न थालिएको पाइन्छ । भाषाशैली, शिल्प, लय, भावमा परिष्कार हुनु यस धाराका विशेषता हुन् ।

**ख) स्वच्छन्दतावादी, प्रगतिवादी धारा (वि.सं. १९९१–२०१६)**

शारदा पत्रिकाको प्रकाशसनसँगसँगै आधुनिक स्वच्छन्दतावादी धाराको शुरुवात भएको मानिन्छ । बङ्गाली स्वच्छन्दतावाद, हिन्दी छायाँवादका प्रभावमा नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराले प्रवेश पाएको हो । यस धारामा नेपाली समाज र प्रकृतिको चित्रण गर्ने क्रम बढ्यो भने परिष्कारवादी मान्यता विपरीत सामाजिक मूल्य मान्यता, प्रजातन्त्र, मानवता, कल्पना र भावुक मानसिकतालाई पनि कवितामा समेट्ने काम गरियो । यस धाराको सूत्रपात गर्ने लक्ष्मीप्रसाद देवकोटा हुन् भने उनको देहावसानको समयसम्म यस धारा कायम रह्यो तर यस चरणको उत्तरार्द्ध तिर स्वच्छन्दतावादसँगै प्रगतिवाद भित्रियो ।

यस धारा अन्तर्गत महाकवि लक्ष्मीप्रसाद देवकोटाका 'मुनामदन', 'शाकुन्तल', 'सुलोचना', 'भिखारी', 'पुतली छहरा', 'मनोरञ्जन', 'गाइनेगीत', 'महाराणा प्रताप', 'लुनी' जस्ता अनेकौ कृति पर्दछन् । यस धाराका अर्का सशक्त कवि सिद्धिचरण श्रेष्ठ हुन् । उनका 'उर्वशी', 'मेरो प्रतिबिम्ब', 'कोपिला', 'ज्यानमारा शैल', 'कुहिरो र घाम', 'तिरमिर तारा', 'बाँचिरहेको आवाज' आदि कृति प्रकाशित छन् । यस्तै यस धाराका अन्य स्रष्टाहरूमा युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भूपि शेरचन, हरिभक्त कटुवाल, कञ्चन पुडासैनी, म.वी.वी. शाह, अगमसिंह गिरी, पोषण पाण्डे, पारिजात, वासु शशी, कालीप्रसाद रिजाल आदि यस धाराका कविहरू रहेका छन् ।

स्वच्छन्दतावादी धाराका प्रकृतिका वस्तुपरक तथा आत्मपरक रूपमा विभिन्न आयामको चित्रण गर्ने प्रवृत्ति बढेको पाइन्छ । सामाजिक विसङ्गतिप्रति विद्रोह, क्रान्ति, व्यङ्ग्य, आक्रोश,

जागरण, मानवता प्रकट गर्नु स्वच्छन्दतावादका विशेषता हुन् । लोकसंस्कृति समाजको आदर्शवादी मूल्य, समानता, स्वतन्त्रता, आर्थिक, विसङ्गति, बिम्ब–प्रतीक र अलङ्कारको सशक्त प्रयोग तथा प्रयोगवादी व्यङ्ग्य चेतनालाई पनि यस धाराले स्वीकारेको छ ।

**ग) प्रयोगवादी धारा (वि.सं. २०१७–२०२९)**

वि.सं २०१७ सालमा 'रूपरेखा' पत्रिकामा प्रकाशित मोहन कोइरालाद्वारा रचित 'घाइते युग' कविताबाट प्रयोगवादी धाराको आरम्भ भएको पाइन्छ । यो धारा वि.सं. २०१७ देखि २०२९ साल सम्म रह्यो । यस धारामा पाश्चात्य चित्रकलाका अमूर्त प्रयोग र प्रतीकवादी अतियथार्थवादी विसङ्गतिवादी र अस्तित्ववादी अवचेतन लेखनबाट प्रभावित भएको देखिन्छ । यस धारासँगै डार्विनको विकासबैाद, फ्रायडको मनोविश्लेषण र अन्यको अवचेतन र स्वचालित लेखन जस्ता मान्यताले पनि प्रवेश पाउन थाले । सत्यको स्वतन्त्र प्रकटीकरणमा रोक लगाएपछि मनोवेगलाई परिवर्तनका रूपमा प्रकट गरी जनचेतना अभिवृद्धि गर्न कविहरूले प्रयोगवादलाई अँगालेको पाइन्छ । यस धाराका केन्द्रीय प्रतिभा मोहन कोइराला हुन् । उनका 'सूर्यदान लेक', 'पलङ् नं. १', 'मोहन कोइरालाका कविता', 'सारङ्गी बोकेको समुन्द्र', 'हिमचुली रक्तिम छ' , 'नदी किनारका माझी', 'ऋतु निमन्त्रण', 'गजपथ', 'नीलो मह' आदि कृति प्रकाशित भएका छन् । यसै धारा अन्तर्गत कलम चलाउने अन्य कवि र तिनका रचनाहरूमा मोहन हिंमाशु थापाको 'खुकुरीमाथि एक चोक्टा बादल', द्वारिका श्रेष्ठका 'शीतका थोपा', 'द्वारिका श्रेष्ठका कविता', कृष्णभक्त श्रेष्ठको 'कृष्णभक्त श्रेष्ठका कविता', उपेन्द्र श्रेष्ठका 'निम्तो', 'पञ्चायत', 'उपेन्द्र श्रेष्ठका कविता', ईश्वर वल्लभका 'आगाका फूलहरू हुन् आगाका फूलहरू होइनन्', 'एउटा शहरको किनारमा', 'समानान्तर', 'कस्मै देवाय', वैरागी काइँलाका 'वैरागी काइँलाका कविता' आदि महत्त्वपूर्ण छन् । यस धाराका अन्य कविहरूमा कुमार नेपाल, पुष्कर लोहनी, बानिरा गिरी, कुन्दन शर्मा, शैलेन्द्र साकार आदि रहेका छन् ।

यस धाराका कवितामा क्लिष्टता, दुर्बोध्यता, जटिलता, बौद्धिकता, चिन्तनशीलता, चेतना प्रवाह पद्धति, बिम्ब–प्रतीक र मिथकीय प्रयोग, विचलन युक्त भाषा शैलीको प्रयोग जीवनलाई सम्पूर्णताको कोणबाट हेर्ने जस्ता यस धाराका काव्यगत विशेषता रहेका छन् ।

**घ) समसामयिक धारा (वि.सं. २०३० देखि हालसम्म)**

आधुनिक नेपाली कविताको पछिल्लो चरण २०३० देखि हालसम्मको समयावधिलाई समसामयिक धारा भनिन्छ । प्रयोगवादी कविता जटिल भयो, दुर्बोध्य र दुरुह भयो यसर्थ कविता

बुझिने हुनुपर्छ भन्दै कविता आन्दोलनहरू भए । आफ्नो मनभित्रका विचार र अनुभूतिहरूलाई सहज र स्वभाविक ढङ्गबाट अभिव्यक्त गर्ने मान्यता यस धाराका कविहरूको रहेको छ । प्रयोगवादी कविता धाराको एक दशक बित्दानबित्दै राल्फा, अकविता, योङ्ग राइटर्स फ्रन्ट, बुटपालिस, अमलेख, अस्वीकृत जमात, तरलवाद, सडक कविता क्रान्ति, कोलाज आन्दोलन, जनआन्दोलन कविता आदि विविध साहित्यिक र कवितात्मक आन्दोलनहरूले नेपाली कवितालाई पाठकसामु पुऱ्याउने काम गरेको देखिन्छ ।

यस धारामा लघुपत्रिका र हवाइपत्रको माध्यमबाट सहयोग पुऱ्याउने काम गरेको छ । समसामयिक युगीन मान्यता सामाजिक मूल्य आदिलाई कवितामा स्थापित गर्दै अशिक्षा, गरिबी, पछौटेपनलाई कवितामा चित्रण गर्न थालियो । देशका सामाजिक, आर्थिक, राजनैतिक, पक्ष प्रति व्यङ्ग्य विद्रोह र यथार्थ एवम् प्रगति जस्ता पक्षप्रति कविता केन्द्रित हुन पुग्यो । साथै प्राकृतिक र ग्रामीण परिवेशप्रति भन्दा शहरीया अस्तव्यस्त परिवेशप्रति चित्रण गर्ने रुचि राख्नु तथा अतियथार्थवाद र अस्तित्त्ववाद प्रति नरम निष्ठा देखाउनु यस धाराका कविहरूको विशेषता हो ।

आधुनिक नेपाली कविताको आधुनिक कालको चौथो चरणमा विकसित यस धाराका प्रवर्तक को हुन् भनेर स्पष्ट गर्न नसकिए पनि यस धारालाई अग्रगति दिने मुख्य प्रतिभाका रूपमा हरिभक्त कटुवाल (१९८२–२०३६) लाई लिन सकिन्छ । समसामयिक धारामा कलम चलाउने यी प्रतिभाले लघुपत्रिका र मुक्तक कविताका समस्याहरूलाई उतार्ने काम गरेका छन् । यही परम्परालाई निरन्तरता दिने अन्य कविहरूमा अशेष मल्ल, शिव अधिकारी, कृष्ण धारावासी, विश्वमोहन श्रेष्ठ, नवराज कार्की, भीष्म उप्रेती, बासुदेव त्रिपाठी, फणिन्द्र नेपाल, तीर्थ ब. श्रेष्ठ, विमल निभा, सन्ध्या पहाडी, वीरेन्द्र सुब्बा, मञ्जु काँचुली, भीष्म उप्रेती, तोया गुरुङ, मनु ब्राजाकी, पारिजात, ईश्वर वल्लभ, आनन्ददेव भट्ट, लगायतका थुप्रै प्रतिभाहरूले यस धारामा काव्य सिर्जना गरी महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

समग्र कविताकै इतिहासमा सर्बाधिक स्रष्टाहरू जन्माएको यस धाराले एकातिर नेपाली कविताको उदयदेखिका विभिन्न धारा र मोडहरूलाई आफैमा समाप्ति गरेको छ भने अर्कोतिर युगीन चाहना, सामाजिक यथार्थ र प्रगतिको चेतनालाई समेत मुखरित गरेको छ । यस अवधिमा समसामयिक धाराको एउटै मूल प्रवाहभित्रै धेरै धाराहरू प्रवाहित भइरहेका छन् । बेग्लाबेग्लै मान्यता र चिन्तनका साथ चलाइएका साहित्यिक अभियान तथा आन्दोलनले यस धारालाई थप उर्जा दिएको आभास हुन्छ । कविता विधामा अत्याधुनिकता र नवीनताको खोजीसँगै तार्किकता, बौद्धिकता, विद्रोहात्मकता, भाव, विषय र शैलीगत विविधता, समग्र अर्थ,

गद्यात्मकताको बहुलता, बिम्ब–प्रतीकको प्रयोग अधिक हुनु समसामयिक धाराका विशेषता हुन् ।

**निष्कर्ष**

नेपाली साहित्यको कविता विधाको आधुनिक कालको शुरुवात 'सुन्दरी' र 'माधवी' पत्रिकाको प्रकाशन पश्चात् भएको मानिन्छ । चक्रपाणि चालिसे र लेखनाथ पौड्यालले जब नवीन शैली लिएर काव्यको फाँटमा देखा परे तत्पश्चात् नै नेपाली कविताले आधुनिकताको थालनी भएको मानिन्छ । यस कालमा पनि चरण र धाराहरू देखा पर्न थाले । परिष्कारवादी धारा (१९७५–१९९०), स्वच्छन्दतावादी धारा (१९९१–२०१६), प्रयोगवादी धारा (२०१७–२०२९), समसामयिक धारा (२०३०– हालसम्म) आधुनिकालका मुख्य धाराहरू रहेका छन् । परिष्कारवादी धाराका केन्द्रीय प्रतिभा लेखनाथ पौड्याल हुन् भने यस धाराका अन्य कविहरूमा सोमनाथ सिग्द्याल, बालकृष्ण सम, महानन्द सापकोटा, धरणीधर कोइराला, चक्रपाणि चालिसे आदि रहेका छन् । त्यस्तै स्वच्छन्दतावादी धाराका केन्द्रीय प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवाकोटा हुन् भने यस धाराका अन्य कविहरूमा सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, केदारमान व्यथित, हरिभक्त कटुवाल, भूपि शेरचन आदि रहेका छन् । स्वच्छन्दतावादी प्रगतिवादी धारा पछि प्रयोगवादी धारा देखापर्छ । यस धाराका अन्य प्रतिभाहरूमा कृष्णभक्त श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, मदन रेग्मी, ईश्वर वल्लभ, वैरागी काइँला आदि छन् । प्रयोगवादी धारा पछि समसामयिक धारा देखा परेको पाइन्छ । यस धारामा पनि विभिन्न आन्दोलनहरू हुँदै गरेको पाइन्छ । योङ राइटर्स फ्रन्ट, सडक कविता क्रान्ति, तरलवाद, कोलाज आन्दोलन, जनआन्दोलन, जस्ता साहित्यिक आन्दोलन भए । यस धाराका कविहरूमा हरिभक्त कटुवाल, दिनेश अधिकारी, अशेष मल्ल, बासुदेव त्रिपाठी, पारिजात, ईश्वर वल्लभ, आनन्ददेव भट्ट जस्ता थुप्रै कविहरूले यस धारालाई पछ्याउँदै हिँडेको पाइन्छ ।

# तेस्रो परिच्छेद

## ३. 'सगुन' पत्रिकामा प्रकाशित कविताहरूको अध्ययन

### ३.१. 'सगुन' पत्रिकाको सङ्क्षिप्त परिचय

नेपाली भाषा, कला र संस्कृतिको संरक्षण, सम्बद्र्धन र प्रवर्धन गर्ने एवम् मोफसलमा रहेका साहित्य स्रष्टा र नवोदित स्रष्टाहरूको साहित्यिक रचनाहरूको प्रकाशन गर्ने तथा ती रचनाहरूले नेपाली भाषा साहित्यको विकासमा पु¥याएको योगदानको चर्चा गर्ने मूल उद्देश्य राखेर पर्वत जिल्लामा रहेको गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालयद्वारा प्रकाशन गर्न थालेको यस 'सगुन' साहित्यिक त्रैमासिक जिल्ला प्रशासन कार्यालय पर्वतमा (द.नं. २२।१७०६६।०६७) त्रैमासिक रूपमा दर्ता भएपश्चात् नियमित रूपमा त्रैमासिक अङ्कहरू प्रकाशन गर्दै आएको छ । नेपाली भाषा, साहित्य कला र संस्कृति प्रति अभिरुचि राख्ने महानुभावहरूमा लेख रचनाहरू प्रकाशित गर्ने लक्ष्य लिई प्रधान सम्पादक राजेन्द्र पहाडी तथा सम्पादक शान्ति नारायण श्रेष्ठ र गुप्तेश्वर बहुउद्श्यीय पुस्तकालयको प्रकाशनमा सगुन समसामयिक साहित्यिक त्रैमासिक २०६७ (वैशाख, जेठ, असार) त्रैमासिक अङ्क १ देखि २०७० चैत्र सम्म जम्मा १६ अङ्क प्रकाशित भइसकेका छन् । यी विभिन्न अङ्कहरूमा विभिन्न रचनाकारका रचनाहरू निरन्तर रूपमा प्रकाशित भइरहेका छन् । यी मध्ये यस शोधकार्यमा 'सगुन' साहित्यिक त्रैमासिक अङ्क १ देखि ६ सम्मका अङ्कहरूमा प्रकाशित कविताहरूको कविता तत्त्व (शीर्षक, विषयवस्तु, भाषा शैली/संरचना, भाव) का आधारमा अध्ययन विश्लेषण गरिएको छ । यसमा समावेश भएका गजल, हाइकु, ताङ्का, मुक्तकहरूको अध्ययन विश्लेषण गरिएको छैन ।

#### ३.१.१. सगुन साहित्यिक त्रैमासिक अङ्क १ देखि ६ सम्मका प्रकाशित कविताहरूको विवरण

| क्र.स. | वर्ष | त्रैमासिक अङ्क | पूर्णाङ्क | प्रकाशित मिति | कविता संख्या |
|---|---|---|---|---|---|
| १ | १३ | १ | १२ | २०६७, वैशाख, जेठ, असार | १५ |
| २ | १३ | २ | १३ | २०६७, साउन, भदौ, असोज | १८ |
| ३ | १३ | ३ | १४ | २०६७, कार्तिक, मङ्सिर, पुस | १२ |
| ४ | १४ | ४ | १५ | २०६७, माघ, फागुन, चैत | कविता समावेश नभएको |
| ५ | १४ | ५ | १६ | २०६८, वैशाख, जेठ, असार | १५ |
| ६ | १४ | ६ | १७ | २०६८, साउन, भदौ, असोज | २१ |
| जम्मा | | | | | ८१ |

**३.१.२ 'सगुन' साहित्यिक त्रैमासिक पत्रिकामा प्रकाशित भएका कविताहरूको विवरण निम्नानुसार रहेको छ ।**

| मिति | वर्ष | त्रैमासिक अङ्क | कविता शीर्षक | रचनाकार | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| २०६७ वैशाख, जेष्ठ, असार पूर्णाङ्क १२ | १३ | १ | नोट अफ डिसेन्ट | गणेश कुमार | १ |
| | | १ | मुकाविला मेरो मृत्युसँग | ध्रुवलाल शर्मा | ११ |
| | | १ | फूल | चिन्तु गिरी | १४ |
| | | १ | केही छोटा कविताहरू | मुरारी पराजुली | २० |
| | | १ | शुभकामना नयाँ वर्षलाई | भरत विवश पौडेल | ४३ |
| | | १ | क्रम | वैभवदीय श्रेष्ठ | ४४ |
| | | १ | ए कान्छा बा ? | राजन लामिछाने | ४४ |
| | | १ | सत् विचार | हरिप्रसाद पौड्याल | ४७ |
| | | १ | मृत्यु अघि | तीर्थ श्रेष्ठ | ४९ |
| | | १ | यौटा साथीको आदि सम्झना | आर.के. अदिप्त गिरि | ५२-५३ |
| | | १ | आयो जमाना नयाँ | रामेश्वर राउत मातृदास | ५७ |
| | | १ | आवाज | शंकर गिरी | ५९ |
| | | १ | भ्यागुताको गीत | रुपिन्द्र कटु प्रभावी | ६० |
| | | १ | यो कस्तो ? | कृष्णादेवी शर्मा (श्रेष्ठ) | ६१ |
| | | १ | दिदीसँग | विश्वप्रेम अधिकारी | ६३ |
| २०६७ साउन, भदौ, असोज पूर्णाङ्क १३ | १३ | २ | पर्खाल | आस्था कोपिला राई | ८ |
| | | २ | भानुभक्त | कृष्णादेवी शर्मा(श्रेष्ठ) | ९ |
| | | २ | चुट्कीला पर्व | गणेश कुमार | १४ |
| | | २ | स्वदेशको झझल्को | धनबहादुर गहतराज 'अविरल' | २० |
| | | २ | रक्तरेखाहरू | ध्रुवलाल शर्मा | २२-२३ |
| | | २ | पीडाचक्र | नारायणप्रसाद पौडेल | २४ |
| | | २ | देवकोटाको सम्झना | लक्ष्मीप्रसाद शर्मा पौडेल | २५ |
| | | २ | हाम्रो काका | प्रभात श्रेष्ठ | २८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २ | आमा | वैभवदीप श्रेष्ठ | २९ |
| | | २ | जागिरको समीकरण | भरत विवश पौडेल | ३० |
| | | २ | हराएको मेरो देश | युवराज जुनुन् | ४१ |
| | | २ | पीडा, जीवन र शान्ति | राजेन्द्र पहाडी | ४२ |
| | | २ | महाकाली बनेर उठ | राधा पाण्डे | ४३ |
| | | २ | दशैंले फर्काएको आँसु | शीला जि.सी. | ४७ |
| | | २ | नयाँ संसार | सुजित मुन्दुल ( अनुवादक आरे.के. अदिप्त गिरि | ५२ |
| | | २ | कमरेड किताब खोजिरहनु भएको छ ? | संगीत श्रोता | ५३-५७ |
| | | २ | श्रद्धा सुमन | हरिनारायण उपाध्याय | ५८ |
| | | २ | आगो र आँशु | हिराधन राई | ५९ |
| २०६७ कार्तिक, मङ्सिर, पुस पूर्णाङ्क १४ | १३ | ३ | कसरी हुन्छ सम्बन्ध राम्रो ? | इन्द्रेणी शर्मा | १ |
| | | ३ | भावना | स्व. कल्पना न्यौपाने | ९ |
| | | ३ | जन्मभूमि | टंकप्रसाद सुवेदी | १६ |
| | | ३ | तीन कविता | डी.वी. पुन | १७ |
| | | ३ | ब्रह्मा, विष्णु, महेश | दीपक ज्ञवाली | १८ |
| | | ३ | देश अब दुख्न सक्दैन | ध्रुवलाल शर्मा | १९ |
| | | ३ | माटो | मोदनाथ शास्त्री | २२ |
| | | ३ | आव्हान | राजेन्द्र पहाडी | २४ |
| | | ३ | थरिथरिका बाँदर | लेखनाथ काफ्ले | २६-२७ |
| | | ३ | साहित्यमा शान्तिनारायण | शोभाकान्त गौडेल | २८-२९ |
| | | ३ | फेरिएको रङ्ग | शंकर गिरी | ३३ |
| | | ३ | कर्मवीर | त्रिलोक नारायण'संसार' | ४३-४४ |
| २०६७ | १४ | ४ | यस अंकमा कुनै पनि | | |

| | | | | | |
|---|---|---|---|---|---|
| माघ, फागुन, चैत पूर्णाङ्क १५ | | | कविता समावेश नभएको | | |
| २०६८ वैशाख, जेष्ठ, असार पूर्णाङ्क १६ | १४ | ५ | मोनालिसा तिमीलाई | अजय मिलन श्रेष्ठ | ५ |
| | | ५ | शहिदको इच्छा | इन्द्रराज पौडेल | १० |
| | | ५ | अखवारिया | ओमप्रसाद घायल | ११-१२ |
| | | ५ | शीर्षक उल्लेख नभएको | गीता कार्की | २७ |
| | | ५ | भानु | गोविन्दप्रसाद भुषाल | २९ |
| | | ५ | शीर्षक उल्लेख नभएको | टुकनाथ तिवारी | ३० |
| | | ५ | बटौली | देवेन्द्रराज शाक्य | ३३ |
| | | ५ | महायज्ञ | धनबहादुर गहतराज 'अविरल' | ३४ |
| | | ४ | स्रष्टाको सङ्कल्प | डा. बमबहादुर थापा जिताली | ३६ |
| | | ५ | प्रत्यारोपण | वैभवदीप श्रेष्ठ | ४५ |
| | | ५ | बादल ओढेका बस्ती | भरत विवश पौडेल | ४७ |
| | | ५ | शिखरिणी छन्द | मोदनाथ शास्त्री | ४९ |
| | | ५ | कठै ! बिचरा बजेट | रामकृष्ण पौडेल | ५१-५२ |
| | | ५ | माटोको माया | रुद्रबहादुर क्षत्री | ५४ |
| | | ५ | आयोडिनयुक्त नून | सुशील गिरी | ६३ |
| २०६८ श्रावण, भाद्र, आश्विन पूर्णाङ्क | १४ | ६ | काली मोदी सलल | एकनारायण चालिसे | ८ |
| | | ६ | आमा तिम्रो बोलीमा | कृष्णराज सर्वहारी | १२ |
| | | ६ | 'जब लुटिन्छन् आफ्नै झण्डा र गीतहरू | गणेशकुमार जि.सी. | १९ |
| | | ६ | शान्ति | गोविन्दप्रसाद भुषाल | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | | ६ | युगबिम्ब | जगन्नाथ पौडेल नूतन | २६ |
| | | ६ | शीर्षक उल्लेख नभएको | टंकप्रसाद सुवेदी | २७ |
| | | ६ | बेहोश | दीपक ज्ञवाली | २९ |
| | | ६ | विपरीत ध्रुव | ध्रुवलाल शर्मा | ३२ |
| | | ६ | शीर्षक उल्लेख नभएको | नवराज रिदम | ३३ |
| | | ६ | मेरो थापाठाना | नारायणप्रसाद शर्मा | ३४–३५ |
| | | ६ | विद्रोह र गणतन्त्र | प्रशान्त लामिछाने | ३६ |
| | | ६ | अनुरोध | फूलमाया मगर | ३७–३८ |
| | | ६ | नयाँ वर्ष र यक्ष प्रश्नहरू | भरत विवश पौडेल | ४१ |
| | | ६ | शिविर | राजेन्द्र पहाडी | ४२ |
| | | ६ | शान्ति चारधाम निस्कँदा | राजेश शर्मा पौडेल | ४३ |
| | | ६ | मान्छे मान्छे नै हो | रामचन्द्र गिरी | ४६ |
| | | ६ | बुझ्न सकिन | संगीतप्रेमी रुद्र पौडेल | ५५ |
| | | ६ | नीरमाया सहर लागेपछि | आर.के. अदिप्त गिरि | ५६ |
| | | ६ | भ्रमको सत्ता | विजय सागर | ५७ |
| | | ६ | सुम्निमा तिमी | वैभवदीप श्रेष्ठ | ५८ |
| | | ६ | मेरो देश | शर्मिला श्रेष्ठ | ६० |

यस शोधपत्रमा 'सगुन' साहित्यिक त्रैमासिक पत्रिकामा अङ्क १ देखि ६ सम्म भएका कविताहरूको अध्ययन गर्ने क्रममा केही कविताहरू अति छोटा, शर्षिक उल्लेख नभएकाले विश्लेषण गर्न नमिल्ने एवम् योग्य देखिएन । त्यसैले निम्न अनुसारका कविहरूका कविताहरूको यस शोधपत्रमा अध्ययन विश्लेषण गरिएको छैन ।

| **क्र.स.** | **कविता शीर्षक** | **रचनाकार** | **वर्ष** | **अङ्क** | **पृष्ठ** |
|---|---|---|---|---|---|
| १ | केही छोटा कविताहरू | मुरारी पराजुली | १३ | १ | २० |
| २ | श्रद्धासुमन | हरिनारायण उपाध्याय | १३ | २ | ५८ |
| ३ | भावना | स्व. कल्पना न्यौपाने | १३ | ३ | ९ |
| ४ | जन्मभूमि | टंकप्रसाद सुवेदी | १३ | ३ | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | तीन कविता | डी.वी. पुन | १३ | ३ | १७ |
| ६ | शीर्षक उल्लेख नभएको | गीता कार्की | १४ | ५ | २७ |
| ७ | शीर्षक उल्लेख नभएको | टुकनाथ तिवारी | १४ | ५ | ३० |
| ८ | प्रत्यारोपण | वैभवदीप श्रेष्ठ | १४ | ५ | ४५ |
| ९ | काली मोदी सलल | एकनारायण चालिसे | १४ | ६ | ८ |
| १० | शीर्षक उल्लेख नभएको | टंकप्रसाद सुवेदी | १४ | ६ | २७ |
| ११ | शीर्षक उल्लेख नभएको | नवराज रिदम | १४ | ६ | ३३ |
| १२ | बुझ्न सकिनँ | संगीत प्रेमी रुद्र पौडेल | १४ | ६ | ५५ |

'सगुन' साहित्यिक त्रैमासिक अङ्क १ देखि ६ सम्मका कविताहरूको अध्ययन गर्ने क्रममा जम्मा ८१ ओटा कविताहरू रहेका छन् । जसमा १२ ओटा कविताहरूको अध्ययन विश्लेषण गर्न योग्य नदेखिएकोले ती कविताहरूको विश्लेषण गरिएको छैन बाँकी ६९ ओटा कविताहरूलाई अध्ययन विश्लेषण गरिएको छ । यी कविताहरूको अध्ययन गर्ने क्रममा विषयवस्तुको आधारमा निम्न अनुसार छुट्टाछुट्टै तरिकाले वर्गीकरण गरिएको छ ।

## समसामयिक विषयवस्तुमा आधारित कविताहरू

| क्र.स. | कविता शीर्षक | रचनाकार | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | नोट अफ डिसेन्ट | गणेश कुमार जि.सी. | १३ | १ | १ |
| २ | चुट्किला पर्व | गणेश कुमार जि.सी. | १३ | २ | १४ |
| ३ | फूल | चिन्तु गिरी | १३ | १ | १४ |
| ४ | शुभकामना नयाँ वर्षलाई | भरत विवश पौडेल | १३ | १ | ४३ |
| ५ | ए कान्छा बा ? | राजन लामिछाने | १३ | १ | ४४ |
| ६ | आयो जमाना नयाँ | रामेश्वर राउत मातृदास | १३ | १ | ५७ |
| ७ | भ्यागुताको गीत | रूपेन्द्र कटु प्रभावी | १३ | १ | ६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | यो कस्तो | कृष्णादेवी शर्मा (श्रेष्ठ) | १३ | १ | ६१ |
| ९ | पीडाचक्र | नारायण प्रसाद पौडेल | १३ | २ | २४ |
| १० | हाम्रो काका | प्रभात श्रेष्ठ | १३ | २ | २८ |
| ११ | हराएको मेरो देश | युवराज जुनुन | १३ | २ | ४१ |
| १२ | पीडा जीवन र शान्ति | राजेन्द्र पहाडी | १३ | २ | ४२ |
| १३ | आव्हान | राजेन्द्र पहाडी | १३ | ३ | २४ |
| १४ | महाकाली बनेर उठ | राधा पाण्डे | १३ | २ | ४३ |
| १५ | दशैंले फर्काएको आँसु | शीला जि.सी. | १३ | २ | ४७ |
| १६ | नयाँ संसार | सुजित मुन्दुल (अनुवादक आर.के. अदिप्त गिरि) | १३ | २ | ५२ |
| १७ | कमरेड किताब खोजिरहनु भएको छ | संगीत श्रोता | १३ | २ | ५३–५७ |
| १८ | आगो र आँशु | हिराधन राई | १३ | २ | ५९ |
| १९ | ब्रह्मा, विष्णु, महेश | दीपक ज्ञवाली | १३ | ३ | १८ |
| २० | देश अब दुख्न सक्दैन | ध्रुवलाल शर्मा | १३ | ३ | १९ |
| २१ | फेरिएको रङ्ग | शंकर गिरी | १३ | ३ | ३३ |
| २२ | अखवारिया | ओमप्रसाद घायल | १४ | ५ | ११–१२ |
| २३ | महायज्ञ | धनबहादुर गहतराज अविरल | १४ | ५ | ३४ |
| २४ | शिखरिणी छन्द | मोदनाथ शास्त्री | १४ | ५ | ४९ |

## देशप्रेम सम्बन्धी कविताहरू

| क्र.स. | कविता शीर्षक | रचनाकार | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | स्वदेशको झझल्को | धनबहादुर गहतराज अविरल | १३ | २ | २० |
| २ | आमा | वैभवदीप श्रेष्ठ | १३ | २ | २९ |
| ३ | जागिरको समीकरण | भरत विवश पौडेल | १३ | २ | ३० |
| ४ | कर्मवीर | त्रिलोकनारायण संसार | १३ | ३ | ४३–४४ |
| ५ | शहिदको इच्छा | इन्द्रराज पौडेल | १४ | ५ | १० |
| ६ | बटौली | देवेन्द्रराज शाक्य | १४ | ५ | ३३ |
| ७ | स्रष्टाको सङ्कल्प | डा. बमबहादुर थापा | १४ | ५ | ३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | मेरो थापाठाना | नारायणप्रसाद शर्मा | १४ | ६ | ३४–३५ |
| ९ | शिविर | राजेन्द्र पहाडी | १४ | ६ | ४२ |
| १० | शान्ति चार धाम निस्कँदा | राजेश शर्मा पौडेल | १४ | ६ | ४३ |
| ११ | मेरो देश | शर्मिला शर्मा | १४ | ६ | ६० |

## प्रेम सम्बन्धी कविताहरू

| क.स. | कविता शीर्षक | रचनाकार | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | मृत्यु अघि | तीर्थ श्रेष्ठ | १३ | १ | ४९ |
| २ | यौटा साथीको आदि सम्झना | आर.के. अदिप्त गिरि | १३ | १ | ५२–५३ |
| ३ | नीरमाया शहर लागेपछि | आर.के. अदिप्त गिरि | १४ | ६ | ५६ |
| ४ | आवाज | शंकर गिरी | १३ | १ | ५९ |
| ५ | कसरी हुन्छ राम्रो ? | इन्द्रेणी शर्मा | १३ | ३ | १ |
| ६ | मोनालिसा तिमीलाई | अजय मिलन श्रेष्ठ | १४ | ५ | ५ |
| ७ | सुम्निता तिमी | वैभवदीप श्रेष्ठ | १४ | ६ | ५८ |

## सामाजिक विषयवस्तुमा आधारित कविताहरू

| क.स. | कविता शीर्षक | रचनाकार | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | पर्खाल | आस्था कोपिला राई | १३ | २ | ८ |
| २ | बादल ओढेका बस्ती | भरत विवश पौडेल | १४ | ५ | ४७ |
| ३ | युगबिम्ब | जगन्नाथ पौडेल ‘नूतन’ | १४ | ६ | २६ |
| ४ | बेहोश | दीपक ज्ञवाली | १४ | ६ | २९ |
| ५ | अनुरोध | फूलमाया मगर | १४ | ६ | ३७–३८ |
| ६ | भ्रमको सत्ता | विजय सागर | १४ | ६ | ५७ |

## सांस्कृतिक एवम् धार्मिक विषयवस्तुमा आधारित कविताहरू

| क.स. | कविता शीर्षक | रचनाकार | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सत् विचार | हरिप्रसाद पौड्याल | १३ | १ | ४७ |
| २ | दिदीसँग | विश्वप्रेम अधिकारी | १३ | १ | ६३ |
| ३ | रक्त रेखाहरू | ध्रुवलाल शर्मा | १३ | २ | २२–२३ |
| ४ | विपरीत ध्रुव | ध्रुवलाल शर्मा | १४ | ६ | ३२ |
| ५ | आमा तिम्रो बोलीमा | कृष्णराज सर्वाहारी | १४ | ६ | १२ |
| ६ | नयाँ वर्ष र यक्ष प्रश्नहरू | भरत विवश पौडेल | १४ | ६ | ४१ |

## अन्य/विविध विषयवस्तुमा आधारित कविताहरू

| क्र.स. | कविता शीर्षक | रचनाकार | वर्ष | अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | मुकाबिला मेरो मृत्युसँग | ध्रुवलाल शर्मा | १३ | १ | ११ |
| २ | क्रम | वैभवदीप श्रेष्ठ | १३ | १ | ४४ |
| ३ | भानुभक्त | कृष्णादेवी शर्मा (श्रेष्ठ) | १३ | २ | ९ |
| ४ | देवकोटाको सम्झना | लक्ष्मीप्रसाद शर्मा | १३ | २ | २५ |
| ५ | माटो | मोदनाथ शास्त्री | १३ | ३ | २२ |
| ६ | थरिथरिका बाँदर | लेखनाथ काफ्ले | १३ | ३ | २६–२७ |
| ७ | साहित्यमा शान्तिनारायण | शोभाकान्त गौडेल | १३ | ३ | २८–२९ |
| ८ | भानु | गोविन्दप्रसाद भुषाल | १४ | ५ | २९ |
| ९ | शान्ति | गोविन्दप्रसाद भुषाल | १४ | ६ | २३ |
| १० | कठै ! बिचरा बजेट | रामकृष्ण पौडेल | १४ | ५ | ५१–५२ |
| ११ | माटोको माया | रुद्रबहादुर क्षत्री | १४ | ५ | ५४ |
| १२ | आयाडीनयुक्त नून | सुशील गिरी | १४ | ५ | ६३ |
| १३ | जब लुटिन्छन् आफ्नै झण्डा र गीतहरू | गणेशकुमार जि.सी. | १४ | ६ | १९ |
| १४ | विद्रोह र गणतन्त्र | प्रशान्त लामिछाने | १४ | ६ | ३६ |
| १५ | मान्छे मान्छै नै हो | रामचन्द्र गिरी | १४ | ६ | ४६ |

## ३.२.समसामयिक विषयवस्तुमा आधारित कविताहरू

वर्तमान देशको अवस्थासँग मेल खाने गरी लेखिएका कविताहरू यसमा समावेश गरिएको छ । समय सापेक्ष देशमा हुने गतिविधिहरूको विषयलाई टपक्क टिपेर कविता लेख्नु यसका विशेषता हुन् । देशमा भएका विकृति तथा विसङ्गतिहरूको विरोध गर्दै कविता रचना गरेको पाइन्छ । सगुन पत्रिकामा प्रकाशित समसामयिक विषयवस्तुका कविताहरूलाई निम्न अनुसार अध्ययन विश्लेषण गरिएको छ :

### ३.२.१. 'नोट अफ डिसेन्ट' कविताको विश्लेषण

**अ) शीर्षक :**

सगुन वर्ष १३, त्रैमासिक अङ्क १ मा सङ्कलित 'नोट अफ डिसेन्ट'कविता कवि गणेशकुमारद्वारा लेखिएको हो । यस कवितामा अहिलेका सन्ततिलाई अगुवा नेताहरूले नारा जुलुस र आन्दोलन गर्न सिकाइरहेको र आफ्नो स्वार्थ पूर्ति गरिसकेपछि ती सन्ततिहरूको वास्ता नगर्ने र कुनै निष्कर्षमा पुऱ्याउन नसकेको प्रसङ्गले यसको शीर्षक सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

प्रस्तुत कविता समसामयिक विषयवस्तुसँग सम्बन्धित छ । नेपाली जनताले भोग्नु परेको नियति र अगुवा नेताहरूले आफ्नो स्वार्थ पूर्ति गर्न जनताहरूलाई उक्साएर सडकमा ओराल्ने र पछि तिनै जनताको वास्ता नगर्ने गरेको विषयवस्तुलाई यस कवितामा अंगालिएको छ र देशलाई ढुङ्गे युगमा फर्काउन खोज्नेहरूलाई औंला ठड्याउने काम समेत भएकाले यस कविताको विषयवस्तु समसामयिक रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यस कविता गद्य लयमा लेखिएको छ । भाषा सरल र सहज रहेको छ । ६ ओटा अनुच्छेदमा यसलाई विभाजन गरिएको छ ।

**ई) भाव :**

नेपालको समसामयिक विषयवस्तुलाई लिई लेखिएको यस कविताले नेपाली जनतालाई अगुवा नेताहरूले उक्साएर सडक आन्दोलनमा होमिएको र त्यसको परिणाम नेपाली जनताले प्राप्त गर्न नसकेको र नेताहरूले आफ्नो स्वार्थ पूरा गर्न तर्फ अगाढि बढेको र पछि जनताहरूको मागलाई बेवास्ता गरी राज्यलाई यथास्थितिमा राख्न खोजेको भाव कवितामा व्यक्त गरिएको छ ।

## ३.२.२. 'चुट्कीला पर्व' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'चुट्कीला पर्व' कविता गणेशकुमारद्वारा लेखिएको हो । अहङ्कारी रावणहरूले समयको जाँतोलाई उल्टो रिगाएको सत्यको पक्षमा लाग्ने राम जस्ता व्यक्तिहरू अन्याय रूपी जाँतोमा पिसिएकोले चुट्किला जस्तै हाँस्यास्पद हुन गएकोले यो कविताको शीर्षक सार्थक छ ।

**आ) विषयवस्तु :**

यो कविता समसामयिक विषयबस्तुमा आधारित छ । अहङ्कारी रावणहरूले समयको जाँतो उल्टो रिगाइरहेको राम जस्ता व्यक्तिहरू अन्यायको जाँतोमा पिसिएको कुरा उल्लेख भएको र धूर्त मानिसहरू जो सधैं आफ्नो स्वार्थको पक्षमा लागि परेका हुन्छन् त्यस्ता मानिसहरू तिनै रावणहरूको पक्षमा लागेर आफ्ना स्वार्थ पूरा गर्न लागिरहेका छन् । जो सत्यको पक्षमा लाग्ने गर्दछन्, इमान्दार छन् त्यस्ता सोझासिधा जनताहरू माथि हालिमुहालि गर्दै नेपालमा रहेका विभिन्न पार्टीका नेताहरूले आफ्नो दलीय स्वार्थका निम्ति लड्दै सर्बैसाधारण जनताको चाहाना र भावनाको बेवास्ता गरेको कारणले यस कविताको विषयवस्तु समसामयिक रहेको छ ।

**इ) भाषा शैली/संरचना :** यो गद्य कविता हो । दुई अनुच्छेदमा विभक्त गरी व्यङ्ग्यात्मक शैलीमा लेखिएको छ । सरल र सरस भाषिक शब्दहरूको प्रयोग गरिएको छ ।

**ई) भाव :**

समसामयिक विषयवस्तुलाई आधार बनाई लेखिएको यस कवितामा व्यङ्ग्य प्रहार गर्ने काम भएको छ । रावणरूपी नेपालका विभिन्न पार्टीका नेताहरूले नेपाली जनताको मर्म र भावना अनुरूप काम नगरी आफ्नो दलीय स्वार्थमा लागेर नेपालको सङ्क्रमणकालीन समयावधि बढाउँदै आफ्नो स्वार्थपूर्ति गर्ने काम गरिरहेका छन् भने तिनीहरूकै पक्षमा लागेर अवसरवादीहरूले फाइदा लिइरहेको प्रमुख भाव यस कविताको रहेको छ ।

## ३.२.३. 'फूल' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क १ मा समावेश भएको 'फूल' कविता चिन्तु गिरीद्वारा लेखिएको कविता हो । यस कवितामा कविले कसैले नछरिकन आफैं उम्रेको फूलले कठिन

मौसममा समेत फूल्ने गरेको सो फूलले सबैलाई सुख शान्ति एवम् हाँसो छर्दै गरेको प्रसङ्गले प्रस्तुत कविताको शीर्षक सार्थक बनेको छ ।

**आ) विषयवस्तु :**

चिन्तु गिरी द्वारा लेखिएको यस कविताको विषयवस्तु देशको कुना काप्चामा रहेका नेपाली प्रतिभावान् व्यक्ति आफ्नै सङ्घर्षले अगाडि बढ्न खोजेको त्यस अवस्थामा अन्य मानिसले त्यसलाई दुःख दिई तल झार्न खोजेको विषयवस्तुलाई अँगालिएको छ । साना तिना मानिसहरूलाई उच्चतहमा रहेका मानिसहरूले दुःख दिने गरेको प्रसङ्ग समेत यहाँ विषयवस्तु बनाइएको छ । देशको कुनाकाप्चामा रहेका स्रष्टाहरूले राज्यको तर्फबाट कुनै अवसर नपाए पनि राज्यका लागि योगदान पुऱ्याउन र समाजको सेवा गर्न खोजेको यस कविताको मुख्य विषयवस्तु रहेको छ । प्रतीकात्मक रूपमा फूलको प्रयोग गरी शासक र शासित वर्गहरूको अवस्थालाई समसामयिक विषयवस्तु बनाइएको छ ।

**इ) भाषा शैली / संरचना :**

समसामयिक विषयवस्तुलाई मुख्य ठानेर लेखिएको यस कविता लोकछन्दमा लेखिएको छ । पाँचओटा श्लोक र दसओटा पूर्ण विरामको प्रयोग गरी लेखिएको यस कविताको भाषा शैली सरल, सरस र मिठासपूर्ण रहेको छ ।

**ई) भाव :**

यस कवितामा देशको विभिन्न कुनामा राष्ट्रको हित चाहने र राष्ट्रप्रति योगदान गर्न चाहने व्यक्तिको खोजी नभएको र उच्च तहमा रहेका व्यक्तिहरूले त्यस्ता सर्बैसाधारणको वास्ता नगरी उल्टै उनीहरूमाथि दमन र पीडा बोध गराउने गरेको उल्लेख गरिएको छ । वनको काँडालाई तिखार्नु पर्दैन भने झैं राज्यको हित र उन्नति चाहने व्यक्तिले जस्तो सुकै बाधा व्यवधान आएतापनि निरन्तर रूपमा आफू र आफ्नो मातृभूमि प्रति अटल विश्वासका साथ समाज र राष्ट्रको हित अनुकूल हुने गरी योगदान पुऱ्याउने गर्दछ भन्ने यस कविताको मुख्य भाव रहेको छ । जसरी फूलले सुवासहरू छरिदिन्छ त्यसरी नै मानिसले स्वच्छ र सफा हृदयले संसारलाई हसाउन सक्छ भन्ने सन्देश यस कविताले दिएको छ ।

## ३.२.४. 'शुभकामना नयाँ वर्षलाई' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन', वर्ष १३ त्रैमासिक अङ्क १ मा सङ्कलित 'शुभकामना नयाँ वर्षलाई' भरत विवश पौडेलद्वारा लेखिएको कविता हो । नयाँ वर्ष प्रारम्भ हुँदा साथ एकापसमा शुभकामना

साटासाट गर्ने हाम्रो परम्परा चलिरहेको र सुख शान्ति समृद्धिको कामना गरी पठाएको पोहोरकै शुभकामना यथावत् रहेको र यस्ता शुभकामनाले मात्र सुख शान्ति तथा कुनै पनि कामनाहरू पूरा नहुने कुरा उल्लेख भएको छ भने नयाँ वर्षलाई राज्यमा रहेका चेलीबेटी वेचविखन नहुन, उनीहरू बलात्कृत हुन नपरोस् रोगले ग्रसित हुन पुगेका व्यक्तिहरूले आवश्यक उपचार प्राप्त गरुन् भन्ने कामना गरेको हुँदा शुभकामना नयाँ वर्षलाई भन्ने शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको विषयवस्तु समसामयिक रहेको छ । नेपालमा जनतादेखि राष्ट्रपति सम्मका सम्पूर्ण मानिसहरूले सुख शान्ति, समृद्धि होस् भन्ने कामना गर्ने गरेको पाइन्छ नव वर्ष आरम्भ हुँदा साथ आफूले गर्नुपर्ने काम समयमै नगर्ने शुभकामना दिन खप्पिस हाम्रो नेपाली परम्परा रहेको छ । नेपाली चेलीबेटीहरू दिन दहाडै बलात्कृत हुन पुग्दा, रोगले छटपटाइरहेको विरामीलाई मलम पट्टी लगाउन र विदेश जान चाहनेहरूलाई पासपोर्ट खरिद गर्न सास्ती भोग्न परेको विषयवस्तु समेटेर यो कविता लेखिएको छ ।

**इ) भाषा शैली/संरचना**

यो गद्यमा लेखिएको कविता हो । पाँचौ अनुच्छेदमा विभक्त यस कविताको भाषा शैली सरल रहेको छ । नेपाली बोलीचालीमा प्रयोग हुने ज्यूँका त्यूँ, छटपटी, तँ जस्ता शब्दहरूको प्रयोग गरिएको छ ।

**ई) भाव**

यस कवितामा नयाँ वर्ष प्रारम्भको पूर्व सन्ध्यामा शुभकामना आदान प्रदान गर्ने हाम्रो परम्परा रहेको उल्लेख छ । एकले अर्कोलाई सुख, शान्ति तथा समृद्धिको कामना गर्ने तर यस्तो किसिमको कामनाले  न त सुख, न त शान्ति, न त समृद्धि छाउने गर्दछ, यसको कुनै अर्थ रहदैन । आफूले गर्नुपर्ने काम समयमै नगर्ने, मात्र शुभकामना दिएर र भाषणमा जनतालाई अल्झाएर आशा बाँड्ने तर कुनै काम नगर्ने प्रवृत्ति हाम्रा सामु रहेको कुरा यस कविताको भाव रहेको छ । शुभकामना बाँड्नमा तल्लीन हुनुभन्दा राज्यले चेलीबेटीको अस्मिता जोगाउन सुरक्षाको व्यवस्था कायम राख्नुपर्ने र अनायाश तल्लो तहका कर्मचारीलाई दुःख दिने उपल्लो तहका कर्मचारीको व्यवहार रोक्नुपर्ने र पासपोर्ट खरीद गर्दा पनि झगडा गर्नुपर्ने अवस्थाको लागि संवेदनशील हुनुपर्ने कुराहरूलाई यस कवितामा जोड दिइएको छ । सबै तह र तप्काका व्यक्तिहरूले आफ्नो काम प्रति बफादार भई लाग्नु पर्छ भन्ने सन्देश यस कवितामा रहेको छ ।

## ३.२.५. 'ए कान्छा बा ?' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन', वर्ष १३ त्रैमासिक अङ्क १ मा सङ्कलित 'ए कान्छा बा ?' राजन लामिछानेद्वारा लेखिएको कविता हो । थुप्रै माइला,साइला हुँदाहुँदै कान्छा बाले दाम प्यारो ठानेर म र हामीहरू (नेपालीहरू) विदेशी मरुभूमिमा पठाएको, गाउँमा डढेलाले ध्वस्त बनाउँदा पनि गुपचुप भई वास्ता नगर्ने कान्छा बालाई दाम प्यारो नभन भनी उल्लेख गरिएको हुँदा यसको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

प्रस्तुत 'ए कान्छा बा ?' कविता समसामयिक विषयवस्तुमा आधारित छ । कान्छा बाले दाम प्यारो ठानी थुप्रै माइला, साइला हुँदाहुँदै पनि म र हामीहरू जस्ता पात्रलाई गास र छाक जोगाउन विदेशी मरुभूमिमा पठाएको र गाउँमा डढेलो लागी ध्वस्त हुँदा पनि आफू चुप लागेर बसेको विषयवस्तु यस कवितामा रहेको छ ।

**इ) भाषा शैली/संरचना**

'ए कान्छा बा ?' कविता गद्य कविता हो । छओटा अनुच्छेदमा विभक्त र छओटै पूर्णविराम चिह्नको प्रयोग गरिएको यस कवितामा व्यङ्ग्य प्रहार गर्ने काम भएको छ । सरलभाषा र सरल शब्दहरूको प्रयोग गरिएको छ । नेपाली ग्रामीण समाजमा प्रयोग हुने कान्छा बा, माइला, साइला, गुप चुप जस्ता शब्दहरूको प्रयोग गरिएको छ ।

**ई) भाव**

'ए कान्छा बा ?' कवितामा शीर्षकमै प्रश्नवाचक चिह्नको प्रयोग गरिएको छ । दाम प्यारो ठानेर नेपाली युवाहरूलाई अनाकण्टार मरुभूमिमा पठाएर गाउँ रित्तै भएको छ र गाउँमा डढेलो लाग्दा, गाउँ ध्वस्त हुँदा पनि त्यो गाउँको आगो निभाउने काम नगरी चुपचाप बसेको र सोझासादा जनताहरूलाई उक्साएर आफूले फाइदा लुट्न र ती जनताको उपरमा केही नगर्ने नेपाली नेताहरूको प्रवृत्तिमाथि तिखो प्रहार गर्ने काम यस कवितामा भएको छ ।

## ३.२.६. 'आयो जमाना नयाँ' कविताको विश्लेषण

**अ) शीर्षक**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क १ मा सङ्कलित 'आयो जमाना नयाँ' रामेश्वर राउत मातृदासद्वारा लेखिएको कविता हो । कविले यस कवितामा हिमालयको देश नेपालमा बस्ने

नेपालीहरू आफ्नो देशप्रति माया गरेतापनि पीडा बोध गरिरहेका छन् । देशको भन्दा आफ्नो स्वार्थलाई बढी महत्त्व दिने व्यक्ति नेपाल तारा जस्तो पदले सम्मानित भएको छ र भाँडहरूले नै आधिपत्य जमाएको विषयले कुरा नयाँ गरेतापनि व्यवहारमा परिवर्तन नभएको हुँदा आयो जमाना नयाँ शीर्षक सार्थक देखिन्छ ।

**आ) विषयवस्तु**

यो एक गद्य कविता हो गौरवमय हिमालको काखमा बस्ने नेपालीले पीडैपीडाको बोध गर्नु परेको छ । व्यक्तिगत स्वार्थमा हिँड्ने व्यक्ति नै पुरस्कृत हुने भाँडहरूको राज्य भएको प्रसङ्गले यस कवितको विषयवस्तु समसामयिक रहेको छ ।

**इ) भाषा शैली/संरचना**

यस कवितालाई दुईओटा अनुच्छेदमा बाँडिएको छ । हिमालरूपी तक्मा सिउरिएर पीडा बोध गरेको र भाँडहरूको रैफाडोले गर्दा स्वार्थीहरूले नै पटक पटक पदक प्राप्त गर्ने गरेको कारणले यस कविताको भाषा घुमाउरो भइकन पनि सरल रहेको छ । फूली, शूली, सिन्की, छुरा, रैफाँडो जस्ता कठिन शब्दहरूको प्रयोग गरिएको छ ।

**ई) भाव**

यस कवितामा नेपाली राजनेतालाई झटारो हान्ने काम भएको छ । हिमाल रूपी फूली पाएको नेपालले कहिल्यै शान्ति पाउन नसकेको, नेपालमा बस्ने ठूली जस्ता पात्रहरू शूली बोकेर सुत्नु परेको नेपालीत्वलाई गुन्द्रुक खाँज्दा झैं खाँदी जसले नेपालको बारेमा सोँच्दैन, राष्ट्रियताको कुनै शब्द उच्चारण गर्दैन त्यस्ता व्यक्तिहरू राज्यको बागडोर सम्हालेका व्यक्तिहरूबाट विभूषित भएको कारणले गर्दा देशमा कुनै नयाँ परिवर्तन हुन सकेको छैन । देशमा शान्ति कायम गर्न र नयाँ परिवर्तन चाहने जनताले कुनै पनि परिवर्तनको महसुस गर्न नपाएका नेपालीहरू खै कहाँ नयाँ जमाना आयो ? भन्ने प्रश्न गर्न थालेको कुरा नै यस कविताको मूल भाव हो ।

## ३.२.७. 'भ्यागुताको गीत' कविताको विश्लेषण

**अ) शीर्षक**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क १ मा सङ्कलित 'भ्यागुताको गीत' रुपिन्द्र कटु प्रभावीद्वारा लेखिएको कविता हो । यस कवितामा भ्यागुताहरू ट्यार ट्यारको आवाजमा कुनै पनि गति, यति, लय नभएकोले यसको कुनै सार्थकता रहेको छैन । यस्तो आवाजका श्रोताहरू

वाक्क पर्दै सुरताल खोजिरहेका छन् । एकै ठाउँमा बसेर नाङ्गा भुतुङ्गा मान्छेहरू डराई डराई आँसु, रगत र पसिना रूपी पोखरी उचालेर थुप्रै सम्भ्रान्त भ्यागुताहरूको गीत बन्द गर्न उत्रेको प्रसङ्ग उल्लेख गरिएकाले यस कविताको शीर्षक भ्यागुताको गीत सार्थक रहेको छ ।

**आ) विषयवस्तु**

यस कवितामा कविले समसामयिक विषयवस्तुलाई औँल्याउने काम गरेका छन् । देशमा चर्को चर्को स्वरले कराउन सक्नेहरूले अधिपत्य जमाएको र भोका नाङ्गाहरूले दुःख गरेर, पसिना बगाई काम गरेर आफ्नो जिविका चलाएतापनि जो होचो उसको मुखमा घोचो भने झैं उनीहरू उल्टै दविएर बस्नु परेको छ । मौन तरिकाले नाङ्गा भुतुङ्गा मानिसहरू भ्यागुता रूपी सभ्रान्त वर्गहरूले निम्न वर्गका मानिस माथि गरेको अन्याय हटाउन खोजेको प्रसङ्गले यस कविताको विषयवस्तु समसामयिक रहेको छ ।

**इ) भाषा शैली/संरचना**

यो गद्य कविता हो । उनन्तीस हरफमा लेखिएको र एउटा मात्र पूर्णविराम चिह्नको प्रयोग गरिएको छ । प्रतीकात्मक रूपको प्रयोग गरिएको भए पनि यसको भाषा शैली सरल र मिठास रहेको छ ।

**ई) भाव**

यो कविता समसामयिक विषयवस्तुलाई आधार मानी लेखिएको छ । ट्यार ट्यार गरी कराउने भ्यागुता झै सम्भ्रान्त वर्गहरूले तल्लो वर्गका मानिसहरूका आवाज नसुनी एकोहोरो आफ्नो ढिपी छाडेका छैनन् । भ्यागुताले पोखरीमा आफ्नो प्रभाव जमाए सरी उनीहरू आफ्नो वर्चश्व कायम राख्न एकोहोरो लागिरहेका छन् । तर तल्लो वर्गका मानिसहरू भने आफ्नो श्रम र पसिना बगाएर जीविका चलाउने काम गरिरहेको  र उल्टै उनीहरूले रगत बगाउन परिरहेको छ । अन्त्यमा सम्भ्रान्त वर्गहरूको ज्यादती रोक्नका लागि निडरताका साथ सर्बैसाधारण मानिसहरू सडकमा उत्रेको कुरा यस कवितामा उल्लेख गरिएको छ ।

## ३.२.८. 'यो कस्तो' कविताको विश्लेषण

**अ) शीर्षक**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क १ मा सङ्कलित 'यो कस्तो' कविता कृष्णादेवी शर्मा ( श्रेष्ठ) द्वारा लेखिएको हो । यस कवितामा कवयित्रीले 'यो कस्तो दुस्साहस गर्छौ यो धर्तीमा भनी' शुरु गरिएको छ । आफन्तकै निम्ति किन खाडल खन्छौ ? सबैका विधाता एउटै भएकोले

कसैलाई दुःख पीडा हुने किन काम गर्छौ ? किन ढुङ्गा सरी रुखो मन तुल्याउँछौं ? भन्ने प्रश्नहरू उल्लेख भएको हुँदा यस कविताको शीर्षक 'यो कस्तो' सार्थक बनेको छ ।

**आ) विषयवस्तु**

यो कविता समसामयिक विषयमा आधारित भएर लेखिएको छ । कवयित्री शर्मा (श्रेष्ठ) ले यस धरतीलाई दुःसाहस गरी शत्रु झैं ठानी शान्त र नामी ठाउँ ध्वस्त बनाउने प्रयास गरी दुःखी तुल्याउने काम गरेको प्रसङ्ग उल्लेख गरिएको छ । आफ्नो कामलाई बिर्सेर आफनै राष्ट्रबासीहरूप्रति किन खाडल खन्न लागेका छौं ? भन्ने प्रश्नहरू गर्दै यो माटो रक्ताम्य र आकाश निरीह बनेको अवस्था सिर्जना गरेको अनि यो धरतीका विधाता र नौलानौला विषयवस्तु भित्र्याउने पनि एउटै भएको कारणले यस देश भित्र बस्ने सबै दाजुभाइ दिदीबहिनीहरू एकले अर्कालाई दुःख दिने, व्यक्तिगत स्वार्थमा लाग्ने, युद्ध हड्ताल जस्ता काम गरी एकले अर्कोलाई दुख दिने गरेको नेपाली प्रवृत्तिलाई औंल्याइएको हुँदा यस कविताको विषयवस्तु समसामयिक रहेको छ ।

**इ) भाषा शैली /संरचना**

यो कविता अतिजगती छन्दमा लेखिएको छ । तेह्र अक्षर भएको चार हरफको एक पङ्क्ति बनाई पाँचओटा पङ्क्तिमा विभाजन गरिएको छ । छन्दमा लेखिएको भएतापनि सरल भाषाको प्रयोग गरिएको छ भने केही वैरीशर, औलाद, धीर जस्ता कठिन शब्दको प्रयोग भएको छ । नेपालको समसामयिक विषयवस्तुलाई आधार बनाई लेखिएको हुँदा सजिलै बुझ्न सकिने भाषाको प्रयोग यस कवितामा गरिएको छ ।

**ई) भाव**

'यो कस्तो' समसामयिक विषयवस्तुलाई आधार बनाई रचना गरिएको कविता हो । यस धरतीमा रहेर बैरीरूपी वाण छर्दै धरतीलाई नै आक्रान्त पारेको प्रसङ्गबाट शुरु भएको छ । नेपालमा दलीय व्यवस्थाका कारण आ-आफ्नो दलगत स्वार्थ पूरा गर्नका लागि जनताको इच्छा आकाङ्क्षाको बेवास्ता गर्दै हिँड्ने प्रवृत्ति माथि  पनि प्रहार गर्ने काम भएको छ । आफूले गर्नुपर्ने काम नगरी आफ्नै देशमा बस्ने नेपाली दाजुभाइ दिदीबहिनी बिच भाँडभैलो मच्चाउने र धरती नै रक्ताम्य बनाउने गरेको कुरा यस कवितामा उल्लेख गरिएको छ । एकले अर्कोलाई ढुङ्गा रूपी रुखो मन देखाएर छाती चिर्ने काम गरेको र सारा दुष्टहरू मौल्याउने काम गरेको प्रसङ्ग यस कवितामा उल्लेख गरिएको छ । कवयित्रीले देशमा युद्ध बन्द हड्तालले गर्दा जनताहरू आक्रान्त बनेको हुँदा नेताहरूलाई संयम् भई राष्ट्रमा शान्ति ल्याउने काममा लाग्न आह्वान

गरेकी छन् भने दुस्कर्मले दुष्टहरूलाई फाइदा हुने र राष्ट्रियता नै धरापमा पर्ने कुरा यस कवितामा उल्लेख गरेकी छन् ।

### ३.२.९. 'पीडाचक्र' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'पीडाचक्र' कवि नारायणप्रसाद पौडेलद्वारा लेखिएको गद्य कविता हो । गरिब निमुखाहरूलाई गाउँमा उसको नाममा अपभ्रस गर्दै बोलाएको, चाडबाड आउँदा चाड मनाउन कठिन हुने, ऋणै ऋणको भारी बोक्नु पर्ने, त्यसैमा प्रकृति पनि त्यसै माथि लाग्ने, भएको एउटा छोरो समेत देशै छोडेर मुग्लान पस्नुपर्ने आदि पीडाहरू सहनुपर्ने कुराहरू समावेश भएकोले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यो कविता समसामयिक विषयवस्तुमा आधारित छ । गरिब जनताहरूले भोग्नु परेको पीडाहरू यथार्थ ढंगले प्रस्तुत गरिएको छ । गाउँमा भएका गरिब दुःखीहरूलाई हुने खाने भनाउँदाहरूले हेपिएको नामले बोलाउने र उसलाई विभिन्न किसिमका चाडवाडहरू मनाउनका लागि साहुहरूसँग ऋण माग्नु पर्ने र प्रकृतिले समेत उसलाई साथ नदिएर बाढी पहिरोको पीडा उसैले भोग्नुपर्ने, छोरीलाई हैजा लागेर औषधी उपचार गर्न नसकेर मृत्यु सहनु पर्ने, भएको एउटा छोरो मुग्लान पस्नुपर्ने जस्ता एक पछि अर्को पीडा थपिदै जाने गरेकोले पीडारूपी चक्रहरू घुमिरहेका छन् । उसलाई कहिल्यै शान्ति भएन । राज्यले श्याम जस्ता निमुखाहरूलाई वास्ता गरिरहेको छैन । मात्र नागरिकता बाँडेर नेपाली नागरिकता बाँड्नु शिवाय अरू केही गर्न सकेको छैन । न त उसकी छोरीले औषधी उपचार पाइन् , न त उसका सबै परिवार सँगै बस्न पाए । आफ्नो नागरिक बनाएर नागरिकहरूलाई गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार जस्ता विषयमा राज्यले ध्यान दिन सकिरहेको छैन भने राजनीति गर्ने नेताहरूले तिनै भोका नाङ्गा मानिसहरूलाई राजनीतिक पार्टीको झण्डा बोकाएर आफूले फाइदा लिइरहेका छन् । नेपालको वर्तमान परिवेशमा यस्तै पीडाहरू नेपाली नागरिकहरूले भोगिरहेका छन् । राष्ट्रियता, स्वाधीनता र स्वतन्त्रता नारामा मात्रै सीमित रहेकोले यस कविताको विषयवस्तु समसामयिक रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यस कविताको भाषा सरल र सरस रहेको छ । गद्यमा लेखिएको यस कवितामा श्राद्ध, शार्दूलचाल, ऋणैऋण, जस्ता मीठा शब्दहरू र पलायन हुनु, पुन्पुरो समाउनु जस्ता टुक्काहरूको समेत प्रयोग गरिएको छ । दुईओटा मात्र पूर्णविराम, चारवटा प्रश्नवाचक चिह्नको प्रयोग गरी ५२ हरफमा लेखिएको छ ।

**ई) भाव :**

यस कवितामा कविले गाउँमा गरिब निमुखा जनताहरूले पीडैपीडामा बाँच्नु परेको कुरा उल्लेख गरेका छन् । गरिब मानिसहरू चाडवाड आउँदा कसरी त्यो चाड पन्छ्याउने भन्ने चिन्ताले ग्रसित छन् भने प्राकृतिक प्रकोप समेत उनीहरूले नै सहेर बास विहीन हुन परेको छ भन्ने विषय कविले यहाँ उल्लेख गरेका छन् । राज्यले समेत उनीहरूका लागि औषधी उपचारका निम्ति जीवनजल समेत बाँड्न सकिरहेको छैन । गरिब जनताका छोरा छोरीहरू दिनानुदिन मुग्लान पस्ता समेत त्यसको वास्तविकता पहिचान गर्न सकिरहेको छैन । राष्ट्रियता, स्वाधीनता, स्वतन्त्रता भन्ने कुराहरू गरिब जनताले महसुस गर्न समेत सकेका छैनन् । राज्यले जनताका निम्ति नागरिकता बाहेक अरू केही बाँड्न सकिरहेको छैन । जनताहरू पीडैपीडामा रुमलिनु परेको छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.२.१०. 'हाम्रो काका' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'हाम्रो काका' कवि प्रभात श्रेष्ठद्वारा लेखिएको कविता हो । यस कवितामा कविले काकालाई कहिले पञ्चायतवादी, कहिले बहुदलवादी, कहिले प्रजातन्त्रवादी, कहिले राजावादी र कहिले माओवादी बनेर अवसरवादीको रूपमा उभ्याएका छन् त्यसैले यस कविताको शीर्षक 'हाम्रो काका' सार्थक छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु समसामयिक रहेको छ । काका २०४६ सालभन्दा अघि राजाको गुनगान गाउने र प्राण ठान्दथे । समय परिवर्तनसँगै २०४६ सालमा जनआन्दोलन हुँदा बहुदलको पक्षमा लागि कहिले काँग्रेस, कहिले एमाले बने । राजा ज्ञानेन्द्रले 'कु' गर्दा समेत 'राजा आऊ देश बचाऊ' भन्ने नारा लगाई जुलुसमा हिँडे र जिल्ला विकास समितिको पदमा आसीन हुन पुगे । त्यसपछि माओवादीहरू आन्दोलन चरम उत्कर्षमा पुग्ने क्रममा प्रचण्डपथ

जिन्दावादको समेत नारा लगाउन थाले । आफ्ना छोरालाई वाईसियल बनाए । नेपालको सन्दर्भमा अवसरवादीहरू सलवलाई रहने र निष्ठावान् व्यक्तिहरू पछि पर्ने अवस्था रहेको छ । काका जस्ता व्यक्तिले मौकाको फाइदा लिन खोज्ने कुनै अस्तितत्व नभएका कैयौं मानिसहरू रहेका छन् । त्यसैले यो कविता समसामयिक छ ।

**इ) भाषा शैली / संरचना :**

प्रभात श्रेष्ठले यो कविता अत्यन्त सरल र मीठो भाषा शैलीमा गद्यमा लेखेका छन् । अनुच्छेदमा विभक्त नगरी एउटा मात्र पूर्ण विरामको प्रयोग गरिएको छ ।

**ई) भाव :**

'हाम्रो काका' कविता समसामयिक विषयवस्तुलाई आधार बनाई लेखिएको छ । नेपालमा छोटो समयमा विभिन्न व्यवस्थामा परिवर्तन भइरहेको छ । पञ्चायती व्यवस्था पछि बहुदलीय व्यवस्था, बहुदलीय व्यवस्था अन्तर्गत विभिन्न पार्टीहरूमा आउने जाने क्रम बढ्दो छ । अहिले लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था कायम रहेको छ । समयको परिवर्तन सँगै अवसरको खोजीमा हिँड्ने मानिसहरू कुनै अडानमा नरही व्यक्तिगत फाइदामा हिँड्ने गरेको र नेपालमा यस्तै व्यक्तिहरूको बाहुल्यता रहेको अवस्था छ । अवसरवादीहरू जस्तोसुकै परिस्थितिमा पनि फाइदा लिन पछि पर्दैनन् भन्ने भाव यस कविताको रहेको छ ।

## ३.२.११. 'हराएको मेरो देश' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'हराएको मेरो देश' युवराज जुनुन्द्वारा लेखिएको कविता हो । बुद्धले शान्ति छरेको, अमरसिंहले देश जोगाएको, भीमसेनले स्वाभिमान बचाएर इतिहास बोकेको देशमा लुछाचुडी गरेर आफाआफै लडेको देख्दा यो नक्कलीपन हो तर सक्कली नेपाल हराएको कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक 'हराएको मेरो देश'सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यो कविता समसामयिक विषवस्तुमा आधारित  छ । कविले आफ्नो देश खोजिरहेका छन् । हिमाल हाँसिरहेको, गुराँस मुस्कुकाइरहेको, ज्ञानको ज्योति छरिरहेको देशलाई कसैले चोरेर लगेको कुरा उल्लेख गरेका छन् । कसैका सामु नझुक्ने, आत्मा बिक्री नगर्ने, सधैं अटल आस्थामा हाँसिरहने, मुस्कुराइरहने, आफ्नो स्वाभिमानलाई बचाइराख्ने नेपाल र नेपालीको

बानीलाई अहिले त्यो अवस्थामा नपाइएपछि नेपालै हराएको भान कविको रहेको छ । राष्ट्र, राष्ट्रियता भन्ने शब्द हराइरहेको सन्दर्भमा आफू यस देशको नागरिक पो कसरी बन्ने भन्ने सङ्कोच पनि रहेको छ । छहारीमा बसी आफूले दुःख सुख साटेको कुरा ताजै जस्तो लागे तापनि अमरसिंहले देश बचाएको, भीमसेनले स्वाभिमान बचाएको इतिहास इतिहासमै सीमित रहेको छ । अहिलेको नेपाल नक्कली पो हो कि ? भन्ने शङ्का उत्पन्न भएको छ । लुट र फुटको खेती गर्दै देशलाई लुछाचुडी गर्ने नेपाली नेताहरूको मनमा राष्ट्र र राष्ट्रियता नभएको कुरा यस कवितामा समावेश गरिएको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता गद्य शैलीमा लेखिएको कविता हो । अत्यन्त सरल भाषामा लेखिएको भएता पनि व्यङ्ग्य प्रहार गर्ने काम भएको छ । नेपालका नेताहरूलाई चैते भन्ने प्रतीकात्मक शब्दको समेत प्रयोग गरिएको छ । अनुच्छेद अनुच्छेदमा विभक्त नगरी पाँच ओटा प्रश्नवाचक चिह्न, दुई विस्मयादिबोधक, दुई पूर्ण विराम चिह्नको प्रयोग गरी ४७ हरफमा लेखिएको छ ।

**इ) भाव :**

युवराज जुनुन् द्वारा लेखिएको यस कवितामा कविले हिमालयको देश, ज्ञानको ज्योति छरिएको देश, बुद्धको जन्म भएको देशमा आज आत्मा लिलाम हुने, स्वाभिमान गुमाउने प्रवृत्ति बढ्दै गएकोले नेपालै हैन  की भन्ने भान कविलाई परेको छ  भने राष्ट्र र राष्ट्रियताका निम्ति आवाज नउठाई आफ्नो स्वार्थको लागि मरिमेट्ने अवस्था नेपाली नेताहरूमा रहेको छ । राष्ट्रको निम्ति कसैले सोचेनन् । नेपाल नेपाल होस्, जनता नेपाली बन्न पाऊन्, सुख शान्ति पूर्वक बस्न र हिडडुल गर्न पाऊन् भन्ने भाव यस कविताको रहेको छ ।

## ३.२.१२. 'पीडा, जीवन र शान्ति' कविताको विश्लेषण

**अ) शीर्षकः**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित कविता राजेन्द्र पहाडीद्वारा लेखिएको कविता हो । खुइलिएका पीडा एक्कासी व्यूँझनु, चाकडीले जरा गाड्नु, चाकडी प्रथालाई वैधानिकता दिएर अन्यलाई सराप्ने हुनाले मानिसको जीवनमा पीडा थपिएको छ भने जीवनमा यस्ता आरोह अवरोहहरू आइनै रहने तर जीवनको हिसाब नहुने, हिसाबको कुनै जीवन नहुने र नैतिकताको कुनै अर्थ रहेको छैन । देशमा शान्ति नभएकाले महापरिनिर्वाण गरेका बुद्धलाई पुनः जन्मन आह्वान गरेकाले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

राजेन्द्र पहाडीद्वारा रचित यस कविताको विषयवस्तु समसामयिक रहेको छ । देशमा द्वन्द्व र हड्ताल केही समय रोकिएको अवस्थामा राजनैतिक दलका नेताहरूले जनताको चाहना अनुरूप काम गर्न नसकेकाले जनताहरू त्रसित बन्न पुगेका छन् । मानिसका मनका अन्तरखण्डहरहरूबाट पीडाहरू व्युँझिन पुगेका छन् र कोही भने विजयको उद्घोष गर्ने काम गरेका छन् । कोहीलाई पीडै पीडा र कोहीले आनन्दमा रमाउने प्रवृत्तिको विकास भएको छ । नेताहरू आफू विजित भएको घोषणा गर्दै हिँड्ने गरेका छन् तर सर्बैसाधारणका जीवनमा भने हर्ष, उमङ्ग र साहस देखिदैन । जनताका आस्थाहरू थिलथिलिएका छन् र ब्राह्मचार्यहरू थचारिएका छन् तर शून्य अवस्थामा जनताहरू रहन नसक्ने अवस्थामा रहेका छन् । मानिस प्रेमको रूप धारण गरी फुल्न नसक्ने अवस्था रहेको कुरा यस कवितामा उल्लेख गरिएको छ । आफ्ना पीडाहरू कुइनेटामा राखेर भए पनि देशमा शान्ति स्थापनाका लागि ज्ञान प्राप्त व्यक्तिहरू जन्माउन र बुद्धको आगमनका लागि आह्वान गरिएको छ ।

**इ) भाषा शैली/संरचना** :

यो गद्य लयमा लेखिएको कविता हो । यस कविताको भाषा कठिन छ तर समसामयिक विषयवस्तुलाई औल्याइएको छ । खण्डहर, उच्चछवास, जिगीषा, लिलिपुट जस्ता कठिन शब्दको प्रयोग गरिएको छ । यस कवितालाई कुनै अनुच्छेदमा विभिक्त गरिएको छैन । एउटा विस्मयादिवोधक चिह्न र अन्त्यमा एउटा मात्र पूर्णविराम चिह्नको प्रयोग गरिएको छ । उनन्पचास हरफमा टुङ्ग्याइएको छ ।

**ई) भाव :**

राजेन्द्र पहाडीद्वारा लेखिएको यस कवितामा सर्बैसाधारण जनतामा पीडाहरू उकलिँदै जाने गरेका छन् । पीडैपीडामा रहेर जीवन जीउन बाध्य बनेका छन् । राजनैतिक दलका नेताहरूले दलीय स्वार्थका लागि हुँकार दिँदै एक अर्कोलाई सराप्ने र जनताको चाहना र भावनालाई कुनै तरिकाले बुझ्न नसकी एकोहोरो डम्फु बजाउने काम गरिरहेका छन् । नैतिकताको कारण देखाएर राज्यमा उपद्रोह मच्चाउने गरेकोले जनताहरू प्रतिघात गर्न चाहिरहेका छैनन् । देशमा हजारौं जनताले बलिदान गरेतापनि कुनै प्रकारको शान्ति स्थापित हुन सकिरहेको छैन । यस कवितामा देशमा अशान्ति, विद्रोह हड्ताल नगरी दीर्घकालीन शान्ति स्थापना हुनुपर्छ भन्ने भाव रहेको छ ।

### ३.२.१३. ‘आव्हान’ कविताको विश्लेषण

**अ) शीर्षक :**

‘सगुन’ वर्ष १३ त्रैमासिक अङ्क ३ मा सङ्कलित ‘आव्हान’ कविता कवि राजेन्द्र पहाडीद्वारा लेखिएको हो । यस कवितामा कविले चौतारीमा बसेर दुःख सुखका कुरा गर्ने, न्याय र अन्यायका कुरा, प्रतिगमन र अग्रगमनका कुरा गरी हिमाल नटुक्राउने, देश नटुक्राउने, वन्धुत्व र अस्तित्वका लागि अखण्ड नेपाल बनाऔं भन्ने प्रसङ्ग उल्लेख गरेको हुँदा यस कविताको शीर्षक ‘आव्हान’ सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा समसामयिक विषयवस्तु अँगालिएको छ । वार्ता र संवाददवारा दुःख सुखका कुरा गर्दै लोकतान्त्रिक मूल्य मान्यता अनुरूप क्रान्ति भित्र शान्तिका कुरा गरौं । गाउँ गाउँमा गरिबी र अभावै अभाव फैलिएको छ, रोग, भोक र शोक बाहेक अरू केही भेट्न सकिँदैन । गाउँमा विकास छैन, गाउँ अन्धकारमय छ, फट्याई र धुर्त्याइँ बढ्दो छ, त्रासैत्रास रहेको छ तर पनि गाउँका मानिसहरू आशामा बाँचिरहेका छन् । यस्तो वर्तमान अवस्थामा राज्यका नेताहरूले अग्रगमन प्रतिगमनका विषयमा छलफल गरी दिगो शान्ति कायम गर्न आव्हान् गरिएको छ । सधैं युद्ध हड्ताल गरेर देशको विकास हुन सक्दैन, शान्ति स्थापना हुन सक्दैन । देशको हरेक कुनामा बस्ने मानिसहरू सबैलाई शान्तिको महसुस हुने गरी पराईको भावनाले नहेरी राष्ट्रको उन्नति र प्रगतिको बाटोमा लागौं । बन्धुत्व र अस्तित्वको भावना जागृत गर्दै इमान्दारिता साथ अखण्ड नेपालको लागि अघि बढौं भनी नेपालको वर्तमान राजनीतिक परिवेशलाई समेट्दै राष्ट्र र राष्ट्रियताको एवम् देशप्रेम र जाति प्रेमको भावनाले अखण्ड नेपाल कायम गर्न अगाढि बढौं भन्ने विषयवस्तु यस कवितामा समेटिएको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता गद्यमा लेखिएको छ । सरल र सरस एवं मीठो भाषाशैलीको प्रयोग यस कवितामा भएको छ । चारओटा अनुच्छेदमा विभक्त गरी चार ओटै प्रश्नवाचक चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

यस कवितामा कविले यस देशका राजनीतिक दलका नेताहरूलाई वार्ताद्वारा नेपाली जनताका इच्छा र भावना अनुकुल हुने गरी संविधान निर्माणका गतिविधिमा अघि बढ्न, गाउँका कुनाकाप्चामा बस्ने सबै नेपालीको विकास गर्न, युद्ध र हड्ताल नगरी शान्ति पूर्ण तरिकाले

संवादद्वारा अखण्ड नेपाललाई कायम राख्न आव्हान गरिएको छ । देशलाई दुख्न दिनु हुँदैन, उठ्न दिनुपर्छ, जनताहरूले अशान्ति होइन शान्ति पाउनुपर्छ, अविकास होइन, विकास प्राप्त गर्नुपर्दछ, राष्ट्र खण्ड होइन अखण्ड हुनुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.२.१४. 'महाकाली बनेर उठ' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'महाकाली बनेर उठ' कविता कवयित्री राधा पाण्डेद्वारा रचित कविता हो । अस्मिता लुटेको पीडाले छटपटाएका नारीलाई दुष्टहरूसँग गुहार नमागी विभिन्न हिंसाका विरुद्ध महाकाली बनेर उठ्न आह्वान गरी अस्मिता रक्षाका लागि महाकाली बन्नुपर्छ भन्ने कुरा उल्लेख गरिएको हुँदा यस कविताको शीर्षक सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

कवयित्री राधा पाण्डेले यस कवितामा समसामयिक विषयवस्तुको प्रयोग गरेकी छन् । देशमा दिनानुदिन नारी माथि गरिएको हिंसा, बलात्कार जस्ता घटनाहरू हुने गरेकाले त्यस्तो पीडाबोध गरिरहेका नारीहरूलाई तिनै दुष्टसँग अश्रुधारा बगाएर बस्न हुँदैन । तिनै बदमासहरूसँग डराएर पाप फस्टाउन दिनु हुँदैन । नारीको अस्मिता लुट्ने र लुट्न खोज्ने कपूतहरूलाई खोजी तिनीहरूलाई तह लगाउन उठ्नु पर्छ । चुप लागेर वस्नु हुँदैन । नारीहरूलाई साधन बनाएर फाइदा लुट्ने दैत्यहरूलाई खबरदारी गर्नु पर्छ । आफ्नो अस्मिता जोगाउनका निम्ति संगठित बनी प्रतिशोधको राँको बाल्दै, कलियुगका कौरवहरूप्रति औला ठड्याउन र तिनीहरूलाई सिध्याउनका लागि महाकाली नदी झैं निरन्तर लाग्नुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ । देशका विभिन्न ठाउँमा नारीहरूको अस्मिता लुट्ने प्रवृत्तिको विरोध गरिएको छ ।

**इ) भाषा शैली/संरचना :**

'महाकाली बनेर उठ' कविता गद्यमा लेखिएको छ । यस कविताको भाषाशैली सरल र सरस रहेको छ । अस्मिता, सतित्व, सर्माएर, कौरव, प्रतिशोध, राँको जस्ता शब्दहरूको प्रयोग गरिएको छ । यस कवितालाई तीन ओटा अनुच्छेदमा विभक्त गरीएको छ ।

**ई) भाव :**

यस कवितामा कवयित्रीले नारी माथि गरिएको अन्याय अत्याचार बढ्दै गएको र नारीहरू यस्ता पीडाहरू सहेर बस्नु हुँदैन, दुष्टका अगाडि आँसु बगाउनु हुँदैन, पाप फस्टाउन दिनु हुँदैन भन्ने कुरामा जोड दिएकी छन् । नारीमाथि हुने विभिन्न हिंसाका विरुद्ध महाकाली बन्नु पर्छ । यस्ता अन्याय सहेर बसियो भने अत्याचारीहरू फैलदै जान्छन् र नारीहरूको अस्तितत्व समाप्त हुनसक्छ । त्यसैले नारीहरू संगठित भई यस्ता कलियुगे कौरवहरूका विरुद्ध महाकाली नदी बनी देशमा हुने नराम्रा कामहरूको अन्त्य गरी आमा नङ्ग्याउने कपूतहरूलाई सखाप पार्नुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.२.१५. 'दशैँले फर्काएको आँसु' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'दशैले फर्काएको आँसु' शीला जि.सि. द्वारा लेखिएको कविता हो । नआइजा भन्दा भन्दै आफ्नो घरमा दशा बोकेर दसैं भित्रिएको, अँध्यारो मन झै रित्ता भन्सारहरू बिच दसैं आएको छ । तीन वर्ष अघि सिउँदोमा सिन्दुर, चुरापोते हुँदा दसैं पनि रमाइलो थियो तर ती नहुँदा दसैं उदासिन भएकोले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

शीला जि.सी. द्वारा लेखिएको यस कविताको विषयवस्तु समसामयिक रहेको छ । आज एक वर्ष पछि उजेलिएका र अँधेरिएका मुहारहरू विच प्रतिस्पर्धा गर्दै सबको घरघरमा दशैं भित्रिएको छ । कवयित्रीले पनि दसैं नआइज भन्दा भन्दै आफ्नो घरमा पनि भित्रिएको छ । आफ्नो मलिन चेहरामाथि सङ्कट र अभावका बिचमा दसैं भित्रिँदा परलोक भएका प्रियलाई सम्झदैं रुनु परेको छ । मुसलधारे वर्षा झैं आँखाबाट आँसुका वर्षाका साथ दसैं भित्रिँदा कवयित्रीलाई झन् दुःखित बनाएको छ । आफ्नो घरमा अन्नको भण्डार रित्तिएको छ । थपिदिने कोही छैन, आफ्नो शिरको सिउँदोमा न त सिन्दुर छ न त हातमा चुरा छन् । यस्तो अवस्थामा आएको दसैंले आफ्ना परलोक भएका प्रियलाई सम्झदै आँसुमय दसैं बन्न पुगेको छ । आफ्ना प्रिय छँदा दसैं पनि रमाइलो पनि थियो भन्ने प्रसङ्गले नारीहरूको वेदनालाई उजागर गर्ने काम गरेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो गद्यमा लेखिएको कविता हो । एउटै अनुच्छेदमा लेखिएको यस कवितामा मीठो भाषा र सरल शब्दको प्रयोग गरिएको छ ।

**ई) भाव :**

कवयित्री शीला जि.सी.द्वारा लेखिएको यस कवितामा विभिन्न किसिमका चाडवाड आउँदा आफ्ना आफन्तको सम्झना आउँछ भने आफ्ना प्रियजनको त झन् बढी याद आउने गर्दछ । कवियित्रीले आफ्नो प्रियजनलाई गुमाइसकेको अवस्थामा हिन्दुहरूको महान् पर्व दसैं भित्रिँदा पनि उनमा उमङ्ग छैन । यस्ता चाडपर्व नआओस् भन्दा पनि सुटुक्क आइहाल्ने गरेको छ । यस्तो अवस्थामा परलोक भएका प्रियलाई सम्झदैं आँसु बगाउनु शिवाय अरू केही नभएको कुरा उल्लेख छ । आफ्नो घरमा चाड मनाउने अन्नपात छैन न त जमरा नै छन् । प्रियजन हुँदा सबैथोक थियो तर उनी परलोक भएपछि सबैथोक गुमाएको यस कवितामा उल्लेख गरिएको छ । त्यसैले कवयित्रीलाई मनमा हर्ष नभएकोले दसैं पनि रमाइलो छैन मन चङ्गा भए सबैथोक रमाइलो हुन्छ भन्ने कुरा यस कविताको प्रमुख भाव हो ।

## ३.२.१६. 'नयाँ संसार' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'नयाँ संसार' सुजित मुन्दुल द्वारा लिखित र आर.के. अदिप्त गिरि द्वारा अनुदित (ऐः ५२) कविता हो । आफ्नो भित्री आँखा नखुलेकाले अरूलाई कसरी चिन्ने ? टाउको सफा गर भने पनि तिम्रो आचरण पुरानै छ । पुरानो आचरणबाट मुक्त होऔं र नयाँ व्यवस्था हेर्न कोसिस गर भनी आह्वान गरिएकोले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

आर.के. अदिप्त गिरिद्वारा अनुवाद गरिएको यस कविताको विषयवस्तु समसामयिक रहेको छ । बलशाली दुनियाँमा कवि साना र अपरिचित छन् । कविलाई तिनै दुनियाँको मार्ग अपनाउन गराउँछन् तर आफ्ना भित्री आँखाहरू खुलिसकेका छैनन् । बाटो देखे पनि दृष्टि धमिलै भएको यस्तो विरोधाभास अवस्थामा आफूले तिमीलाई कसरी चिन्ने हो ? तिमीहरू पुराना आचरणले युक्त छौं, अब तिमी बूढा भइसक्यौं नयाँ व्यवस्थाका लागि तयार भई नयाँ

संसारमा रमाउन कोसिस गर भनी कविले भनेका छन् । वर्तमान अवस्थामा देशकै यस्तै अवस्था भएकाले यस कविताको विषयवस्तु समसामयिक रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

अङ्ग्रेजीबाट अनुदित यो कविता गद्यमा लेखिएको छ । यस कविताका शब्द सरल भए पनि भाषा भने घुमाउरो रहेको छ । आठ अनुच्छेदमा विभक्त गरिएको छ भने ५ ओटा प्रश्नवाचक चिह्न, एक एक ओटा विस्मयादिवोधक र पूर्ण विराम चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

सुजित मुन्दुल द्वारा लिखित आर.के. अदिप्त गिरिद्वारा अनुदित यस कवितामा हाम्रो देशको वर्तमान अवस्थासँग मेल खाएको छ । हाम्रो देशले नयाँ व्यवस्था, नयाँ संविधान खोजिरहेको वर्तमान अवस्थामा राजनीतिक दलका नेताहरूले अनेक बहाना बनाई देशलाई अस्थिरता तर्फ धकेलिरहेका छन् । त्यसैले पुरानो प्रवृत्तिलाई त्यागेर देशमा नयाँ व्यवस्था कायम गर्न अगाडि बढ्नुपर्छ । जनताको चाहना र भावना अनुरूप काम गर्नुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.२.१७. 'कमरेड किताब खोजिरहनुभएको छ ।'कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'कमरेड किताब खोजिरहनुभएको छ ।' संगीत श्रोताद्वारा लेखिएको कविता हो । कमरेडले बेलुका भट्टीमा तर्क गर्न, बैठकमा बढी व्याख्या गर्न, अखबारमा राजनीतिक विश्लेषण गर्न, आफ्ना सहकर्मीहरूलाई सहमत गराउन, समकालीनसँग टक्कर गर्न कुन किताबमा के के लेखेको छ ? आफ्ना विषयवस्तुसँग मिल्ने पुस्तक कहाँ–कहाँ छन् ? भनी पसलका च्याक-च्याकमा किताब खोज्दै हिँड्ने प्रसङ्ग उल्लेख गरेको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

संगीत श्रोताद्वारा लिखित यस कविताको विषयवस्तु समसामयिक रहेको छ । कमरेडहरू भट्टीमा गफ गर्न, अखवारमा लेख लेख्न, बैठकमा बढी व्याख्या गर्न, अग्रजका लागि प्रश्न तेर्स्याउन किताबहरू खोजिरहेका छन् । अत्याचार बढी भयो भन्दै भरुवा बन्दुक काँधमा बोक्दै कुशासनको निसासिँदो धुँवा छल्दै नयाँ संसारको सपना बोकेर कमरेडहरू जस्तालाई त्यस्तै बदलाको भावनाले अगाडि बढिरहेका छन् । त्यसैको लागि युद्धका दस्तावेज तयार पार्न,

छापामारको युद्धकलाको विषयमा वर्णन गर्न किताबहरू खोजिरहेका छन् । आन्दोलनले झन् झन् तातिरहेको अवस्थामा जुलुस सिहंदरबारको छेउछाउमा पुगेर महिला, दलित, जनजाति, मधेशे, मजदुर, सुकुम्बासी, किसान आदि मिलेर आ–आफ्ना माग तेर्स्याइरहेका छन् । सबैले नयाँ संसारको सपना बोकिरहेका छन् भने आन्दोलनको नेतृत्व गर्ने कमरेडहरू कुन अवस्थामा आफू कसरी प्रस्तुत हुनु पर्छ भन्नका लागि अध्ययनका निम्ति किताब खोजिरहेका छन् । उर्लिएको आन्दोलनले नयाँ सपना बोकेका आन्दोलनकारीका अगाडि आफू प्रस्तुत हुन र रेडियो तथा टेलिभिजनमा अन्तर्वार्ता दिनका लागि पूर्व तयारी गर्न सन्दर्भ सामग्रीहरूको खोजि गरिरहेका छन् । उनलाई मीठो खाजाको भोक र भट्टीको तलतल छैन, केवल आफू कसरी बोल्ने ? के बोल्ने ? कुन पुस्तकको सहारा लिने ? भन्ने धुनमा मात्र रहेका छन् । देशमा बूढाबूढी, बालबच्चा, रोइरहेको र सहिदका सपना, दिनदिनै निभ्ने बत्ती आदि जनतालाई चाहिने अत्यावश्यक कुराहरूको खोजी नगरी मात्र नयाँ किताब र विभिन्न प्रकाशनको किताब खोजिरहेको हुँदा हाम्रो देशका वर्तमान नेताले जनताका समस्याहरूको खोजी नगरी अलमलमा पर्दै मिडियामा के बोल्ने ? भन्ने कुराको खोजीमा हिँडिरहेको हुँदा यस कविताको विषयवस्तु समसामयिक रहेको छ ।

**इ) भाषा शैली/संरचना**

यो कविता गद्यमा लेखिएको छ । सरल शब्द र सरल भाषामा लेखिएको हुँदा सजिलै बुझ्न सकिने भाषा प्रयोग भएको छ ।  यो कविता लामो भएतापनि इतिहास र वर्तमानलाई औँल्याउने प्रयास गरिएको छ । यस कवितालाई आठ अनुच्छेदमा विभक्त गरिएको छ ।

**ई) भाव**

'कमरेड किताब खोजिरहनुभएको छ !' कविताले नेपालमा भएको माओवादी जनयुद्ध देखि वर्तमान नेपाली राजनीतिको अवस्था झल्क्याउने प्रयास भएको छ । जनयुद्धमा माओवादीहरू भरुवा बन्दुक काँधमा बोकेर नयाँ संसारको परिकल्पना गर्दै हिडिरहेको अवस्थालाई औँल्याइएको छ । पछि जनआन्दोलन भाग २ हुँदा दलित, जनजाति, मधेशे, महिला, मजदुर, किसान, सुकुम्बासी आदिहरूले सिंहदरबार घेरेर आफ्ना मागहरू तेर्स्याएका थिए । त्यतिबेला कयौं सहिद भए, कयौं अपाङ्ग, कयौं विस्थापित भए तर आज कमरेडहरू ती जनताका मागहरूको खोजी नगरी आफूहरू विभिन्न सञ्चार माध्यममा कस्तो कुरा गर्ने? कस्तो अन्तर्वार्ता दिने ? कसरी तर्क दिने ? भन्ने विषयमा अल्झदै देशलाई रुमल्याउने प्रयास भएको छ । नेताहरू जनताका पीरमर्का को बेवास्ता गर्दै आफू कसरी अगाडि बढ्ने र आफू कसरी

सम्मानित हुने होडमा लागेको हुँदा देशका जनताका मागहरू प्रति बफादार नहुनु यस कविताको मूल भाव रहेको छ ।

## ३.२.१८. 'आगो र आँशु' कविताको विश्लेषण

**अ) शीर्षक :** 'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'आगो र आँशु'कविता हिराधन राईद्वारा लेखिएको हो । कविले संगत बस्तीका लागि विसङ्गति र असमानता जलाउन आगो ओकेल्ने, बर्साउने, आगै लेख्ने गर्दथे तर वीर योद्धा अर्जुन उनकै समयमा ब्रम्हनल्ला बन्न पुग्दा आफूले केही गर्न नसक्ने कुरा व्यक्त गरेका छन् । आँखाका आँसुहरूले आफूभित्रको अग्निकुण्डलाई निभाउन पुगेको कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

'आगो र आँशु' कविता समसामयिक विषयवस्तुमा आधारित छ । समाजका असमानता र विसङ्गतिहरूका बिच आगो बर्साउने, आगै ओकल्ने कवि वीर योद्धा अर्जुनको विलय हुँदा आफू केही गर्न नसक्ने अवस्थामा रही आँसुको वर्षा बहाई आत्मा भित्रको अग्निकुण्डलाई निभाउने काम भएको छ । यस्तो अवस्थामा फेरि असमानताका र विसङ्गतिका विषवृक्षहरू पहाडभैँ फैलिँदै गएका छन् । कतै यसका विरुद्ध आवाज उठ्दैन मात्र दुःखका गोरेटाहरू कोर्न लागेको कुरा उल्लेख गरिएको छ । आँसुको पनि भेलबाढी आयो भने सारा विकृति र विसङ्गतिको अन्त्य हुनेछ, धर्तीलाई पखाल्ने छ । देशमा युद्धले गर्दा जतातै आगो बलेको र शान्तिका लागि अगाडि बढाइएका पाइलाहरू बिचैमा रोकिए पछि पुनः जनताहरू त्रसित र दुःखित हुन परेको अवस्थाका कारणले यस कविताको विषयवस्तु समसामयिक बनेको छ ।

**इ) भाषा शैली/संरचना**

यो कविता गद्यमा लेखिएको छ । सरल शब्दहरूको प्रयोग गरिएको छ भने मीठो भाषा शैलीको प्रयोग गरिएको छ । अनुच्छेदमा विभक्त गरिएको नभए पनि चारओटा प्रश्नवाचक चिह्न र पाँच ओटा पूर्ण विराम चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

यस कवितामा कविले आफू अन्याय र अत्याचारका लागि आगो बनेर उठेको आफ्ना वीर योद्धाको विलय हुँदा आफू युद्ध गर्न नसकेकोले आफूले कतै गल्ती त गरिनँ ? भन्ने प्रश्न गर्छन् । समयलाई छोप्न पो सकिनँ कि ? भनेर प्रश्न समेत गरेका छन् । अहिले आँसु मात्र

बगिरहेकोले आफ्नो साहसलाई ध्वस्त एवम् निभाई रहेको छ । असमानताका पर्खाल पुन ठडिन पुगेका छन् । यसरी यस कवितामा आन्दोलनको समयमा जनताहरू उठे, लडाइँ लडे, तर देशमा दिगो शान्ति र विकास होला भन्ने आकाङ्क्षा बोकेका थिए ती सब निराशामा परिणत हुन पुगेका छन् र सबै जनता दुःखित छन् भन्ने भाव यस कवितामा रहेको छ ।

## ३.२.१९. 'ब्रह्मा विष्णु महेश' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क ३ मा सङ्कलित 'ब्रह्मा विष्णु महेश' कवि दीपक ज्ञवालीद्वारा रचित कविता हो । कविले यस कवितामा ब्रह्मा, विष्णु, महेश जस्ता महान् देवताहरूको क्रीडास्थल नेपालमै भएको र हाल तीन पार्टीका नेताहरू ब्रह्मा, विष्णु, महेशको रूपमा आफ्नो अभिष्ट पुरा नभएसम्म नेपाल र नेपालीको चाहना पुरा हुँदैन भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

'ब्रह्मा विष्णु महेश' कविताको विषयवस्तु समसामयिक रहेको छ । 'ब्रह्मा विष्णु महेश' विराजमान भएको नेपाललाई स्वर्गसमान राखी क्रीडास्थल मानेका छन् । नेपालमा तीन पार्टीको हालीमुहाली भएकोले ती पार्टीका नेताहरू नै सर्बश्रेष्ठ मानिएका छन् । तीन पार्टीका नेताहरूका भक्त नेपाली जनताहरू भएको र तिनीहरूको अभिष्ट पुरा नभएसम्म जनताका इच्छा र चाहना पुरा नहुने कुरा उल्लेख भएको छ । कहिले को नजिक, कहिले को पराई ठान्दै नेपाली जनतालाई ललिपपको स्वाद चटाउँदै युद्ध र शान्तिलाई एकै साथ हिडाएर जनतालाई सम्प्रभुता स्थापना गर्छौं भन्ने गरेका छन् । लडाइँ जुँगाको भएको छ । जनताका भावना जे जसो भएपनि पार्टीका ठूला नेताहरू बिच को ठूलो ? भन्ने विषयमा होडबाजी चलिरहेको छ भने नेपाली जनतालाई ती त्रय पार्टीका नेताहरूमा विश्वास गुम्दै गएको प्रसङ्ग उल्लेख भएको छ । नयाँ नेपालको नयाँ संविधान दिन्छौं भनेर जनतालाई भनिरहेका नेताहरू देशमा अराजक स्थिति फैलाउन बाहेक केही सकिरहेका छैनन् । आज ! आज ! र भोलि ! भोलि ! भन्दै नेपाली जनतालाई फकाउने र फुल्स्याउने काम गरिरहेका छन् तर भोलिलाई पर्खिरहँदा आजमा कहिल्यै परिणत हुन सकिरहेको छैन । छ सय एक जना सभासदहरूलाई पूजा गरिरहेका नेपाली जनताले आशै आशामा बस्दा निराशा शिवाय केही प्राप्त गर्न सकिरहेका छैनन् । देशमा अस्थिरता बाहेक

शान्ति स्थापना हुन नसकेको कुरा यस कवितामा उल्लेख भएको हुँदा यसको विषयवस्तु समसामयिक बन्न पुगेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता गद्य लयमा लेखिएको छ । सरल भाषाको प्रयोग गरी लेखिएको यस कवितामा 'ब्रह्मा विष्णु महेश' तीन देवतालाई प्रतीकात्मक रूपमा नेपालका तीन पार्टीका नेताहरूलाई मानिएको छ । १२ ओटा श्लोकमा विभक्त गरिएको छ । एक देखि एघारौं श्लोकसम्म ४ हरफमा विभक्त गरिएको छ भने अन्तिम बारौं श्लोक भने ६ ओटा हरफमा विभक्त गरी लेखिएको छ ।

**ई) भाव :**

यस कवितामा कविले नेपालको वर्तमान परिवेशलाई चित्रण गर्ने काम गरेका छन् । नेपालमा स्थायी शान्ति स्थापना गर्न र नेपाली जनतालाई सम्प्रभुता तुल्याउन र नयाँ नेपालको नयाँ संविधान निर्माण गर्नका लागि नेपाली जनताले प्रमुख तीन ओटा पार्टी (नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा एकीकृत माओवादी) लाई प्रमुख जिम्मेवारी दिएका छन् । तिनीहरू एक आपसमा लडिरहेका छन् । सबैले आफ्ना आफ्ना दम्भ देखाएका छन् । नेपाली जनताको भावना अनुरूप काम गर्छौं भनेका नेताहरू आफ्ना अभिष्ट पूरा नभएसम्म कुनै काम गर्ने लक्षण देखा पर्दैन । आज आज र भोलि भोलि भन्दै भाका मात्रै राख्ने प्रचलन बढिरहेको र उधारो वरदान दिन खोजिरहेका छन् । नेताहरूले नेपाली जनताका भावना अनुरूप काम गर्छौं भन्दै जनतालाई झुक्याउने प्रवृत्ति रहेको कुरा यस कविताको मूल भाव रहेको छ ।

## ३.२.२०. 'देश अब दुख्न सक्दैन' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क ३ मा सङ्कलित 'देश अब दुख्न सक्दैन' कविता ध्रुवलाल शर्माद्वारा लेखिएको कविता हो । यस कवितामा नेपालको इतिहासमा देशलाई हानि नोक्सानी पुऱ्याउने गरी बाईसे चौविसे राज्यमा विभक्त गरिएको, सुगौली सन्धि गरिएको, सत्रसाल भित्र्याइएको र राजा ज्ञानेन्द्रले 'कु' गरेको घटनाले देशलाई दुखिरहेको र अब देशलाई दुख्ने गरी कुनै काम गर्न पाइँदैन भन्ने कुरा उल्लेख गरिएको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यो कविता इतिहासलाई केही कोट्याउँदै समसामयिक विषयवस्तुमा आधारित छ । नेपालको इतिहास शासक र शोषकको, दरबार र दरबारीयाहरू सँग बढी सम्बन्धित रहेको छ । गोपालवंश र महिषपाल वंशबाट सुरु भएको इतिहास पछि बाईसे चौबिसे राज्यमा विभक्त भएको छ । यसरी विभक्त हुँदा देश रोयो, सुगौली सन्धिले गर्दा देशलाई झन् दुखायो । यसले गर्दा कयौं नेपालीहरू विदेशी वन्न पुगे । आफ्ना मान्छे पराइ बन्न पुगे । राणा शासनको अन्त्य भएपछि झन् देशमा तानाशाह बढ्दै गए । वल्लवल्ल २००७ सालमा प्रजातन्त्र स्थापना भयो तर यसले पूर्णता प्राप्त गर्न नसक्दै २०१७ सालमा निर्दलीय व्यवस्था स्थापना भयो । राजा ज्ञानेन्द्रले 'कु' गरेपछि ०६२।०६३ मा जनआन्दोलन भाग २ भई केन्द्रीय सामन्तलाई तल झार्ने काम भयो । यस पश्चात् नव सामन्तहरू पालैपालो सत्तामा अधिकार जमाई रहेका छन् । विभिन्न किसिमका नारा र प्रतिवद्धता व्यक्त गर्दै छाडा बसाहाहरू पालै पालो सत्ता सम्हालिरहेका छन् । आफ्नो सत्ता टिकाउन सकिरहेका छैनन् । जनताका नाममा केही गर्न सकिरहेका छैनन् । देश र जनताका लागि केही गर्न नसक्नेहरूलाई होसियार हुन र देश टुक्राउन र जनता फुटाउन पाइँदैन । देश र जनतालाई दुःख दिन पाइदैन भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको विषयवस्तु समसामयिक बन्न पुगेको छ ।

**इ) भाषा शैली/संरचना :**

यस कविताको भाषा सरल छ । यस कवितामा समसामयिक विषयवस्तुमा आधारित रहेर शासकलाई सचेत गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिएको छ । गद्यमा लेखिएको प्रस्तुत कविता एउटै अनुच्छेदमा लेखिएको छ । जम्मा आठ ओटा पूर्ण विराम चिह्नको प्रयोग भएको छ ।

**ई) भाव :**

लामो इतिहास बोकेको नेपालमा गोपाल वंशदेखि शाहवंशका ज्ञानेन्द्र सम्मका थुप्रै व्यक्तिहरूले शासन गरे । देश बाईसे चौबिसे राज्यमा टुक्रियो । सुगौली सन्धि हुँदा कैयौं नेपाली विदेशी बन्न पुगे । यस्ता विभिन्न दुखाइहरू राज्यले भोग्दै आएको छ । राणा शासनको उदयले निरङ्कुश जहाँनिया शासनको शुरु भयो । सत्र साल आयो, निर्दलीयता भित्रियो, देशले दुःख भोग्दै गयो । ज्ञानेन्द्रले 'कु' गरे, आन्दोलन भयो कैयौं सहिद बन्न पुगे । अशान्ति मच्चियो । लोकतन्त्रको स्थापना पछि पनि नव सामन्तहरू पालैपालो सत्तामा पुगेर देशमा विखण्डन ल्याउन तानाबाना बुन्दै आएका छन् । देशका सत्ताधारी शासकहरूलाई देश र जनताको भावना

अनुकूल हुने गरी स्थायी शान्ति स्थापना गर्नुपर्छ, मनपरी गर्न पाँइदैन भन्ने भाव यस कविताको रहेको छ ।

## ३.२.२१. 'फेरिएको रङ्ग' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क ३ मा सङ्कलित 'फेरिएको रङ्ग' कविता कवि शंकर गिरी द्वारा लेखिएको हो । यस कवितामा कविले समय फेरिएको, रूपरङ्ग फेरिएको, जनशब्द फेरिएको, शासक फेरिएको प्रसङ्गले यस कविताको शीर्षक फेरिएको रङ्ग सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु समसामयिक रहेको छ । सयम सिधा बग्दैन भन्ने कविको बुझाइ रहेको छ । कविले 'म' बिर्सेर 'हामी' सम्झाउँदा तिमीले हामी विर्सेको अवस्थामा म गड्गडाएर चम्किएँ, गर्जिएँ तर तिमी निदाएको जस्तो स्वाङ पारेर देश प्रतिको सोचाइ तिम्रा लागि असह्य र घाँडो बनेको छ । समय फेरियो, जनशब्द फेरियो र हामी शब्द तिमीलाई केही प्यारो लागेको छ । मक्किएको सत्ता ढल्यो र तिमी पनि अघि बढ्यौं । तर फेरि जात्रै जात्राको देश बनायौं, जनताको भावना कुल्चिएर पुनः हामी भन्ने शब्दावली बिर्सियौं । जनताले गरेको सङ्घर्ष र बलिदान आफ्नै लागि मात्र नठान, दुःखी गरिबका आशा भरोसालाई तिलाञ्जली गऱ्यौं भने पुनः तिमी कहिल्यै नदेखिने गरी हराउने छौं भन्ने प्रसङ्गहरू यस कवितामा उल्लेख भएको छ । नेपालको सत्तामा पुगेका नेताहरूले हामी भन्ने शब्द बिर्सेर तेरो र मेरोको भावनाले अगाडि बढेकोले यस कविताको विषयवस्तु समसामयिक बनेको छ ।

**इ) भाषा शैली /संरचना :**

यो गद्यमा लेखिएको कविता हो । मीठो भाषाशैली र सरल शब्दहरूको प्रयोग गरिएको छ । सात अनुच्छेदमा विभक्त गरिएको छ भने प्रथम र पाँचौ अनुच्छेदमा एक एक ओटा प्रश्नवाचक चिह्नको मात्र प्रयोग गरिएको छ भने अन्य लेख्य चिह्नको प्रयोग भएको छैन ।

**ई) भाव :**

समसामयिक विषयवस्तुमा आधारित भई लेखिएको यस कवितामा समयको परिवर्तनसँगै तिमी अघि बढेको र हामी भन्ने शब्द बिर्सेको कुरा यस कवितामा उल्लेख भएको छ । जनताले गरेको सङ्घर्ष र बलिदानका कारण तिमी अघि बढेको र अघि बढिसकेपछि जनताका भावनाहरू र चाहनाहरूलाई बेवास्ता गरी देश र जाति प्रतिको आशालाई निराशामा परिणत गर्ने प्रवृत्ति

देखाइएको छ । नेपालको सन्दर्भमा नेताहरू सत्तामा पुगिसकेपछि जन भावना अनुरूप काम गर्न नसकी  व्यक्तिगत स्वार्थमा अगाडि बढिरहेका छन् । यसरी आफ्नै मात्र स्वार्थ पुरा गर्न अगाडि बढिरह्यौं भने तिमीहरू पनि कहिल्यै नदेखिने गरी हराउने छौं भनी खबरदारी गर्ने काम समेत यस कवितामा भएको छ ।

## ३.२.२२ 'अखवारिया' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित 'अखवारिया' कविता कवि ओमप्रसाद घायलद्वारा लेखिएको हो । यस कवितामा अखवारियाले स्वतन्त्रापूर्वक विभिन्न कर्तुतहरूको पर्दाफास गर्दै र ज्यादतीको विरोध गरी कलम चलाउँदा विभिन्न धम्की र चोट खाँदासम्म अन्यायको विरुद्धमा कलम चलाउने कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु समसामयिक रहेको छ । पत्रकारहरूले स्वतन्त्रपूर्वक देशमा भएका बेथिति र ज्यादतीहरूलाई कोट्याउँदै जनमानसमा पुऱ्याउने काम गर्दछन् । शोषण, दमन र अत्याचारको विरोध गरेको कारणले अखबारियाको कलम बन्द गर्न खोजिएको छ । विभिन्न धम्की र षड्यन्त्र गदै अखवार बन्द गर्न खोज्ने, च्यात्ने जस्ता कुराहरू देशमा भइरहेका छन् । ज्ञानेन्द्र खड्का, डेकेन्द्र थापा, कृष्णसेनहरू जस्ता निर्भिक र स्वाभिमानी अखवारियालाई छप्काउन समेत पछि नपरेको हाम्रो देशमा कवि स्वतन्त्रताका साथ प्रेस स्वतन्त्रताका लागि सधैं अघि बढ्दै अन्यायको विरुद्धमा विगुल फुक्ने छु भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको विषयवस्तु समसामयिक रहेको छ ।

**इ) भाषा शैली/ संरचना :**

यो कविता गद्यमा लेखिएको छ। सरल र मिठासपूर्ण भाषा शैलीको प्रयोगले यो कविता सहज बन्न पुगेको छ । एउटै अनुच्छेदमा लेखिएको यस कविता आठओटा विस्मयादिबोधक चिह्नको प्रयोग गरिएको छ भने एउटा मात्र पूर्ण विराम चिह्नको प्रयोग गरिएको छ लामा छोटा गरी जम्मा ६५ हरफहरूमा संरचित छ ।

**ई) भाव :**

यस कवितामा अखवारियाहरूले भोग्नु परेको अवस्थालाई उजागर गर्ने काम भएको छ । देशमा भएको अन्याय अत्याचारको विरोधमा कलम चलाउँदा र अन्यायमा परेका आवाजहरूलाई बाहिर ल्याउने क्रममा शोषक र सामन्तीहरूले उनीहरूप्रति गरिएको दुर्व्यवहार प्रतिको विरोध गरिएको छ । अखवारियाहरूले स्वतन्त्र र निर्भयपूर्वक कलम चलाउन पाउनुपर्छ । अन्यायमा परेकाहरूको आवाज बुलन्दित गर्नुपर्छ । कलमलाई बन्दुक र तरबारले छेक्न सक्दैन भन्ने भाव यस कविताको रहेको छ ।

## ३.२.२३. 'महायज्ञ' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित 'महायज्ञ' कविता धनबहादुर गहतराज अविरलद्वारा लेखिएको हो । यस कवितामा देशमा जातीय विभेद, लिङ्ग विभेद, वर्गीय विभेदले आक्रान्त बनाएको अवस्थामा नयाँ संविधानले यस्ता विभेदको अन्त्य गर्न महायज्ञ गर्न शुभेच्छा गरिएको हुँदा यस कविताको शीर्षक 'महायज्ञ' सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

यो कविता समसामयिक विषयवस्तुमा आधारित छ । अहिलेको विज्ञान र प्रविधिको युगमा पनि नेपालमा एउटा मान्छेबाट अर्को मान्छेलाई दबाउने, छुवाछुत गर्ने, पुरुष र महिला बिचको विभेदले देशमा असमानता र अराजकताले गर्दा सामन्ती वर्गले फाइदा उठाइरहेको र राज्यका शासकले जनतालाई भुलाउनका लागि भाषण मात्र गर्ने तर दलित, पीडित, महिला, गरिब आदि पिछडिएका जाति र वर्गको उत्थानमा मन नदिएकोले देशमा बन्न लागेको संविधानले यस्ता खाले सबै समस्याहरूको समाधान गरियोस् भन्ने शुभेच्छा प्रकट भएको हुँदा यस कविताको विषयवस्तु समसामयिक बनेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता गद्य लयमा लेखिएको छ । सरल र मिठासपूर्ण भाषाको प्रयोगले सहज भएको छ । चार हरफको एक श्लोक बनाई पाँच श्लोकमा विभक्त गरिएको यस कवितामा अन्त्यानुप्रासको समेत संयोजन गरिएको छ ।

**ई) भाव :**

यस कवितामा देशमा भएको विभेदका विषयमा उल्लेख गरिएको छ । आधुनिक वैज्ञानिक र प्रविधिको युगमा समेत हाम्रो समाजमा जातीय विभेदले जरा गाडिरहेको छ । एक जातले अर्को जात माथि दमन गर्ने प्रथा अझै कायम रहेको र श्रमजीवी वर्गहरू ढुक्कसाथ आफ्नो काम गर्न नसक्ने अवस्थाको उल्लेख गरिएको छ । युगौदेखिको अमानवीय क्रियाकलापको अन्त्य गर्न अब बन्ने संविधानले महत्त्वपूर्ण भूमिका निर्वाह गरोस् भन्ने भाव यस कविताको रहेको छ ।

## ३.२.२४. 'शिखरिणी छन्द' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित 'शिखरिणी छन्द' कविता मोदनाथ शास्त्रीद्वारा लेखिएको हो । कविले सत्र अक्षरको एक पाउ हुने शिखरिणी छन्दमा कविता रचेको हुनाले छन्दकै नामबाट शीर्षक राखेको हुनाले यसको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यो कवितामा समसामयिक विषयवस्तुलाई आधार बनाइएको छ । कुनै कामले मानिस बाहिर कतै जाँदा फर्कन गाह्रो भएको, घरमै बस्ने मानिसमा पनि निराशा छाएको, कसैका स्वच्छ सपना भत्केका, कसैको सुखद विपनामै प्राप्त भएको, देशका कतिपय मानिसहरू अन्याय सहेर वस्नु परेको, कतै शिक्षक, कतै बूढाबूढी, कृषक आदि परिश्रमी व्यक्तिहरू मरेको घटनाको विषय उल्लेख गरिएको छ । कतै बेथितिहरूसँगै कार्यालयहरू ढल्केको, कतै नहर, कुलो र घरहरू भत्केको प्रसङ्गहरू उल्लेख गरिएको छ । देशमा अशान्ति, युद्ध हड्तालका कारणले समाजमा बेथितिहरू सिर्जना भई गोला बारुदको भय र त्रास बढ्दै गएको नेपालको वर्तमान सन्दर्भ उल्लेख भएको हुँदा यस कविता समसामयिक विषयवस्तुमा आधारित रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

शिखरिणी छन्दमा लेखिएको यस कवितामा सरल र सरस भाषा शैलीको प्रयोग गरिएको छ । चार पाउको एक श्लोक बनाई पाँच श्लोकमा अन्त्यानुप्रास समेत मिलाई कविता रचना गरिएको छ ।

**ई) भाव :**

यस कवितामा कविले देशको वर्तमान समसामयिक पक्षलाई उजागर गर्ने काम गरेका छन् । बन्द, हड्ताल, अशान्तिका कारणले देश अस्थिरतामा जगडिरहेको छ । मानिसहरू शान्तिपूर्वक एवम् ढुक्क साथ आफ्ना काम गर्न सकिरहेका छैनन् । शान्तिको सास फेर्न पाएका छैनन् । कयौं युवा युवतीहरू अराजक कियाकलापमा संलग्न भएका छन् । शिक्षक, बूढाबूढी र किसानहरू हत्या हिंसाका शिकार बनेका छन् । घरबाट निस्किएकाहरू घर फर्कन नपाउँदै असुरहरूको बम र बन्दुकमा परी घर फर्कन सकेका छैनन् । यस कवितामा देशमा अशान्त वातावरण रहेकोले यसका कारण गरिब, दुःखी एवम् पेशाकर्मीहरू यसका शिकार बनेको कुरा यस कविताले प्रष्ट पार्ने काम गरेको छ ।

**निष्कर्ष** : समसामयिक विषयवस्तुमा आधारित २४ वटा कविताहरू यस शोधपत्रमा समावेश गरिएको छ । यी कविताहरूमा देशका जल्दा बल्दा गतिविधिहरूलाई विषयवस्तु बनाउने प्रयास गरिएको छ । नेताहरूले जनताहरूलाई उक्साएर आन्दोलनमा लाग्न प्रेरित गरेका छन् । कुरा ठूला ठूला गर्ने तर काम नगर्ने प्रवृत्तिहरूको बारेमा चर्चा गरिएको छ । दलगत स्वार्थमा लागेर जनताका समस्याहरू यथावत राख्ने प्रवृत्तिहरू प्रति समेत व्यङ्ग्य गर्ने काम भएको छ । देशमा अशान्त वातावरणले गर्दा जनताको जीवनस्तर माथि असर पर्नु, स्वाभिमानी व्यक्तिको कुनै मूल्य नहुनु प्रवृत्तिहरूलाई औंल्याउने प्रयास भएको छ । नारीहरू दिनदहाडै बलात्कृत हुँदा सरोकारवालाहरू चुप लागेर बसेको अवस्था तथा गरिब जनताका पीडाहरू यथावत राख्दै व्यक्तिगत स्वार्थमा लाग्ने शासकको प्रवृत्तिहरूलाई मुख्य विषयवस्तु बनाएर कविता रचिएका छन् । जनताको चाहना देशमा शान्ति स्थापना गर्नु भएको हुँदा यस्ता खाले गतिविधिहरूलाई औंल्याउँदै कविता रचना गर्नु समसामयिक विषयवस्तुका कविताका विशेषता हुन् ।

## ३.३. देशप्रेम सम्बन्धी कविताहरू

देशप्रेम सम्बन्धी कविताहरूमा देशप्रति माया गरी राष्ट्रको हित गर्न र देशमा दिगो शान्ति र विकास गर्न सबै लाग्नु पर्ने भावनाले रचिएका कविताहरू रहेका छन् । विदेशीएका दाजुभाइ समेत आफ्नो माटोलाई सम्झँदै राष्ट्रको शिर उचो राख्न तल्लीन हुनु पर्छ भन्ने विषयवस्तुलाई समेटेर रचिएका कविता यस अन्तर्गत परेका छन् । यस शोधपत्रमा ११ वटा कविताहरूलाई निम्नअनुसार अध्ययन विश्लेषण गरिएको छ ।

## ३.३.१. 'स्वदेशको झझल्को' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'स्वदेशको झझल्को' कविता धनबहादुर गहतराज अविरलद्वारा गद्य लयमा लेखिएको कविता हो । परदेशमा बसेर परदेशी नै बनेर बस्नु भन्दा स्वदेशको सम्झना गरी आफ्नो मुलुकमा पसिना बगाई आफ्नै देशको विकासमा लाग्ने इच्छा कविले प्रकट गरेको हुँदा यस कविताको शीर्षक स्वदेशको झझल्को सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

'स्वदेशको झझल्को' कविता देशप्रेमको विषयवस्तुलाई आधार बनाई लेखिएको हो । कविबाट विदेशमा बसेर आफ्नो देशलाई सम्झेर आफ्ना पिता पूर्खाहरूको थलोमा विचरण गरी आनन्द लिने इच्छा प्रकट भएको छ । परदेशमा रहँदा नेपालको सम्झना गर्दै विदेशीहरूको सेवा गर्नुभन्दा स्वदेशमै बसेर देशबासीको सेवा गरी समय विताउने चाहना आफूमा आएको कविको रहेको छ । स्वदेशमै जन्मी, हुर्की विदेशमा गई कैयौं नेपाली दाजुभाइले ज्यान गुमाइरहेका छन् तर तिनीहरूको कुनै सम्मान छैन त्यसैले सम्मानपूर्वक आफ्नो देशमा बसी देशको विकासका लागि समय दिने कुराले यस कविताको मुख्य विषयवस्तु देशप्रेम रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

गद्य लयमा लेखिएको यो कविता चार हरफको एक श्लोक बनाई चार श्लोकमा विभक्त गरिएको छ । स्वदेशको मायाले कविलाई आफ्नो राष्ट्र तर्फ तानेको कुरा मीठो भाषाशैली र सरल भाषाको प्रयोग गरी प्रष्ट पार्ने काम भएको छ ।

**ई) भाव :**

यस कवितामा कविले परदेशमा बसेर परदेशीको सेवा गर्दा आफू सम्मानित नभएको महसुस गरी नेपाली भूमिको सम्झना गर्दै विदेशमा बसेर समय बिताउनु हुँदैन परदेशमा बगाएको पसिना स्वदेशमा बगाउन सके नेपालको उन्नति र प्रगति अवश्य हुनेछ र विदेशमा नेपालीहरूले जतिसुकै बलिदानी गरेपनि त्यसको कुनै अर्थ रहँदैन । स्वदेशमै बसेर मीठो मसिनो खाई नेपालकै हितमा लाग्नु पर्छ भन्ने प्रमुख भाव यस कविताको रहेको छ ।

## ३.३.२. 'आमा' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'आमा' वैभवदीप श्रेष्ठद्वारा लेखिएको कविता हो । आमाले आफ्ना छोराछोरीहरूको कल्याण गर्नका लागि भगवान्सँग पुकारा गरी आफ्ना सन्तानको दुःख हर्नमा तल्लीन भइरहने हुँदा आमाको महत्त्वको बारेमा लेखिएकोले प्रस्तुत कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यो कविता देशप्रेम सम्बन्धी विषयवस्तुमा आधारित छ । कविले आफूले भगवान् नमान्ने र भगवान्ले पनि आफूलाई नमान्ने तर दुःख पर्दा आमाले भगवान्सँग पुकारा गरिदिने हुनाले आमाले सन्तान प्रति गर्ने मायालाई जोड दिइएको छ । आमा सूर्य झैं अटल भई कहिल्यै नझुकी, कहिल्यै नथाकी, कहिल्यै नगली धर्म र कर्म पालनामा तल्लीन छन् । न आमाले भ्रष्टाचार गर्छिन्, न राजनीति गर्छिन्, न कुनै घमण्ड गर्छिन् सधैं आफ्ना सन्तानलाई अगाडि बढाउन कसरी सकिन्छ ? भन्ने स्वच्छ दिलले लागि परिरहेकी हुन्छिन् । आमा भए आफ्नो घर हुन्छ, जगत् हुन्छ र ईश्वर हुन्छ । आमा नभए हामीलाई दुःख पर्दा समस्या समाधान गर्न कोही नहुने हुँदा आमाको महत्त्वलाई जोड दिइएको छ । हामी सबै नेपाल आमाका सन्तान भएको हुँदा यसको मुख्य विषयवस्तु देशप्रेम रहेको छ ।

**इ) भाषा शैली /संरचना :**

गद्य शैलीमा लेखिएको यो कविताको भाषा सरल र मिठास रहेको छ । पाँच अनुच्छेदमा विभक्त यस कवितामा एउटा प्रश्नवाचक चिह्न र एउटा पूर्णविराम चिह्नको प्रयोग गरिएको छ । थाक्नुहुन्न, गल्नुहुन्न, चुक्नुहुन्न जस्ता शब्दहरू यस कवितामा प्रयोग गरिएको छ ।

**ई) भाव :**

यस कवितामा आमाको महत्त्वलाई जोड दिइएको छ । आमाले आफ्ना सन्तानलाई गर्ने माया अटल हुन्छ कसैलाई भेदभावपूर्ण व्यवहार गर्दिनन् । आफ्ना सबै सन्तानलाई बराबर माया गर्छिन् । हामी सबै नेपाल आमाका सन्तान होऔं । आमाको तर्फबाट सबै समान छौं । नेपाल रहे हामी नेपाली रहने छौं । यदि नेपाल नै नरहे हामी नेपालीलाई परेको पीर मर्का बुझ्ने कोही हुने छैन र हाम्रो अस्तितत्व नरहन सक्छ त्यसैले हामी सबै मिली नेपाल आमाको रक्षा र सुरक्षा गरी मातृत्वको भावनाले आफ्नो अस्तितत्व जोगाउन अगाडि बढ्नुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

### ३.३.३. 'जागिरको समीकरण' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'जागिरको समीकरण' कविता भरत विवश पौडेलद्वारा लेखिएको कविता हो । विभिन्न आशा भरोसाहरू सँगाल्दै ज्यानमारा जागिर खान निस्किएको छ म पात्र । सडकमा आफ्नो जागिरको कुनै मूल्य नभएको तर आफूले चुपचापसँग आफ्नो ड्युटी गरिरहन्छ । आफूले निकै मेहनत गरेर र भएको सम्पत्ति समेत बेचेर कमाएको योग्यताको कुनै कदर नभएकोले आफूले थप्पड समेत खानु पर्दा हिनताबोध भएतापनि राष्ट्र र राष्ट्रियता प्रति देखाएको इमान्दारिता प्रति प्रशस्त कठपुतली भाटाहरू बर्से पनि चुपचाप जागिर खाइरहेकोले यस कविताको शीर्षक जागिरको समीकरण सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु देशप्रेम रहेको छ । कवि आफ्ना सम्भावनाका सम्पूर्ण ढोकाहरूमा ताल्चा मार्दै अनगिन्ती सपनाहरू बटुल्दै ज्यानमारा जागिर खाना निस्केका छन् । खाइरहेको जागिरमा सडकमा न आफ्नो मूल्य रहेको छ न त आफूमा अपनत्वको भावना जागृत भएको छ । तिरस्कृत भएर पनि आफूले खाएको जागिर प्रति निष्ठावान् भई जागिर र जिन्दगीलाई छिचल्दै हिँड्ने गरेका छन् । आफ्नो भएको सम्पत्ति बेचेर र कडा परिश्रमका साथ प्राप्त गरेको योग्यता थप्पडसित साटिन पुगेको अवस्थामा नैतिकता कारागारमा बन्दी भएको छ । राष्ट्र र राष्ट्रियता प्रति बफादार भई आफूले ड्युटी गर्दा कठपुतली रूपी भाटाहरू आफूमाथि बर्सदा समेत आफ्नो जागिरले केही बोल्न नसक्दा पनि आफूले चुपचाप लागी ज्यानमारा जागिर खान परिरहेको छ । त्यसैले राष्ट्र र राष्ट्रियताका लागि आफूलाई दुःख कष्ट पर्दा समेत जागिर खाइरहेकोले यस कविताको विषयवस्तु देशप्रेमसँग सन्दर्भित छ ।

**इ) भाषा शैली/संरचना :**

गद्यमा लेखिएको यस कविताको भाषाशैली सरल र सरस रहेको छ । अभिलाषा, गल्छेडा, अनगिन्ती, अपनत्व, थप्पड जस्ता शब्दहरूको प्रयोग गरी ६ अनुच्छेदमा विभक्त गरिएको छ ।

**ई) भाव :**

यस कवितामा जागिरका कारणले मानिसका विभिन्न सम्भावनाका ढोकाहरू बन्द हुने, जतिसुकै कठिनाई आइपरेतापनि निर्देशित नियमहरूको पालना गर्नुपर्ने, आफूलाई बिगारोस् वा सपारोस् सम्मान होस् या अपमान जस्तो सुकै अवस्थामा पनि नीति नियमको परिधिभित्र रहनु

पर्छ । आफ्नो योग्यताको कदर नभएपनि तोकिएको कार्य समयमै सम्पन्न गर्नुपरेको अवस्था एकातिर रहेको छ । राष्ट्र र राष्ट्रियता प्रति इमान्दार बनी काम गर्दा समेत कठपुतलीहरूले आफू माथि भाटा प्रहार गर्दा समेत आफ्नो जागिर मौन अवस्थामा रहेको छ भने आफू चुपचाप लागेर ज्यानमारा जागिर खान परेको अवस्था छ । राष्ट्र र राष्ट्रियताको निमित्त आफूले जतिसुकै यातना खानु परेपनि, भाटा खानु परेपनि राष्ट्रको हितमा लाग्नु पर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.३.४. 'कर्मवीर' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क ३ मा सङ्कलित 'कर्मवीर' कविता त्रिलोकनारायण 'संसार' द्वारा लेखिएको हो । कविले आफूले श्रम र सीपलाई विश्वास गर्दै श्रमलाई आफ्नो धर्म र सीपलाई पूजा गर्ने गरेको र देशको सुरक्षाका लागि हात हतियार उठाएको प्रसङ्गले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा देशभक्तिको भावनालाई प्रमुख विषयवस्तु बनाइएको छ । कवि आफू कर्ममा विश्वास गर्दछन् । श्रम र सीप प्रति सदा श्रद्धा गर्दै श्रमलाई धर्म सम्झने र सीपलाई पूजा गर्ने गरेका छन् । कविले बाँझो जग्गालाई उर्बर बनाएका छन् । पहाड पर्वत फोरेर बस्ती बसाउने काम गरेका छन् । देशको रक्षाका लागि हात हतियार खुँडा बनाउने काम गरेका छन् र त्यसैबाट शिकार हुन पुगेका पनि छन् । तर देशको उन्नतिका लागि सधैं अघि बढ्दै हिँड्ने काम गरिरहेका छन् । देशमा रहेका विभिन्न जातजातिका संस्कृति र भेषभूषाको सम्बद्र्धन गर्दै जाँदा पनि अपमान सहन परेको छ । जे जस्तो अपमान सहन परे तापनि सधैं अगाडि बढ्ने प्रयास गरिरहेका छन् । जसलाई आस्थाका देवता सम्झे उसैले उल्टै चोट पुऱ्याउँदा पनि आफू कर्म प्रति सजग हुँदै पुरातनवादी शिक्षाले भत्काएको समाजलाई समतामूलक समाज निर्माण गर्न दिनरात खटेका छन् । त्यसैले कवि आफ्नो राष्ट्रको शिर उचो बनाउन लागिरहेकोले यस कविताको विषयवस्तु देशप्रेम रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो गद्य कविता हो । यस कवितामा प्रयोग भएको भाषा सरल र सरस रहेको छ भने शब्दहरू पनि सरल छन् । ४१ हरफमा लेखिएको यस कवितामा अनुच्छेद छुट्याइएको छैन । दस ओटा पूर्ण विराम चिह्न र एउटा मात्र प्रश्नवाचक चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव** :

यस कवितामा कविले आफू कर्मवीर भएको ठानेका छन् । श्रम र सीप प्रति विश्वास गर्दै श्रमलाई धर्म ठानेका छन् भने सीपलाई पूजा गर्ने काम गरेका छन् । सधैं मेहनत गरी बाँझो जग्गामा प्रशस्त अन्न उब्जाउने काम गरेका छन् । देशको सुरक्षाका लागि, देशको विकासका लागि, विभिन्न जातजातिका भाषा, संस्कृति र भेषभूषाको रक्षा गर्न लागिरहेका छन् जातिय छुवाछुतको अन्त्य गरी समतामूलक समाज निर्माण गर्नको निम्ति अहोरात्र खटिरहेको बेला आफूले सम्मानको साटो अपमान मात्रै सहनु परेको छ । जस्तोसुकै कठिन परिस्थितिमा पनि आफू निरन्तर रूपमा देश र जनताको उत्थानमा सधैं लागिरहनु पर्दछ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.३.५. 'शहिदको इच्छा' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित 'शहिदको इच्छा' कविता इन्द्रराज पौडेलद्वारा लेखिएको हो । कविले यस कवितामा शहिदले आफ्ना शरीरका हरेक अङ्गहरू जस्तै आँखा, मृगौला, मुटु, हाड, रगत सबै काम लाग्ने ठाउँमा उपयोग गर्नु र बाँकी अंश गिद्धलाई खुवाउनू भन्ने इच्छा प्रकट गरेकाले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु** :

यस कविताको मुख्य विषयवस्तु देशप्रेम रहेको छ । देश र जनताको पक्षमा लडेका ती सहिदहरूले आफ्ना शरीरका अङ्गहरू पनि देश र जनताका लागि प्रयोग होऊन् । आफ्नो मुटु युवाहरूले लिऊन् भन्नाले युवाहरू देशमा परिवर्तनका संवाहक भएको हुँदा दह्रो मुटु लिएर क्रान्तिमा होमिई देशमा परिवर्तन ल्याऊन् भन्ने इच्छा सहिदहरूको रहेको छ । आफूले गरेको इच्छा गुरुमन्त्र ठानेर क्रान्तिमा होमिएर शोषक र सामन्तको अन्त्य गरियोस् भन्ने अभिव्यक्ति दिएको हुँदा यस कविता देश प्रेम सम्बन्धी रहेको छ ।

**इ) भाषा शैली/ संरचना :**

यो शार्दूलविक्रीडित छन्दमा लेखिएको कविता हो । यस कविता प्रयोग भएको भाषा सरल र सहज छ । निबर, घायल, मञ्जिल, जञ्जिर जस्ता कठिन शब्दको प्रयोग गरिएको छ । चार हरफको एक श्लोक बनाई पाँच श्लोकमा विभक्त गरिएको यस कवितामा अन्त्यानुप्रासको समेत संयोजन गरिएको छ ।

**ई) भाव :**

इन्द्रराज पौडेलद्वारा रचित यस कवितामा कविले देशमा शोषक र सामन्तहरूको जञ्जीरलाई तोड्न क्रान्तिमा होमिन आह्वान गरेका छन् । जसरी सहिदहरूले बलिदान दिए त्यसै गरी देश र जनताको पक्षमा रहेर राष्ट्रमा रहेको अन्याय, अत्याचार र दमनको विरुद्ध एकजुट भई सहिदको प्रेरणाबाट क्रान्ति गरी स्वतन्त्रता, न्याय र अमनचयन कायम गर्न अगाडि बढ्नुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.३.६. 'बटौली' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित 'बटौली'कविता देवेन्द्रराज शाक्यद्वारा लेखिएको हो । यस कवितामा कविले बटौलीमा हिमाल, पहाड र तराईका बटुवाहरू जम्मा भई तिनै क्षेत्रका सांस्कृतिक परम्परा, लोकसंस्कृतिमा रमाउने र परिश्रमिहरूको आश्रयस्थल भएको कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक 'बटौली' सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

देवेन्द्रराज शाक्यद्वारा लिखित यस कविताको प्रमुख विषयवस्तु देशप्रेम रहेको छ । कविले यस कवितामा बटौलीको महत्त्वलाई समेत स्पष्ट पार्ने काम गरेका छन् । हिमाल, पहाड र तराईका सबै बटुवाहरू जम्मा भई आ-आफ्ना क्षेत्रमा भएका विभिन्न संस्कृतिहरूको साटासाट हुने, लोक संस्कृतिमा रमाउने, धार्मिक संस्कारका विषयमा समेत कुराकानी र हाँसखेल गरिने हुँदा यो क्षेत्रको महत्त्वलाई स्पष्ट पारिएको छ । सिद्धबाबाको समाधी, रामापिथेकसको बास, बुद्धको बुद्धवल्ली, तिलोत्तमाको क्रीडास्थल, अङ्ग्रेजहरूलाई माटो खुवाएको जीतगढी किल्ला, आस्था र विश्वासको संगमस्थल भई देशको महत्त्वपूर्ण क्षेत्रको बारेमा वर्णन गरिएकोले यस कविताको विषयवस्तु देशप्रेम रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो गद्यमा लेखिएको कविता हो । सरल र मिठासपूर्ण भाषाको प्रयोग गरी एउटै अनुच्छेदमा लेखिएको छ । तीनओटा पूर्ण विराम चिह्नको प्रयोग गरी बीस हरफमा संरचित गरिएको छ ।

**ई) भाव :**

देवेन्द्रराज शाक्यद्वारा लेखिएको यस कवितामा देशका विभिन्न ठाउँहरूमध्ये बटौली क्षेत्र नेपालको महत्त्वपूर्ण स्थानको रूपमा रहेको छ । यस क्षेत्रमा देशका विभिन्न भागमा बस्ने मानिसहरू जमघट हुने र नेपाल अंग्रेजबिच युद्ध हुँदा अङ्ग्रेजहरूलाई हराएको कुरा स्पष्ट पारिएको छ । देव देवीहरूको संगम र बटुवाहरूको संगमस्थल भएको हुँदा देशको रक्षा गर्नको लागि विजय प्राप्त गरेको क्षेत्र भएको हुँदा राष्ट्रिय महत्त्वको विषयलाई झल्काउने काम यस कवितामा गरिएको छ ।

## ३.३.७. 'स्रष्टाको सङ्कल्प' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित 'स्रष्टाको सङ्कल्प' कविता डा. बमबहादुर थापा जितालीद्वारा लेखिएको हो । कविले यस कवितामा आफू जन्मेको ठाउँ र देश स्वर्गभन्दा पनि प्यारो हुन्छ । कविले आफू जन्मेको देशलाई धरापमा पर्न नदिने र स्वदेशको माटोमा पसिना बगाई हराभरा बनाउने सङ्कल्प गरेको हुँदा यस कविताको शीर्षक 'स्रष्टाको सङ्कल्प' सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा देशप्रेमलाई मुख्य विषयवस्तु बनाइएको छ । आमाले आफ्ना छोराछोरीलाई जति माया गर्छिन्, त्यसरी नै नेपाल आमाले नेपालीहरूलाई त्यति माया गर्दछिन् । त्यसैले आफ्नो जन्मभूमि स्वर्गभन्दा पनि प्यारो हुने भएकोले यस देशलाई स्वर्गजस्तो बनाउनका लागि कवि लागिपर्ने कुरा स्पष्ट भएको छ । हाम्रा वीर पूर्खाहरूले देखाएको बाटोलाई अनुसरण गर्दै राष्ट्रप्रेमको भावनाले देशलाई हराभरा बनाई सुन्दर, शान्त र विशाल नेपाल बनाउने सङ्कल्प कविको रहेको हुँदा यस कविताको विषयवस्तु देशप्रेम रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यस कवितामा सरल र मीठो भाषाशैलीको प्रयोग गरी देशभक्तिको भावना प्रकट गरिएको छ । एक श्लोकमा चार हरफ समावेश गरिएको छ भने जम्मा चारओटा श्लोकमा संरचित गरिएको र अन्त्यानुप्रासको प्रयोगले कविता मिठासपूर्ण बनेको छ ।

**ई) भाव :**

डा. बम बहादुर थापा जितालीद्वारा लिखित यस कवितामा देशप्रेमको भावनालाई उल्लेख गरिएको छ । कवि नेपाल आमाको सन्तान भएकाले नेपालले आफूलाई माया गरेको र आफ्नो देश स्वर्गभन्दा पनि प्यारो ठान्दै यो देशलाई स्वर्ग जस्तै बनाउन र धरापमा पर्न नदिने सङ्कल्प गरेका छन् । हाम्रा वीर पूर्खाहरूले नेपालको रक्षा गर्न गरेको बलिदानीबाट प्रेरणा प्राप्त गर्दै यही देशमा परिश्रम गरी, पसिना बगाई हाम्रो देशलाई स्वर्ग जस्तो बनाउन सबैले सङ्कल्प गर्नुपर्ने भाव यस कविताको रहेको छ ।

## ३.३.८. 'मेरो थापाठाना' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'मेरो थापाठाना' नारायणप्रसाद शर्माद्वारा लेखिएको कविता हो । यस कवितामा कविले थापाठानाको अवस्थिति र यो ठाउँको महत्त्व उल्लेख गरेको हुनाले यसको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु** :

यस कविताको विषयवस्तु देशभक्ति पूर्ण रहेको छ । थापाठाना क्षेत्रको सुन्दरता डहरेको लेकमा लालिगुराँस फुलेको दृश्यले शोभायमान बनाएको छ । विभिन्न पशुपन्क्षी, चराचुरुङ्गीहरूको बासस्थान रही यहाँ शोभा बढाएको, बाहुन, क्षत्री, मगर, कुँवर, जस्ता जातिहरू मिलेर बसेको, श्रम साटासाट गरेको तर विकासको गति भने कम रहेको कुरा उल्लेख गरेका छन् । गोरु भैसीपालन घटाई बाख्रा पालन गरेर यहाँका मानिसलाई नगद आम्दानी बढाउन पनि सन्देश दिएका छन् । मानिस परिश्रमी बन्नुपर्छ, परिश्रमीले ढुङ्गामा पनि फूल फुलाउन सक्छ तर अल्छी गऱ्यो भने चलिरहेको डुङ्गा पनि डुब्न सक्छ यसैले मिहिनेती बन्नुपर्छ भन्ने सन्देशमूलक विषय यस कवितामा रहेको छ । सुन्तला, लप्सी, टिमुर आदिको खेती गरी प्रशस्त आम्दानी प्राप्त गर्न सकिन्छ । यसो गर्न सकियो भने विदेशमा गएका

मानिसहरू यस्ता व्यावसाय प्रति आकर्षित भई स्वदेशमै फर्कन सक्छन् र यही माटोमा रमाउन सक्छन् भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको विषयवस्तु देशप्रेम रहेको छ ।

**इ) भाषा शैली/ संरचना :**

यो कविता गद्य लयमा लेखिएको छ । मीठो भाषा शैली र सरल शब्दको प्रयोग भएको छ भने चार हरफको एक श्लोक बनाई एघार श्लोकमा विभाजन गरिएको छ ।

**ई) भाव :**

नारायणप्रसाद शर्माद्वारा रचिएको यस कविता देशभक्ति पूर्ण रहेको छ । थापाठाना पर्वत जिल्लाको एउटा गा.वि.स. हो । कविले आफू जन्मिएको ठाउँको बारेमा वर्णन गरेका छन् । थापाठानाको पूर्वमा डहरेको लेक, पश्चिममा मैदान, दक्षिणमा लमाय खोला र उत्तरतर्फ मल्याङ्दी खोला रहेको र यस ठाउँमा क्षत्री, बाहुन, मगर, कुँवर जस्ता जातिहरू एक आपसमा मिलेर बसेको कुरा उल्लेख गरेका छन् । यहाँ प्राकृतिक सुन्दरताले विभिन्न पशुपन्छी, चराचुरुङ्गीहरूको सङ्गीतमय वातावरणले मनमोहक तुल्याएको छ । बाटोघाटो, बिजुली जस्ता विकास निर्माणका काम भने अगाडि बढ्न नसेकेको गुनासो समेत पोखेका छन् । यस ठाउँमा सबै मिली विकास गरी संसारमा चिनाउने इच्छा समेत प्रकट गरेका छन् । लप्सी, सुन्तला, टिमुर खेती गरेर र बाख्रा पालन व्यवसाय सञ्चालन गरी आय आर्जनको बाटो तर्फ लाग्न प्रेरित गरेका छन् । विदेशीएका दाजुभाइहरू आफ्नो ठाउँलाई सम्झेर फर्कने वातावरण सिर्जना गरी  नमुना गाउँ बनाउन लागिपर्ने सन्देश दिएका छन् । यस कवितामा कविले आफ्नै ठाउँमा पसिना बगाई आफ्नै गाउँ, आफ्नै देशको विकास गर्नुपर्छ भन्ने सन्देश पनि दिएका छन् ।

## ३.३.९. 'शिविर' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'शिविर'कविता कवि राजेन्द्र पहाडीद्वारा रचिएको कविता हो । यस कवितामा कविले गाउँमा सबैले शान्तिका लागि देवताहरूलाई साक्षी राखेर परेवा उडाउने वा शान्ति शान्ति भनेर पुकारी रहेको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु देशप्रेम रहेको छ । देशमा अशान्ति भएको बेला चोट लागेर परेवाहरू आकाशमा उडिरहेका छन् । परेवा बस्ने हाँगामा एम्बुस थापिइरहेका छन् ।

बकुल्लाहरूले झिनो आशाका साथ देशमा शान्ति स्थापना गर्न, माया ममताको खेती गर्न थालिएको छ । बकुल्ला रूपी सामन्तहरूलाई अधिनमा राखेर मेहनतका साथ मानिसहरू शान्तिको विगुल फुक्ने काम गरिरहेका छन् । अचनाको पीर खुकुरीले जान्दैन भने झैं पीडा दिने पिडकलाई केही थाहा हुँदैन तर शान्तिको कामना गर्ने र चाहने मानिसहरू देवालयहरूलाई साक्षी राखेर सबै परेवा, बकुल्ला, लाटोकोसेरा जस्ता प्राणीहरू पनि यस तर्फ लागिरहेका छन् । देशमा शान्ति कायम गर्न सबै आफ्नो आफ्नो तरिकाले लागिरहेको हुनाले यस कविताको विषयवस्तु देशप्रेम रहेको छ ।

**इ) भाषा शैली/संरचना**

'शिविर' गद्य कविता हो । बकुल्ला, परेवा र लाटोकोसेरो जस्ता प्रतीकहरूको प्रयोग गरी मीठो भाषाशैलीको प्रयोग गरिएको छ । एउटै अनुच्छेदमा लेखिएको यस कवितामा चारओटा पूर्णविराम चिह्नको प्रयोग  गरिएको छ भने साना ठूला गरी उनन्चालीस हरफहरू रहेका छन् ।

**ई) भाव**

यस कवितामा कविले गाउँगाउँ सबैमा शान्तिको कामना गरेका छन् । शान्ति स्थापना गर्नका लागि परेवाहरू उडाउने, शान्तिका गीतहरू गाउने गरेका छन् । ममताको भावले केही अप्ठ्याराहरू फुटाल्दै, चिर्दै बन्दुकहरू बिसाएर अगाडि बढिरहेको  र देवालयहरूलाई साक्षी राख्दै परेवा उडाउने, शान्तिका झण्डा फहराउने काम गर्दै शान्ति शान्ति  शब्दहरू जप्दै हिडिरहेका छन् । देशबासीहरूले शान्ति चाहेको र सबै मिलेर देशमा शान्ति स्थापना गर्नुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.३.१०. 'शान्ति चारधाम निस्कँदा' कविताको विश्लेषण :

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'शान्ति चारधाम निस्कँदा' कविता कवि राजेश शर्मा पौडेलद्‌वारा लेखिएको हो । एघार वर्ष देखि निस्किएको शान्ति अझैं चारधाम पुगिनसकेको र जुन धाममा पुगेपनि त्यसैमा थाती राखेर आफ्नो बास जोगाउन आह्वान गरिएको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु देशप्रेम रहेको छ । कविले शान्ति चारधाम तीर्थयात्रा हिँडेको एघार वर्ष बित्दा पनि त्यो यात्रा नसकिएकोले देशमा हत्या, हिंसा, तोडफोड, गोला

बारुदले ढाकिसकेको र मानिस सन्त्रासमा बाँचिरहेको कुरा उल्लेख गरेका छन् । शान्तिका प्रतीक मानिने परेवाहरूले समेत बारुदको चारो खानु परेको, देशमा रगतको खोलो बगिरहेको, कयौं नारीका सिन्दुर, पोते, अनि काख लुटिएकोले चारधामको यात्रा जहाँ पुगेको छ, त्यहीँ रोकेर शान्तिलाई फर्कन आह्वान गरेका छन् । अन्यथा हिँड्ने बाटोमा लासको थुप्रो, रगतको पोखरीमाटो रक्ताम्य हुने छ र आफ्नो घर ठाडो रहने छैन । त्यसैले शान्ति तिमी फर्क भनी कविले शान्ति खोजेका छन् । देशमा अशान्ति भएको र छिटो छिटो सबैले शान्ति स्थापनाका निम्ति लागि परी देशलाई बचाउनु पर्छ भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको विषयवस्तु देशप्रेम रहेको छ ।

**ई) भाषा शैली/संरचना :**

यो कविता गद्यमा लेखिएको छ । देशमा शान्ति कायम राख्न आह्वान गर्दै मीठो भाषा शैलीको प्रयोग र सरल शब्दहरूको प्रयोग गरिएको छ । एउटै अनुच्छेदमा लेखिएको यस कवितामा एउटा मात्र पूर्णविराम चिह्नको प्रयोग र चारओटा प्रश्नवाचक चिह्नको प्रयोग गरिएको छ भने साना ठूला गरी सैतीस ओटा हरफहरू रहेका छन् ।

**ई) भाव :**

राजेश शर्मा पौडेलद्वारा लिखित यस कविता देशप्रेमको भावनाले ओतप्रोत रहेको छ । कविले देशमा विद्रोहका कारण अशान्ति फैलिएको बन्दुक र बारुदको दम्भले देश तहसनहस भएकोले यस्तो अव्यवस्थित अराजक स्थिति सिर्जना भएको बेला शान्ति कायम होस् भन्ने कामना गरेका छन् । कयौं मानिसहरू घरबार विहीन बन्न पुगेका छन् भने कयौं आमाका काख रित्तिएका छन्, कयौं नारीहरूको सिन्दुर पुछिएको छ भने देशै नरहने हो कि ? भन्ने खतरा देखिएकोले देशमा शान्ति स्थापना गर्नुपर्छ अन्यथा हामी नेपालीको कुनै अर्थ रहने छैन । देशमा शान्ति स्थापना गरी जनतालाई अमनचयन कायम गराउनुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.३.११ 'मेरो देश' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'मेरो देश' कविता कवयित्री शर्मिला शर्माद्वारा रचिएको हो । यस कवितामा कवयित्रीले देशमा बस्ने सबै दाजुभाइ मिलेर शान्ति स्थापना गर्ने र देशको विकास गर्न लागि पर्न आह्वान गरिएको हुँदा यस कविताको शीर्षक 'मेरो देश'सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु देशप्रेम रहेको छ । देश एक मानव अर्को मानवसँग लड्न र रोजगारीका निम्ति सबै मानिस विदेशीन परेकोले एक आपसमा लड्न भिड्न छाडी देशको माया गर्न तर्फ सबै लाग्न भनिएको छ । हाम्रो देश रहे हाम्रो अस्तित्व रहने हो अन्यथा हाम्रो कुनै अर्थ हुने छैन । हत्या हिंसाको कारण कयौं आमाको काख रित्तिएका छन् । युद्ध हड्तालका कारण देशमा अशान्ति मच्चिरहेकोले हत्या हिंसा बन्द गरी देशको शिर उचो राख्न कम्मर कसेर लाग्नुपर्छ भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको विषयवस्तु देशप्रेम रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

शर्मिला शर्माद्वारा रचित यस कविता गद्य लयमा लेखिएको छ । सरल र मिठासपूर्ण भाषाको प्रयोग गरिएको छ भने अन्त्यानुप्रास समेत मिलाइएको छ । चार हरफको एक श्लोक बनाई पाँच ओटा श्लोकमा विभाजन गरिएको छ ।

**ई) भाव :**

कवयित्री शर्मिला शर्माद्वारा लिखित यो कवितामा देशप्रेमको भावलाई झुल्काउने काम भएको छ । देशमा अशान्तिको कारण कैयौं मानिसहरू विदेशीन परेको र देशमा शान्ति स्थापना गर्न सबै लागिपरेर देश विकासमा अघि बढ्न आह्वान गरिएको छ । गौतम बुद्ध जन्मिएको देश अनि शान्ति क्षेत्र घोषणा गरिएको देशमा अशान्ति मच्चिँदा दुःख प्रकट समेत गरिएको छ । हत्या हिंसा र आतङ्कलाई रोकेर देशको विकासमा लागि परी सबै जनतामा अमनचयन कायम राख्नुपर्दछ भन्ने भाव यस कविताको रहेको छ ।

**निष्कर्ष :**

देशप्रेम सम्बन्धी विषवस्तुमा आधारित भई रचिएका ११ वटा कविताहरूलाई यस शोधपत्रमा अध्ययन गरिएको छ । देशप्रति माया मोह राखी दिगो शान्ति र विकास स्थापनामा

सबै लाग्नुपर्ने भावनाले रचिएका कविताहरूको अध्ययन विश्लेषण गरिएको छ । यी कविताहरूमा विदेशमा जान नपरी स्वदेशमै रमाउन पाउने, नेपाल नरहे नेपाली नभइने, देशको सेवाका लागि जस्तोसुकै पीडा भोग्न तयार हुनुपर्ने, श्रम र सीप आफ्नै देशमा लगाउनु पर्ने, राष्ट्रलाई स्वतन्त्र एवम् स्वाधिन तुल्याउन लागि पररहनु पर्ने विशेषता यी कविताहरूमा पाइन्छ ।

## ३.४. प्रेम सम्बन्धी कविताहरू

प्रेममा आधारित भई लेखिएका कविताहरू प्रेम सम्बन्धी विषयवस्तुमा राखिएको छ । प्रेमी र प्रेमिका बिच भएको प्रणय भावमा तथा प्रेम वियोगले छटपटी चली रचिएका कविताहरू यस अन्तर्गत पर्दछन् । यस शोधपत्रमा सगुनमा भएका ७ वटा कविताहरू परेका छन् । ती कविताहरूलाई निम्नानुसार अध्ययन विश्लेषण गरिएको छ :

### ३.४.१. 'मृत्युअघि' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन', वर्ष १३ त्रैमासिक अङ्क १ मा सङ्कलित तीर्थ श्रेष्ठद्वारा लेखिएको कविता हो 'मृत्यु अघि' । बाँचुन्जेल कुनै कुरा हेर्दा अरूको आँखा सापट लिनुपर्ने, आफ्ना अभिव्यक्ति दिँदा अनुमति लिनुपर्ने, हिडडुल गर्दा स्वीकृति लिनुपर्दाको अवस्थामा म बाँच्ने छैन र म पात्र मर्दा प्रेमीकाका बन्धनहरू खुला हुनेछन् भन्ने अभिप्रायले नै यस कविताको शीर्षक मृत्युअघि सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको विषयवस्तु प्रेमसँग सम्बन्धित रहेको छ । आफू मर्दा प्रेमिकाका सारा बन्धनहरू खुला हुने कुरा गरिएको कारणले गर्दा यस कविताको विषयवस्तु प्रेम सम्बन्धी मानिएको छ । आफू बाँचुन्जेल प्रेमीको अनुमति, स्वीकृति लिनुपर्ने अवस्था यसले स्वीकार नगर्ने कुरा उल्लेख गरिएको छ ।

**इ) भाषा शैली/संरचना :**

यस कवितामा प्रयोग गरिएको भाषा शैली सरल किसिमको छ । दुईओटा अनुच्छेदमा विभक्त यस कवितामा सापट, अनुमति, स्वीकृति, बन्धन स्वतन्त्रता जस्ता शब्दहरूको प्रयोग गरिएको छ ।

**ई) भाव :**

तीर्थ श्रेष्ठद्वारा लेखिएको 'मृत्यु अघि' कविता प्रेममा आधारित भएर लेखिएको कविता हो । प्रेमीकाले प्रेमीलाई आफ्नो वशमा राख्न खोजेकी छ तर प्रेमी वशमा रहन नचाहेको र आफूले पनि बन्धनमा राख्न नचाहेको कुरा उल्लेख छ । यदि प्रेमीका प्रेमीको बन्धनमा रहेकी छन् भने प्रेमी (म  पात्र) को मृत्युमा प्रेमीकाका बन्धनहरू चकनाचूर हुने र चराचुरुङ्गी समेत आकाशमा रमाई-रमाई गीत गाउनेछन् भन्ने भाव यस कविताको रहेको छ ।

### ३.४.२. 'यौटा साथीको आदि सम्झना' कविताको विश्लेषण :

**अ) शीर्षक :**

सगुन वर्ष १३ त्रैमासिक अङ्क १ मा सङ्कलित आर के. अदिप्त गिरिको 'यौटा साथीको आदि सम्झना' हो । सँगै घरबाट पैदलयात्राबाट निस्केका म पात्रको साथीको हालसम्म सम्पर्कमा नरहेको र कुनै खबर नपाएकोले छटपटाइरहेको अवस्थामा पनि कुनै खबर आउँछ कि भन्ने आशाले यताउति गरेको प्रसङ्ग उल्लेख गरिएको हुनाले यस कविताको शीर्षक सार्थक रहेको  छ ।

**आ) विषयवस्तु :**

यस कविताको विषयवस्तु प्रेम सम्बन्धी रहेको छ । यौटा शुभ दिनमा सँगै घरबाट पैदलयात्रा शुभारम्भ गरेका 'म' पात्र र उसको साथी पछि भेट भएको छैन । 'म' पात्र उसको सधैं खोजीमा रहेको छ । खबर पठाऊँ भने ठेगाना नभएको र उसबाट पनि कुनै समाचार नआएकोले ऊ आत्तिएको छ, भौतारिएको छ तापनि आफ्नो दिल खुल्ला राखी भेट हुने आशामा रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता सरल भाषामा लेखिएको गद्य कविता हो । सातओटा अनुच्छेदमा लेखिएको यस कवितामा ऊ कहाँ छ ? ऊ के गर्दै छ ? यो के भयो ? जस्ता थुप्रै प्रश्नहरू गरिएको छ । मीठो एवं सहज र सरल भाषाको प्रयोग यस कवितामा भएको छ ।

**ई) भाव :**

यो कविता प्रेममा आधारित भई लेखिएको छ । सँगै एउटा शुभयात्रामा निस्किएका 'म' पात्र र उसको साथीसँग बेखवर भएको छ । यसरी खबर विहीन अवस्थामा रहेका ती पात्रहरू कहिल्यै भेट हुन सकेका छैनन्, तर 'म' पात्र भने उसको खोजीमा हिडिरहेको छ । कुनै राम्रो काम गरेको या दुःखमा परेर बेखवर भएको हो 'म' पात्रले बुझ्न सकेको छैन ।  उसमा न त

शुभकामना दिने हिम्मत छ, न त समवेदना पठाउने नै हिम्मत छ । उसको मनमा पीडाले शुन्यता छाए तापनि मनमा विभिन्न तर्क वितर्कहरू खेलिरहेको छ । उसमा कुनै शान्ति छैन । म पात्रले सुदूर सागर देखि आफ्नै मनको पहाडसम्म खोजिरहँदा सम्म कुनै खबर नपाउँदा कुनै बेला आफ्नो साथी आउला कि भनेर आफ्नो मनको स्मृतिको द्वार खुला राख्दै बसिरहेको छ । म पात्रको साथी नहुँदा उसको अभाव महसुस गरेको छ । के भएर यस्तो बेखवरको अवस्था आइपऱ्यो उसलाई थाहा छैन । तर उसले भेट हुने आशाले बाटो कुरेर बसेको कुरा कवितामा उल्लेख गरिएको प्रसङ्गले पनि आत्मीय साथीको माया गाढा हुँदोरहेछ, कहिल्यै बिर्सन सकिँदो रहेनछ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.४.३. 'नीरमाया सहर लागे पछि' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'नीरमाया सहर लागे पछि' कविता आर.के. अदिप्त गिरीद्वारा लेखिएको हो । यस कवितामा कविले नीरमाया गाउँ छाँडेर सहरतिर लागेपछि एक्लो भएको र उनका पाउजुका छमछम आवाज पनि सुनेका छैनन् ।  मुटुभरि उनकै याद आइरहेको प्रसङ्गले यस कविताको शीर्षक सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु प्रेम सम्बन्धी रहेको छ । कविलाई छोडेर नीरमाया सहर तर्फ लागेपछि कवि एक्लै भई चिन्ताले उनलाई गलाएको छ । नीरमायाका पाउजुका आवाज पनि सुनिन छोडिसकेका छन् । उनले बोलेका आवाजहरू पनि मनमा राख्न खोज्दा सरमले अडिन मानेको छैन । मनमा कुनै उमङ्ग र हौसला छैन । एक्लै घरको कोठामा तकियासँगै गुटमुटिएका छन् । मायाका निशानाहरू छोपिन सकेका छैनन् । विरहीको गीतको धून जस्तै गरी म्यूजियममा थन्किएको आभास कविलाई भएको छ । उनले बुनेका माया सहरभरि पोखिएका छन् । कविको मुटु दुखेको छ । नीरमायाको अभावमा संसार अन्धकारमय बनेको हुँदा यस कविताको विषयवस्तु प्रेमसँग सम्बन्धित छ ।

**इ) भाषा शैली/ संरचना :**

यो गद्यमा लेखिएको कविता हो । यस कवितामा प्रयोग भएको भाषा  सरल र मिठासपूर्ण रहेको छ । एउटै अनुच्छेदमा लेखिएको यस कवितामा लामा छोटा गरी जम्मा चवालीस हरफहरू रहेका छन् भने तीनओटा मात्र पूर्णविराम चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

आरे.के. अदिप्त गिरीद्वारा रचित यस कवितामा प्रेम वियोगको अवस्थालाई देखाइएको छ । नीरमायाले कविलाई छोडेर सहर तर्फ पसेकी छन् भने कवि भने एक्लै बस्तीमा बस्नु परेको छ । उनकै यादमा छटपटिएका छन् । उनले बजाएका पाउजुका आवाजहरू सम्झन्छन् । उनले बोलेका बोलीहरू मनमा राख्न खोजिरहेका छन् । मन मुटु सबै अँध्यारोले ढाकेको हुनाले दुखित अवस्थामा बाँच्न परेको छ । विरहका गीतहरू मनभरि भरिएका छन् । नीरमायाले बुनेको माया सहरतिरै छिरलिएको छ । उनी सहरमा पसेदेखि कवि एक्लो भएको महसुस गर्दछन् । यसरी यस कवितामा कविकी प्रेमीकाले छोडे पछि र आफ्नो भन्ने पराइ भएपछि जीवन सधैं एक्लो हुँदो रहेछ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.४.४. 'आवाज' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क १ मा सङ्कलित 'आवाज' कविता शंकर गिरी द्वारा लेखिएको हो । पानीको थोपा बालुवामा परे सरी आफ्नी प्रेमिकालाई सम्झने गरेको तर प्रेमिकाले भने हिजो प्रेमिका प्रेमीको काँधमा रही डुलेको व्यवस्थालाई समेत बिर्सेर आज मन मुटु केही नभएको जस्तो भएर आवाज त के अनुहार सम्म बिर्सन पुगेको प्रसङ्गले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको विषयवस्तु प्रेमसम्बन्धी रहेको छ । 'म' पात्र प्रेमी र 'तिमी' प्रेमिकाका रूपमा देखाइएको छ । यस कवितामा प्रेमीले प्रेमिकालाई आफ्नो प्रेमको बारेमा सम्झाइरहेको र अहिले आएर प्रेमिकाले प्रेमीलाई चटक्क छोडी उसको आवाज त के अनुहार समेत बिर्सेको हुँदा प्रेम वियोग भएको प्रसङ्ग यस कविताको विषयवस्तु रहेको छ ।

**इ) भाषा शैली/संरचनाः**

'आवाज' गद्य कविता हो । म पात्र प्रणयसुत्रमा बाँधिएको र पछि विछोड भई उसको सम्झना गरेको उल्लेख गरिएको छ । अत्यन्त सरल भाषामा लेखिएको तप्पतप्प, गम्यौं या गमेनौं जस्ता शब्दहरूको प्रयोग भई भाषा मिठास बन्न पुगेको छ । एउटै अनुच्छेदमा लेखिएको यस कविता २३ वटा हरफमा संरचित छ ।

ई) **भाव :**

शंकर गिरीद्वारा लेखिएको आवाज कविता प्रेमलापमा आधारित छ । 'म' पात्र प्रेम बन्धनमा बाँधिइसकेको र प्रेमिकाबाट टाढा रहेको यस कवितामा उल्लेख गरिएको छ । सुनसान समयमा गहन तरिकाले आफ्नो प्रेमको सम्बन्धमा प्रेमिकालाई सम्झाउन खोजिरहेको छ । हिजो प्रेम बन्धनमा रहेको बखत उनीसँग आफ्ना पाँचओटै इन्द्रियहरू सुम्सुमाएको र नाङ्गो काँधमा राखेर डुलाएको कुरा सम्झन र सम्झाउन चाहन्छ । तर प्रेमिका भने प्रेमीबाट टाढै भएको कारणले गर्दा उसले प्रेमीको आवाज चिन्न सकेकी छैन र अनुहार समेत बिर्सेकी छ । यसरी यस कवितामा केही समय प्रणयसूत्रमा बाँधिने आफ्नो स्वार्थ पूरा भएपछि धोका दिने प्रवृत्ति रहेको यस कविताको भाव रहेको छ ।

## ३.४.५. 'कसरी हुन्छ सम्बन्ध राम्रो ?' कविताको विश्लेषण :

अ) **शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क ३ मा सङ्कलित 'कसरी हुन्छ सम्बन्ध राम्रो ?' कविता इन्द्रेणी शर्माद्वारा लेखिएको हो । कविले विछोडको समयमा पनि आफूले भोगेका कुराहरू सम्झिराखेको र विछोड हुँदा आफै डराएको कुरा उल्लेख गरेका छन् । प्रेमिकासँगको सम्बन्ध पुनः कसरी राम्रो होला ? भन्ने कुराहरू उल्लेख गरेको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

आ) **विषयवस्तु :**

यस कविताको विषयवस्तु प्रणय प्रेम सम्बन्धी रहेको छ । आफ्नी प्रेमिकासँगको लामो समयसम्मको सम्बन्ध राम्रो थियो तर आफू देश छोडेर विदेश जान परेको बेला आफूले भोगेका जीवनका कथाहरू सम्झिरहेका छन् । यस्तो विषम परिस्थितिमा प्रेमिकासँग कसरी नजिक पर्ने ? र के सम्झना दिने ? भन्ने कुराहरू उल्लेख गरिएको छ । सबै आफ्ना आफन्तहरूलाई छोडेर जाँदा पनि ती सबैलाई आफ्नो मुटुमा राखेको र विभिन्न बिध्नबाधाहरू बिच लडेर आफ्नै प्रेमिकाका वरिपरि रहेको प्रसङ्ग उल्लेख गरिएको छ । तर यसरी एकाएक विछोड हुन पुग्दा प्रेमिकाले आफ्नो बाध्यातालाई नबुझेकोले सम्बन्ध बिग्रेको र प्रेमीले प्रेमिकालाई आफ्नो माया के भयो ? किन यस्तो भयो ? भन्ने प्रसङ्ग उल्लेख गरेका छन् । मानिस जन्मेपछि अवश्य यो संसार छोडेर जानुपर्छ । आफू त दुईचार पैसा कमाउनका लागि विदेश (पोर्तुगल) जान परेको कुरा उल्लेख गरेका छन् । सपना जस्तो बनेर आफू विदेश जानु पर्दा नियतिले हो कि भाग्यले

गर्दा यस्तो परिस्थिति सिर्जना भएको हो भन्ने कुरा उल्लेख गरेका छन् । माया तोडेर हाम्रो जीवन के सुन्दर होला भन्ने प्रसङ्ग समेत उल्लेख भएको हुँदा प्रेम वियोगको छटपटिले आँखामा आँसु राखेर रोएको प्रसङ्ग आएको हुँदा यस कविताको विषयवस्तु प्रेम सम्बन्धी रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता छन्दमा लेख्ने प्रयास भएपनि छन्द मिले जस्तो देखिदैन । कुनै पक्ति १६ अक्षरको र कुनैमा १७ अक्षरको प्रयोग भएको छ । लयमा लेखिएको यस कविताको भाषाशैली सरल र मिठास छ । चार हरफको एक श्लोक बनाई सात श्लोकमा विभक्त गरिएको छ ।

**ई) भाव :**

'कसरी हुन्छ सम्बन्ध राम्रो ? कवितामा कविले लामो समयसम्म प्रेमिकासँग प्रेम गरेको र आफू विदेश जान पर्दाको अवस्थामा विछोड भई जाँदा उनका मनमा खिन्नता उत्पन्न भएको छ र कतै सम्बन्ध नराम्रो हुने हो कि ? भन्ने आशङ्का पनि उत्पन्न भएको छ । विभिन्न बाधा अड्चनका विरुद्ध लड्दै प्रेमिकासँग आफूले प्रेम गरेको र अहिले प्रेमिकासँगको सम्बन्ध नराम्रो हुन पुग्दा पनि यो दुनियाँमा माया लागेको लाग्यै छ । यसरी विछोड हुन पुग्दा एउटा कथा जस्तो बन्न पुगेको नियति वा भाग्यले यस्तो अवस्था भोग्नु परेको कुरा उल्लेख गरिएको छ । जीवनमा कहिले हाँसो, दुःख, पीडा त कहिले सुख र खुसीको अनुभव भइनै रहन्छ । समाजमा यस्ता घटनाहरू भइनै रहन्छन् । यसलाई आत्मसात गर्दै आफ्ना आफन्तसँगको सम्बन्ध सुधार गर्दै लैजानु पर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.४.६. 'मोनालिसा तिमीलाई' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित 'मोनालिसा तिमीलाई' कविता अजय मिलन श्रेष्ठद्वारा लेखिएको हो । प्राकृतिक लेन्स जडित क्यामेराले मनिषालाई हेर्दा उनको रूप, रङ्ग र आकृति देख्दा मोनालिसा सम्झेर आफ्ना मनका भावनाहरू उजागर गर्दै आफ्नो दिलमा टाँस्न खोजेको प्रसङ्ग उल्लेख भएको हुँदा यस कविताको शीर्षक सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा प्रेम सम्बन्धी मुख्य विषयवस्तु बनाइएको छ । मनिषालाई हेर्दा अति सुन्दर मानेको हुनाले उनलाई मोनालिसाको दर्जा दिन पुगेका छन् । उनको आकृतिलाई कुची र कलम लिएर उनका आँखीभौं तथा मधुर मुस्कानको ओठहरूलाई कोर्न नसक्दा सङ्ग्रहालयमा

राखिएको तस्बीर दिलमा राख्न खोजेको प्रसङ्गले मनिषालाई अति सुन्दर मानेको, हृदयमा राख्न खोजेकोले यसको विषयवस्तु प्रेम सम्बन्धी रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता गद्य शैलीमा लेखिएको छ । अत्यन्तै सरल भाषाको प्रयोग गरिएको छ भने मोनालिसालाई प्रतीकको रूपमा प्रयोग गरिएको छ । तीन अनुच्छेदमा विभक्त गरिएको यस कवितामा एउटा मात्र पूर्णविराम चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

अजय मिलन श्रेष्ठद्वारा लिखित यस कवितामा कविले मनिषालाई मोनालिसाको उपमा दिएका छन् । मोनालिसाको आकृति, स्वरूप र उसको मुस्कानलाई बयान गर्न सकिँदैन । त्यस्तै गरी कविले मनिषाको रूप, रङ्ग र अधरको मुस्कान वर्णन गर्न सकेका छैनन् । न त उनले त्यस्तै चित्र कोर्न सके । त्यसैले उनको जस्तो स्वरूप कहीँ कतै भेटाउन पनि नसकेकाले सङ्ग्रहालयमा राखिएको तस्वीरलाई नै आफ्नो दिलमा सजाउने प्रयत्न गरेका छन् । अति सुन्दर र दुर्लभ मानिएको मोनालिसालाई हृदयमा सजाएर आफ्नो मन शान्त पार्ने काम कविले गरेका छन् ।

## ३.४.७. 'सुम्निमा तिमी' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अंक ६ मा सङ्कलित 'सुम्निमा तिमी' कविता वैभवदीप श्रेष्ठद्वारा लेखिएको हो । यस कवितामा कविले सुम्निमाका मायावी हातहरूबाट आफू श्रृङ्गारिन मन लागेको कुरा उल्लेख गरिएको हुँदा यस कविताको शीर्षक 'सुम्निमा तिमी' सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यो कविताको विषयवस्तु प्रेमसँग सम्बन्धित छ । आफूलाई श्रृङ्गारिन मन लागेको हुनाले सुम्निमाको हातबाट मयूरका प्वाँखहरूले विलेप घसेर आफ्नो विवर्ण फेरिदिन आह्वान गरेका छन् । आफू आकर्षक बनेर जीवनमा आनन्द भोग्ने लहडमा रहेको र कसैलाई साथी बनाउँभैंं भएको छ कविलाई । तेईसौं बसन्तहरू पार गरिरहेको अवस्थामा पनि आफू सुनसान र एकान्त ठाउँमा एक्लै अत्तालिदै आफ्नो मुटु छामिरहेका छन् । उनको मन यथावत रहेको र

बूढो हुँदा सम्म एक्लै हुँदा सुम्निमालाई आफूलाई सिंगार्न आह्वान गरिएकोले यस कविताको विषयवस्तु प्रेम सम्बन्धी रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो गद्यमा लेखिएको कविता हो । सुम्निमाको सहारा खोज्दै लेखिएको यस कवितामा सरल र मिठास भाषाको प्रयोग गरिएको छ । एउटा मात्र पूर्णविराम र अनुच्छेदको प्रयोग गरिएको छ भने लामा छोटा गरी जम्मा अठ्ठाइस हरफहरू समावेश छन् ।

**ई) भाव :**

वैभवदीप श्रेष्ठद्वारा रचित यस कवितामा कविलाई प्रेमको खाँचो महसुस गरिएको छ । तेईसौं बसन्त पार गरेका कविलाई सुम्निमाका हातबाट श्रृङ्गारिन मन लागेको छ । आफ्नो दिलमा कसैलाई सजाउन र जीवनको आनन्द लिन मन लागेको हुँदा मरुभूमितुल्य क्षेत्रमा गुटमुटिएर बस्नु पर्दा कविलाई छटपटी चलेको छ । आफू बूढो भएको भन्दै बेसहारा जीवनमा सहाराको महसुस गरिएको कुरा यस कवितामा उल्लेख गरिएको छ ।

**निष्कर्ष :**

प्रेममा आधारित भई रचिएका कवितालाई यस शोधपत्रमा अध्ययन गरिएको छ । यसमा ७ ओटा कविताहरू परेका छन् । यी कविताहरूमा प्रेमी प्रेमिकाको वशमा पर्नु, प्रेमीको मृत्युमा प्रेमिका स्वतन्त्र हुनु, प्रेमिकाको खोजीमा प्रेमी भौतारिनु, प्रेम वियोग हुनु जस्ता विशेषताहरू यी कवितामा भेटिएका छन् ।

## ३.५. सामाजिक विषयवस्तुमा आधारित कविताहरू

समाजका यथार्थ विषयवस्तुलाई समेटेर लेखिएको कवितालाई सामाजिक विषयवस्तुमा राखिएको छ । यस्ता कवितामा समाजमा हुने विकृति र विसङ्गतिहरूलाई सही र वस्तुनिष्ठ ढङ्गले औंल्याउने प्रयास गरिएको पाइन्छ । गरिबी, विपन्नता जस्ता कुराहरू यस्ता कवितामा समेटिएको पाइन्छ । सगुन पत्रिकामा सङ्कलित सामाजिक विषयवस्तुका ६ ओटा कवितालाई निम्नानुसार अध्ययन गरिएको छ :

### ३.५.१ 'पर्खाल' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'पर्खाल' कविता आस्था कोपिला राईद्वारा लेखिएको हो । सामाजिक विषयवस्तुसँग आधारित रही लेखिएको यस कवितामा

महिला पुरुष सबै समान भई स्वतन्त्र भए पनि आफू अदृश्य पर्खाल भित्र रहेको र ती पर्खाल एक्लै भत्काउन नसकी सबैको आवश्यकता महसुस भएको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु सामाजिक रहेको छ । उसले तिमी स्वतन्त्र छौं जहाँ गएर पनि आफ्नो लागि जे गर्न र अधिकारका लागि बोल्न सक्छौं भने तापनि 'म' पात्र अदृश्य सामाजिक पर्खाल भित्र बस्न परेको छ  र आफू घरबाट बाहिर निस्कँदा धर्म, संस्कृति र परम्पराको पर्खाल ठडिन्छ र यस्तो पर्खाल भत्काएर कहीँ कतै निस्कन नसक्ने कुरा उल्लेख छ । आफ्नो लागि हरेक घुम्ती, मोड र गल्लीहरू असुरक्षित र अँध्याराहरू आतङ्कित छन् त्यसैले यस्ता पर्खालहरू भत्काउन सबैको आवश्यकता भएको महसुस गरेकी छन् । सीता र सावित्री जस्ता पतिव्रता नारीहरूलाई यस्ता असामाजिक पर्खालहरू भत्काएर आफूहरूले वास्तविक स्वतन्त्रता प्राप्त गर्नका लागि अघि बढ्न आह्वान पनि गरेकी छन् । त्यसैले यस कविताको विषयवस्तु सामाजिक बन्न पुगेको छ ।

**इ) भाषा शैली /संरचना :**

प्रस्तुत 'पर्खाल' कविता गद्यमा लेखिएको छ । सात अनुच्छेदमा विभक्त यस कवितामा प्रयोग गरिएको भाषा सरल र सहज रहेको छ ।

**ई) भाव :**

यस 'पर्खाल' कविता सामाजिक विषयवस्तुमा आधारित छ । देशमा सबै स्वतन्त्र छन् र सबै नागरिकका अधिकार बराबर छन्, तर यस देशमा बस्ने नारीहरू विभिन्न धर्म, संस्कृति र परम्पराको कारणले गर्दा अदृश्य पर्खाल भित्र रही स्वतन्त्र हुन नसकेको कुरा उल्लेख गरिएको छ । यस्ता भेदभावपूर्ण सामाजिक बन्धनबाट मुक्त हुन आफू एक्लैले केही परिवर्तन गर्न नसकी सबैलाई एकजुट भई अगाडि बढ्न आह्वान गरिएको हुँदा स्वतन्त्रताका लागि लड्नु पर्ने भाव यस कविताको रहेको छ ।

## ३.५.२. 'बादल ओढेका बस्ती' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित 'बादल ओढेका बस्ती' कविता भरत विवश पौडेलद्वारा लेखिएको हो । समाजमा बढ्दै गइरहेको असामाजिक चालचलन र

रीतिरिवाजलाई बादल रूपी पर्दाले छोपेर बस्तीलाई जोगाइरहेको कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु सामाजिक रहेको छ । वर्तमान समयमा आफ्नो कर्तव्यलाई विर्सेर भविष्यलाई निष्क्रिय बनाउन खोज्ने सामाजिक प्रवृत्तिहरूलाई छर्लङ्ग्याउने काम भएको छ । समाजमा पतिव्रताको पर्दा च्यातिएकोले छाडापनको वृद्धि भई विकृति र विसङ्गति बढ्दै गएको छ । यस्तो अवस्था देखेर प्रकृति समेत लजाई बादलले बस्तीलाई ढाकी राहत प्रदान गर्ने काम गरेकोले समाजको भित्री अवस्था बिग्रेको प्रसङ्ग उल्लेख गरिएकोले यस कविताको विषयवस्तु सामाजिक रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो गद्य लयमा लेखिएको कविता हो । यस कवितामा सरल र मीठो भाषाशैलीको प्रयोगले सहज भएको छ । सामाजिक यथार्थ पक्षलाई विषयवस्तु बनाई लेखिएको यस कविता एउटै अनुच्छेदमा लेखिएको र चारओटा पूर्णविराम चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

भरत विवश पौडेलद्वारा लिखित यस कवितामा सामाजिक यथार्थ पक्षलाई औल्याइएको छ । समाजमा छाडापनको विकास भएको छ । पतिव्रता भन्ने कुरा हराउँदै गएको छ तर आफ्नो लाज जोगाउन भने पछि परेका छैनन् । बस्तीका मानिसहरूको जिन्दगीहरू फरक फरक तरिकाको रहेको छ । बादल रूपी पर्दाले समाजका विसङ्गतिहरूलाई छोपी इज्जत जोगाउने काम गर्दा कोही यसलाई ठीक माने भने कोही राम्रो मानेका छैनन् । देखावटी भन्दा यथार्थरूप बलियो हुन्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.५.३. 'युगबिम्ब' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'युगबिम्ब' कविता कवि जगन्नाथ पौडेल नुतनद्वारा लेखिएको कविता हो । कुरूप छायाँ रूपी बिम्बले मानव परिचयलाई भत्काउन बारम्बार प्रयास गरिरहेको प्रसङ्ग उल्लेख गरिएको हुँदा यस कविताको शीर्षक 'युगबिम्ब' सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यो कविता सामाजिक विषयवस्तुमा आधारित छ । कुरूप छायाँले सिङ्गो युग भत्काउन आगोका फिलिङ्गाहरू छरिरहेको छ । ओस नभएको बस्तीमा केही विश्वास पलाएको बेला अविश्वासका अङ्कुराहरू पलाउँदै घाउहरू अर्को समय उमार्न सिर्जना रुँदै रहेको अवस्थामा कुरूप छायाँले बस्तीमा विष बर्साउने गर्दछ । पुनः बस्ती सिर्जना गर्न दौडिएका बेला टापहरू टुक्रिने गरिरहेको छ । यसरी नेपाली समाजमा विभिन्न आशाले प्रगति हुन्छ कि भनेर परिवर्तनको इच्छा राखी हिँड्दा यस्ता पाइलाहरूमा तुषारापात हुने हुँदा यस कविताको विषयवस्तु सामाजिक बनेको छ ।

**इ) भाषा शैली / संरचना :**

यो कविता गद्यमा लेखिएको छ । भाषा सरल भएतापनि बिम्बको प्रयोग भएको हुँदा बुझ्न कठिन छ भने सरल शब्दको प्रयोग गरिएको छ । चार अनुच्छेदमा विभक्त गरिएको छ भने जम्मा दुईओटा मात्र पूर्णविराम चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

जगन्नाथ पौडेलद्वारा लेखिएको यस कवितामा समाजमा कुरूप छायाँले विभिन्न किसिमका विसङ्गतिहरू फैलाउँदै सामाजिक मूल्य मान्यताहरूलाई ध्वस्त पार्ने र आफूले भने बमोजिम समाजलाई अगाडि बढाउन खोज्ने गरेको छ । समाजमा हुने बेथितिहरूको बिम्बको माध्यमबाट प्रष्ट पार्ने काम गरिएको छ । समाजमा कलङ्क फैलाउने मानिसहरू धेरै हुन्छन् ती प्रति सजग हुनुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.५.४. 'बेहोश' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अंक ६ मा सङ्कलित 'बेहोश' कविता कवि दीपक ज्ञवालीद्वारा लेखिएको हो । यस कवितामा कविले मदिरा पिएर आफू बेहोश भई सुनसान रातमा नेपालमै हराएका छन् । यसले गर्दा घरबार त्यागेर रमाउन पुग्दा प्रेयसीसामु र समाजसामु निर्बस्त्र बनाएको प्रसङ्ग उल्लेख गरेको हुँदा यस कविताको शीर्षक 'बेहोश' सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु सामाजिक रहेको छ । कविले आफूले आफैलाई चिन्न मदिरा पिएको र आफू स्वदेशमै हराएका छन् । सुनसान समयमा मदहोस भई आफूले आफैलाई भित्री मनबाटै पिउनलाई जन्म्यौं कि जिउनलाई पियौं भनी उत्तर खोजिरहेका छन्  र आफू पिउनका लागि जन्मेर यो संसारमा पिएरै रमाएका छन् तर समाजले प्रेयसीसामु, समाजसामु निर्बस्त्र बनाएको छ । सबैले आफ्नो साथ छोडेको कुरा समेत उल्लेख गरेका छन् । यसरी नेपाली समाजमा आफ्नो कर्तव्यलाई बिर्सेर क्षणिक आनन्द लिन कैयौं युवाहरूले गरेको र अस्तित्त्वलाई ख्याल नगरी अर्थहीन जीवन जीउने प्रवृत्तिले गर्दा यस कविता सामाजिक विषयवस्तुमा आधारित छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता गद्यमा लेखिएको कविता हो । सरल र मिठासपूर्ण भाषा शैलीको प्रयोग गरिएको छ । एउटै अनुच्छेदमा लेखिएको यस कवितामा बाईस हरफ रहेका छन् । म जन्मे पिउन ? म जन्मे जिउँन ? भनी दुईओटा प्रश्नवाचक चिन्हको प्रयोग गरिएको छ भने एउटा मात्र पूर्णविराम चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

यस कवितामा कविले पिउनका लागि जन्मैं कि ? जिउनका लागि पिएँ ? आफूले केही थाहा पाउन सकेका छैनन् तर आफू पिएर रमाएका छन् । सुनसान रातमा हराएका छन् । यसरी हराउँदा समाजले उनलाई राम्रो दृष्टिले हेरेको छैन । समाजका सामु र प्रयसीका सामु आफू नाङ्गिएका छन् ।  यसरी नेपाली समाजमा मदिरा सेवन गरेर आनन्द लिने र रमाउने काम गरी आफू नेपाली समाजमै हराउन पुगेका कयौं मानिसहरू छन् । जसले आफ्नो अस्तित्त्व गुमाएको थाहा नै पाएका छैनन् । क्षणिक आनन्दमा रमाएर आफ्नो कर्तव्य प्रति उत्तरदायी नबन्ने मानिसहरूलाई आफ्नो अस्तित्त्वलाई बचाउँदै नेपाली समाजलाई अगाडि बढाउनु पर्दछ भन्ने भाव यस कविताको रहेको छ ।

### ३.५.५. 'अनुरोध' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'अनुरोध' कविता फूलमाया मगरद्वारा लेखिएको हो । धनी र गरिबको हैसियत समान बनाउनका लागि कवयित्रीले 'तिमी' पात्रलाई अनुरोध गरेको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु सामाजिक रहेको छ । बूढी आमा, तरुनी दिदी बहिनीहरूलाई भाग्यले ठगेर तिनीहरूको अवस्था नाजुक भएको देख्दा कवयित्रीलाई टिठ लागेको छ तर आफूले केही गर्न सकेकी छैनन् । तिनीहरूका निम्ति केही गर्न पाए आफू बाचेको सार हुन्थ्यो भन्ने अभिव्यक्ति कवयित्रीको रहेको छ । आफूले उनीहरूसँग सुख दुःख बाँड्न सकेकी छैनन् । दाजुभाइ नाङ्गै सिमेन्टको भुइँमा सुतिरेहेको देख्दा झन् उनको मनमा खिन्नता आएको छ । उनले प्रार्थना गरेकी छन्– तिनीहरूले पनि गास पाऊन, बास पाऊन् र तिनीहरू बाँचे म पनि बाँच्नेछु र मेरो पनि अर्थ हुनेछ र हामी सबै बाच्नेछौं भन्ने अभिव्यक्ति दिएको हुँदा समाजमा गरिबीका कारणले गास, बास र कपासको समस्या भोगिरहेका मानिसहरू रहेका छन् । तिनीहरूको निम्ति सबैले सोच्नुपर्छ भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको विषयवस्तु सामाजिक रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

गद्यमा लेखिएको यस कवितामा सरल शब्दको प्रयोग गरी मीठो भाषा शैलीको प्रयोग गरिएको छ । तीनओटा अनुच्छेदमा विभक्त गरिएको यस कवितामा साना ठूला गरी जम्मा बयालीस हरफहरू रहेका छन् तर कुनै पनि लेख्य चिह्नको प्रयोग गरिएको छैन ।

**ई) भाव :**

कवयित्री फूलमाया मगरद्वारा लेखिएको यस कवितामा गरिब दुःखीहरूको अवस्था सुधार्नका लागि 'तिमी'लाई आह्वान गरेकी छन् । 'म' र 'तिमी' लागेर जसले गास, बास, कपास पाएका छैनन् तिनीहरूका निम्ति सबैलाई प्रार्थना गरी बाँच्न पाउने अधिकार सुनिश्चित गर्न खोजिएको छ । दीन दुःखीहरूले खान, बस्न र लगाउन पाए र ढुक्कसँग बाँच्न सकेभने हामी सबै बाँच्ने छौं र हामी सबै खुसीसाथ रहने छौं भन्ने कुरा उल्लेख गरी धनी र गरिबको अवस्था समान भएमा सबै मानिस बाँच्नुको अर्थ छुट्टै हुनेछ । सबैले सहज र सरल तरिकाले बाँच्न पाउनुपर्छ । धनी र गरिबका बिचमा भेदभाव हुनुहुँदैन भन्ने भाव यस कविताको रहेको छ ।

### ३.५.६. 'भ्रमको सत्ता' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'भ्रमको सत्ता' कविता कवि विजय सागरद्वारा लेखिएको हो । मान्छेमा लोभ र त्रास फैलाएर मान्छेलाई भगवानले आफ्नो पाउमुनी राखेर साम्राज्य फैलाई भ्रम सिर्जना गरेको कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक 'भ्रमको सत्ता' सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यो कविता सामाजिक विषयवस्तुमा आधारित छ । मानिसले भगवान सत्य छन्, भगवान्को पुकारा गर्दै सेवा गर्नुपर्छ भन्दै निरन्तर रूपमा विश्वासका साथ अघि बढेका छन् । तर ती भगवान् न कसैले देखेको छ, न कसैले भेटेको छ । भगवान्को बोली सत्य हुन्छ भन्ने विश्वास सबैले गरेका छन् । भगवान्लाई पीडा हुँदा न कुनै फूल ओइलाए, न त कुनै पन्छी नै रोए । यस धर्तीमा न त कुनै भूकम्प आयो न त आँधी नै आयो । यौटा लुते मान्छे मर्दा झैं भगवान्को मृत्यु हुँदा आखिर यो सृष्टि त चलेकै छ भन्ने कविको धारणा रहेको छ । उज्यालोको साम् अँध्यारो कहिल्यै टिक्दैन भने झैं सत्य कहिल्यै डग्दैन भन्ने कुरा उल्लेख यस कवितामा गरिएको छ । समाजमा मानिसहरू जे जस्तो भए पनि भगवान् प्रति विश्वास गर्ने उनैको अधिनमा हिँड्नुपर्छ भन्ने विश्वास रहेको हुँदा यस कवितामा सामाजिक विषयवस्तु रहेको छ ।

**ई) भाषा शैली/संरचना :**

यो गद्यमा लेखिएको कविता हो । कविले यस कवितामा मीठो भाषा शैलीको प्रयोग गर्दै भगवानलाई भ्रम फिजाएर मान्छेहरूलाई आफ्नो अधीनमा राख्ने काम गरेको कुरा उल्लेख गरेका छन् । एउटै अनुच्छेदमा लेखिएको यस कवितामा दुईओटा पूर्णविराम चिह्न, दुईओटा विस्मयादिबोधक र एकओटा प्रश्नवाचक चिह्नको प्रयोग गरी चौबीस हरफमा लेखिएको छ ।

**ई) भाव :**

कविले यस कवितामा भगवान्ले मान्छे माथि शासन गरेको कुरा उल्लेख गरेका छन् । विभिन्न लोभलाल्चा र त्रासहरू फैलाएर सबै मानिसहरू आफ्नो अधीनमा राख्ने काम गरेका छन् । मानिस उनी प्रति विश्वासका साथ लागेका छन् तर उनलाई भेट्ने र देख्ने मानिस कोही भेटिएको छैन । उनलाई पीडा हुँदा यस संसारमा न फूल ओइलाए, न कुनै हलचल आयो । पीडाले प्रताडित स्वघोषित भगवान् बिना समाधि, बिना सन्देश निरीहरूपमा मर्दा पनि यो सृष्टि

चलिरहेको छ । मानिस बाँचिरहेका छन् । मानिस भ्रममा नरहेर आफ्ना कर्तव्य र जिम्मेवारीहरू पूरा गर्दै अगाडि बढ्दै जानुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

**निष्कर्ष :**

सामाजिक विषयवस्तुमा आधारित भई लेखिएका सगुन पत्रिकामा प्रकाशित कविताहरूमा नारीहरू सामाजिक बन्धनमा रही स्वतन्त्र नभएको, छाडा पन विकास भएको, नशालु पदार्थको सेवनले नाङ्गिँदा समेत आफू ठूलो भन्न नछाड्ने, गरिबीका कारणले कोही मर्न नपरोस् आफ्नो जिम्मेवारी सबैले पुरा गर्नुपर्छ भन्ने विशेषताहरू यी कवितामा रहेका छन् ।

## ३.६. सांस्कृतिक एवम् धार्मिक विषयवस्तुमा आधारित कविताहरू

विभिन्न पर्वहरू एवम् विविध धर्म संस्कृतिको विषयमा लेखिएका कविताहरू सांस्कृतिक एवम् धार्मिक विषयवस्तुमा राखिएको छ । समाजमा हुने विविध सांस्कृतिक परम्परा, पर्वहरू, गरिबीका कारणले पर्वहरू टार्न कठिनाई भएका विषयवस्तुलाई यहाँ समावेश गरिएको छ । सगुनमा सङ्कलित सांस्कृतिक एवम् धार्मिक विषयवस्तुमा रहेका ६ ओटा कविताहरूलाई निम्नानुसार अध्ययन गरिएको छ :

### ३.६.१. 'सत्विचार' कविताको विश्लेषण :

अ) **शीर्षक :**

'सगुन', वर्ष १३ त्रैमासिक १ मा सङ्कलित हरिप्रसाद पौड्यालद्वारा लेखिएको कविता हो 'सत्विचार'। मानिसले लोभ नगर्ने, रिस नगर्ने, निर्दयी, दुष्ट र बदमास नबनी दया मायाको भाव राख्नु पर्दछ र मानिस जन्मेपछि अवश्य मर्नुपर्ने भएकाले असल विचार लिई सत्कर्ममा लाग्नु पर्छ भन्ने प्रसङ्ले यस कविताको शीर्षक सार्थक रहेको छ ।

आ) **विषयवस्तु :**

यस कविताको विषयवस्तु आध्यात्मिक रहेको छ । मानिसले रिस नगर्ने, लोभी नबन्ने, निर्दयी, दुष्ट र बदमास नबनी दया, माया र करुणाको भाव जागृत गराउनु पर्छ । मानिस जन्मेपछि अवश्य मर्ने भएकाले असल विचार, सद्भाव, मीठो बोली बोलेर एक असल पात्र बन्ने आह्वान गरिएको छ र मूर्ख र घमण्डीहरूको पछि लाग्दा त्यसले मानिसको इज्जत प्रतिष्ठा बिगार्ने कुराहरू यस कवितको मूल विषयवस्तु हो ।

**इ) भाषा शैली/संरचना :**

यस कवितालाई चार हरफको एक पङ्क्ति बनाई तीन ओटा पङ्क्तिमा विभक्त गरिएको छ । लोभ, रिस, प्रतिष्ठा जस्ता शब्दहरूको प्रयोग गरिएको र सत्मार्गमा हिँड्नुपर्छ भन्ने खबर दिने काम भएको छ । सरल भाषा र गद्य लयमा लेखिएको यो कविताको भाषा शैली सरल र मिठास रहेको छ ।

**ई) भाव :**

यो कविताले मानिसलाई सत्मार्गमा हिँड्न आह्वान गरेको  छ । मानिसले लोभ, रिस त्यागेर सबैको उपकार गर्न भनिएको छ । दया मायाको भाव राखी अरूको परोपकार हुने काम गर्नुपर्दछ । दुष्ट र बदमास बन्नु नै ठूलो भूल हो , यस्ता भूलहरू कहिल्यै गर्नु हुँदैन भन्ने सन्देश दिएको छ । मानिस जन्मेपछि अवश्य मर्नुपर्ने भएकोले सधैं असल विचार र मृदुभाषी बनी यस लोकमा असल पात्र भएर बाँच्नु पर्छ । मूर्ख, घमण्डी र स्वार्थीहरूको सङ्गतले आफ्नो भएको इज्जत र प्रतिष्ठा गुम्दछ र मानिसलाई अद्योगति तर्फ धकेल्ने काम गर्दछ । त्यसैले मानिसले असल विचार राखी सधै सत्कर्ममा लाग्नुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.६.२. 'दिदीसँग' कविताको विश्लेषण

**अ) शीर्षक :**

सुगन वर्ष १३ त्रैमासिक अङ्क १ मा सङ्कलित कविता 'दिदीसँग' विश्वप्रेम अधिकारीद्वारा लेखिएको हो । सांस्कृतिक विषयसँग सम्बन्धित भएर दिदीले तिहारमा भाइका लागि टीका केशरी ल्याई स्फूर्तीका साथ टीका लगाउन आतुर हुँदै रहेको अवस्थामा भाइले आफूलाई लामो आयुको आशिष नदिन आह्वान गरेका छन् । दिदीलाई धरतीकै लागि केही दिऊँ र तिमी हामी सधैं सुखसँग बाचौं भनेको प्रसङ्गले यस कविताको शीर्षक 'दिदीसँग' सार्थक बनेको छ ।

**आ) विषयवस्तु :**

'दिदीसँग' कविता सांस्कृतिक विषयवस्तुमा आधारित छ । तिहारमा दिदीले भाइलाई टीका लगाइदिने र आशिर्वाद दिने हाम्रो परम्परालाई प्रष्ट्याउने काम भएको छ र आफू जस्तै भाइ मर्नेका दिदीहरू तिहारको बेलामा भाइलाई सम्झेर दुःख व्यक्त गर्ने र फूलका बोटहरू हेर्दै घरमा रोएका छन् भन्ने विषयले गर्दा यस कविताको विषयवस्तु सांस्कृतिक रहेको छ ।

**इ) भाषा शैली /संरचना :**

मन्दाक्रान्ता छन्दमा लेखिएको यस कवितामा दुई हरफको एक श्लोक बनाई सात श्लोकमा विभाजन गरिएको छ । छन्दमा लेखिए पनि सरल शब्द र भाषाको प्रयोग गरिएको छ ।

**ई) भाव :**

'दिदीसँग' कविता तिहार जस्तो पर्वलाई इङ्गित गरी लेखिएको छ । दिदीले भाइलाई तिहारमा दूबो-सिन्दूर, पीठो, केशरी आदिले निधार सजाउँदै भाइको लामो आयुको कामना गर्ने गरेको कुरा उल्लेख भएको छ तर भाइ भने जीवनदेखि वाक्क भई लामो आयुको आशिर्वाद नदिन र केही दिन मन भए यसै धरतीका लागि योगदान गर भनेको छ र हामी सबै सुखसँग यस धरतीमा बाँची बिहान बेलुकाको छाकको समस्या नहोस् भन्ने कामना गरेको छ । आफू जस्तै भाइ मर्ने दिदीहरूले तिहारमा भाइलाई सम्झेर दुःख व्यक्त गर्ने र अझै फूलका बोटहरू देखेपछि झन् दुःखित भई रुने गर्दछन् । यसरी मरेका भाइहरूका निम्ति फूलका बोटबाट फूल नटिपी त्यही बोटमा झुल्न दिन आह्वान गरिएको छ । यसरी यस कवितामा हाम्रा विभिन्न सांस्कृतिक विषयको महत्त्व तथा तिहारको विषयमा दिदीभाइको महत्त्व झल्काउने काम भएको छ ।

### ३.६.३ 'रक्तरेखाहरू' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क ३ मा सङ्कलित 'रक्तरेखाहरू' ध्रुवलाल शर्माद्वारा लेखिएको गद्य कविता हो । धर्म प्राप्त गर्न र आफूले इच्छाएको कामना पूरा गर्न देवी देवतालाई भाकल गरी पशुहरूको बली दिई रगत मन्दिरका बरण्डामा घुमाई आफ्नो स्वार्थ पूर्ति गर्ने नेपाली परम्परा रहेकाले यस कविताको शीर्षक रक्तरेखाहरू सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

'रक्तरेखाहरू' कविता धार्मिक विषयवस्तुमा आधारित भएर लेखिएको कविता हो । धर्म कमाउन र आफूले चाहेको मनोकांक्षा पूरा गर्ने निहुँमा धर्मभिरुहरूले मन्दिरमा पशुहरूको बली चढाउने, पुजारीले हरिओम तस्सत्को मन्त्र पढ्दै बली मन्छाउने, मनको कलुष कामना पूरा होस् भन्ने कामना गर्ने, हतियार लिएर एक छप्कोमा छिनेर बली दिने र बहादुरी देखाउने, उता पुजारी टाउको र दक्षिणाले मख्ख पर्ने, एक प्राणीले अर्को प्राणीको हत्या गरेर मासुका चोक्टा तिनपानेसँग चोक्टाउने नेपालीको परम्परा परापूर्वकाल देखि चलि आएको र अहिले पनि चलिरहेकोले यस कविताको विषयवस्तु धार्मिक रहेको छ ।

**इ) भाषा शैली /संरचना :**

गद्यमा लेखिएको यस कविता सरल भाषामा लेखिएको छ । थुक निल्नु, मख्ख पर्नु जस्ता टुक्काहरू, पिरलिक, पिरलिक जस्ता अनुकरणात्मक र प्राणी हितेषु जस्ता संस्कृत शब्दहरूको प्रयोग गरिएको छ । ४५ हरफमा लेखिएको यस कवितामा एउटामात्र पूर्ण विरामको प्रयोग गरिएको छ ।

**ई) भाव :**

यस कवितामा कविले विभिन्न मठ मन्दिरहरूमा भक्तजनहरूले आफ्नो कामना पूरा गर्न जनावरहरूको बली चढाउने हतियार लिएर एक छप्कोमा गिडेर बहादुरी देखाउने, पुजारी टाउको र दक्षिणा प्राप्त गर्न पाउँदा मख्ख पर्ने प्रवृत्तिको बारेमा उल्लेख गरिएको छ । परम्परादेखि चलि आएको यस्तो रीतिले हरेक पक्षमा यसको देखासिकी गरिएको छ । नेपाली राजनीतिमा पनि जनतालाई सडकमा उतारेर हत्या हिंसा जस्ता अपराधिक क्रियाकलाप फैलाएर नेतृत्व गर्ने नेताहरूले फाइदा लुट्ने गरेको र पछि जनताको बेवास्ता गर्ने गरेको भाव यस कविताको रहेको छ ।

## ३.६.४ 'विपरीत ध्रुव' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'विपरीत ध्रुव' कविता कवि ध्रुवलाल शर्मा द्वारा लेखिएको कविता हो । यस कवितामा धनी र गरिबबिचको दूरी बढेको कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

यो कविता सामाजिक एवम् सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित छ । कविले समाजमा हुने खाने र हुँदा खाने वर्गको अवस्थालाई झल्काउने काम गरेका छन् । विर्खे जस्ता साहुलाई पर्व आउँदा रमाइलो र आनन्द आएको छ भने उसैको घरमा हलो जोत्ने सन्तेलाई पर्व एउटा जहर जस्तै बन्न पुगेको छ । सन्तेलाई दसैं महाकाल बनेको छ । कसरी आफ्नो इज्जत जोगाउने, कसरी दसैंलाई टार्ने जस्ता व्यवहारमा ऊ लागि परिरहेको छ । बल्लबल्ल बुकुरो बारीलाई बन्धक बनाएर बेसाहा बेसाएको छ । दुःखले जुटाएको खाद्यलाई कर्के नजरले हेर्ने गर्दछ । पैताला ढाके टुपी रित्तै, टुपी ढाके पैताला रित्तै हुने अवस्था रहेको छ । विदेशमा गएर कमाएर ल्याएको त्यही बस्तीको काले भने बोलाइसक्नु भएको छैन । बिना कारण समाजमा भाले हुने गरेको छ । विर्खे र काले जस्ताको निम्ति पर्व उत्सबै बनेको छ भने सन्ते र कमली

जस्तालाई काल बन्न पुगेको छ । सम्पन्नता र विपन्नताका कारणले समाजमा सांस्कृतिक पर्व मनाउने प्रथामा भिन्नता आइरहेको छ । गरिब र धनीका बिच विभेद बढिरहेको हुँदा यस कविता सामाजिक सांस्कृतिक विषयवस्तुमा आधारित रहेको छ ।

**इ) भाषा शैली/संरचना**

गद्यमा लेखिएको यस कवितामा मीठो भाषा शैलीको प्रयोग गरिएको छ । सरल भाषाको प्रयोग गरिएको हुँदा जो कोहीले पनि सजिलै बुझ्न सक्दछन् । छुट्टाछुट्टै अनुच्छेदमा नटुक्राए तापनि चारओटा पूर्णविराम चिह्नको प्रयोग गरिएको छ भने ४५ हरफहरूमा लेखिएको छ ।

**ई) भाव :**

'विपरीत ध्रुव' कवितामा कविले समाजमा हुने धनी र गरिबका बिचको संस्कारलाई छर्लङ्ग पार्ने काम गरेका छन् । नेपालीहरूको महान् चाड दसैंमा हुने खानेहरू रमाउने, मनोरञ्जन गर्ने, हर्षोल्लास गर्ने परम्परा रहेको छ भने दुःखी गरिबहरूलाई यस्ता पर्वहरू सङ्कटका रूपमा देखा परेका छन् । धनी वर्गहरूको आडम्बरले गर्दा दुःखी गरिबहरूबाट चाडपर्व नआए हुन्थ्यो भन्ने जस्ता कल्पना हुने गरेको छ । चाडपर्व मनाउने संस्कार समेत दुई ध्रुवमा बाँडिएको छ । यस कवितामा गरिबीको अवस्थालाई झल्काउने काम गरिएको छ ।

## ३.६.५ 'आमा तिम्रो बोलीमा' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'आमा तिम्रो बोलीमा' कविता कृष्णराज सर्बेहारीद्वारा लेखिएको हो । कविले आमाको बोलीसँगसँगै हाँस्न सिकेको, रुन सिकेको, हिँड्न सिकेको प्रसङ्गले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु सांस्कृतिक रहेको छ । यस धर्तीमा मानिसले पाइला टेकेपछि आमाको बोलीसँग बोली मिलाउँदै बालबालिकाले हाँस्ने, रुने, हिँड्ने जस्ता क्रियाकलाप सिक्दै जाने गर्दछ । त्यस्तै कवि पनि त्यस्तै अवस्थाबाट हुँर्कदै गएका छन् । कवि विस्तारै जवान भएपछि आमाको छायाँबाट टाढा भई सहरमा बस्न थालेपछि परिवारको विरोधका बाबजुद अन्तर्जातीय विवाह गरे । आफ्नो छोरो जन्मेपछि उसकै आमाको वोलीमा बोली मिलाउँदै हाँस्न, रुन र हिँड्न सिक्यो तर आफ्नो बोली भाषा सिकेन । कविकी श्रीमती ठूलै खानदानकी छोरी

परेकाले कविका जस्ता गँवार भाषा सिक्ने छैन भने उनैको चाहनाबमोजिम भाषा र संस्कृति सिक्दै गरेको र कविले सिकेको भाषा र संकृति छोराले सिक्न नसकेकोले कविकी आमाले सिकाएको बोली, भाषा र संस्कृति आफ्नो परिवारमा सर्न नसकेकोले यस कविताको विषयवस्तु सांस्कृतिक बनेको छ ।

**इ) भाषा शैली/संरचना :**

गद्यमा लेखिएको यस कविताको भाषाशैली सरल र मिठासपूर्ण रहेको छ । अनुच्छेदमा विभक्त नगरिए तापनि तिनओटा पूर्णविराम चिह्न र एकओटा प्रश्नवाचक चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

यो कविता सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित रहेको छ । कवि सानो छँदा आफ्नी आमाको बोली, भाषा, संस्कृति अनुसरण गर्ने गरेका र युवक भएपछि शहर पसेर आफ्ना संस्कृति भन्दा बाहिर गई अन्तरजातिय विवाह गरेका छन् । आफ्नो छोरो जन्मेपछि आफ्नो श्रीमतीको खानदानी भाषा र संस्कृति सिक्दै गएको छ । गँवार भाषा मेरो छोराले सिक्न सक्दैन भन्ने उनकी श्रीमतीको अभिव्यक्तिले कविको भाषा संस्कृति लोप हुने खतरामा रहेको छ । कविलाई आफ्नी आमाले आफ्नो भाषा संस्कृति जोगाएर राख्न भनेको कुरा उनले पूरा गर्न सकेका छैनन् । यसरी हाम्रो देश नेपालमा आफ्नो भाषा संस्कृतिको बेवास्ता गरी अन्य भाषा संस्कृतिको सिको गर्दै हिँडेको हुँदा हाम्रो संस्कृति र रीतिरिवाज खतरामा पर्न गई अन्य भाषा संस्कृति भित्रिएको छ । नेपाली आमाले सिकाएको मौलिक संस्कृतिलाई जोगाई राख्नु पर्छ भन्ने यस कविताको मूल भाव रहेको छ ।

## ३.६.६. 'नयाँ वर्ष र यक्ष प्रश्नहरू' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'नयाँ वर्ष र यक्ष प्रश्नहरू' कविता भरत विवश पौड्लद्वारा लेखिएको हो । नयाँ वर्ष आइरहेको र नयाँ वर्षमा नयाँ नयाँ कामना गरिने, विचार पीडाहरू यथावत् रहने, कर्णालीमा सुख र लोमन्थाङ्का आवाज बोल्न नसक्ने भएको हुँदा यस कविताको शीर्षक 'नयाँ वर्ष र यक्ष प्रश्नहरू' सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु परम्परागत संस्कृतिसँग सम्बन्धित छ । नयाँ वर्ष शुरुवात हुनलाग्दा नयाँ नयाँ शुभकामना व्यक्त गर्ने र पहिले पहिलेका कामहरू यथावत् राख्दै हिँड्ने प्रवृत्तिहरू हाम्रा रहेका छन् । कामना नयाँ गरे पनि विचार भने पुरानै कायम राख्ने नेपाली परम्परा रहेको छ । कर्णालीबासीमा खुसी कसले ल्याउने ? लोमन्थाङको आवाज कसले सुन्ने ? बितेका कहालीलाग्दा घटनाहरूलाई कसले कसरी बिर्साउने ? पाठेघर खुस्केका रोगी महिलाहरूको उपचार कसले र कसरी गर्ने ? भन्ने जस्ता प्रश्नहरू ज्यूँकात्यूँ रहेका छन् । काम केही नगर्ने कामना नयाँ नयाँ र राम्रा राम्रा गर्ने नेपालीहरूको परम्परा रहेकाले यस कविताको विषयवस्तु सांस्कृतिक रहेको छ ।

**इ) भाषा शैली /संरचना :**

भरत विवश पौडेलद्वारा लिखित यो कविता गद्य कविता हो । सरल र मिठास पूर्ण भाषाको प्रयोग गरी पाँच अनुच्छेदमा विभाजन गरिएको छ ।

**ई) भाव :**

यस कवितामा नयाँ वर्ष प्रारम्भ हुँदा साथ चर्कोचर्को स्वरमा शुभकामना आदान–प्रदान गर्ने र आफूले गर्नुपर्ने काम समयमै सम्पादन नगर्ने परम्पराको उल्लेख गरिएको छ । सुख, शान्ति, समृद्धि र अमनचयनको कामना गरेता पनि नेपालका हरेक क्षेत्रमा समयमै नुन र खाद्यान्न पुग्न नसकेकोले जनताहरू विचलित अवस्थामा पुग्दा त्यसतर्फ ध्यान नदिने, रोगीहरूको समयमै उपचार हुन नसकी मृत्यु समेत हुनु परेको अवस्था हुँदाहुँदै पनि नयाँनयाँ कामनाहरू गरिन्छ । विचारहरू पुरानै बोकिन्छ र परिवर्तनको कामना गर्ने नेपाली प्रवृत्तिहरू प्रति झटारो हान्ने काम भएको छ । ठूला ठूला र नयाँ नयाँ कामना गर्नुभन्दा आफ्नो कर्तव्य र जिम्मेवारीलाई समयमै पुरा गर्नुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

**निष्कर्ष :**

सांस्कृतिक एवम् धार्मिक विषयवस्तुमा आधारित भई लेखिएका सगुन पत्रिकामा प्रकाशित कविताहरूमा सत्तकर्ममा लाग्नु पर्ने, विविध चाडपर्वमा आशिर्वाद दिने र लिने अन्य भाषाको सिको गर्ने, धनी र गरिबका बिच पर्वहरू मनाउने प्रवृत्ति फरक हुनु, गरिबलाई पर्व पीडा हुनु, शुभकामना आदानप्रदान गर्नु आदि विशेषताहरू यी कविताहरूमा रहेका छन् :

## ३.७. अन्य / विविध विषयवस्तुमा आधारित कविताहरू

विविध विषयमा थुप्रै खाले विषयवस्तुमा आधारित भई रचिएका कविताहरू यहाँ राखिएका छन् । वाल्यकालीन अवस्था, कुनै व्यक्ति विशेषको महिमागान, माटोको महत्त्व, व्यङ्ग्य, कृषि सम्बन्धी, स्वतन्त्रता, बजेट, मानवता, आदि विषयसँग सम्बन्धित भएका १५ ओटा कविताहरूलाई निम्नानुसार अध्ययन गरिएको छ :

### ३.७.१. 'मुकाविला मेरो मृत्युसँग' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क १ मा सङ्कलित 'मुकाविला मेरो मृत्युसँग' कवितामा कविले मृत्युसँग आफू नडराएको, मृत्यु नहुने हो भने जीवनको कुनै अर्थ नहुने हुँदा मृत्यु नवजीवनको प्रारम्भ हो भन्ने कुरा उल्लेख गरेका छन् । आफूले धर्तीमा पाइला टेक्दा कहालिएर रोएको र आफ्नो मृत्युमा आफ्ना आफन्तहरू रुनेछन् तर आफू अप्रत्यक्ष रूपमा खित्का छोडेर हाँस्ने कुरा व्यक्त गरेका छन् । जीवनले मृत्युसँग कार्यगत एकता गर्दै जीउनकै लागि मृत्युसँग लड्दै हिडिरहेको कुराले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा कविले मानिसले भोग्नुपरेका पक्षलाई विषयवस्तु बनाएका छन् । जीवनमा हरेक उकाली ओराली, दिनरात, उज्यालो अध्यारोसँग मानिसले सधैं लड्नु पर्ने र मृत्युसँग नडराई उसँग मुकाविला गरेको विषयवस्तु उल्लेख गरेका छन् । मानिसको शरीर पञ्चतत्वले बनेको हुन्छ । आफू कुनै तत्वमा रहेको र आफूले मृत्युलाई जित्न सकेको विषयवस्तु यस कविताको रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता गद्य लयमा लेखिएको छ । मृत्यु भनी प्रश्नवाचक चिह्न प्रयोग भएको, तीनओटा अनुच्छेदमा लेखिएको यस कवितामा सरल भाषाको प्रयोग गरिएको छ भने जनित्री, परिश्लेष जस्ता कठिन शब्दको समेत प्रयोग गरिएको छ ।

**ई) भाव :**

जीवन जीउनका लागि मानिसले उज्यालो अँध्यारो, आकर्षण विकर्षण, क्रिया प्रतिक्रिया आदिसँग सङ्घर्ष गर्नुपर्छ, मृत्यु जीवनबिना आउन सक्दैन र आफू रहँदा आफ्ना आफन्तहरू खुसी हुने, रमाउने र आफ्नो मृत्युमा दुःख मान्ने भाव यस कविताको रहेको छ । मानिसले

डिम्ब र शुक्रकिटको संयोजन देखि नै सङ्घर्ष गर्दै आउने र मृत्युसँग मुकाविला गर्नुपर्ने प्रसङ्गलाई लिई आफूले पञ्चतत्वको पैचो लिएर जीवन जिएको कुरा उल्लेख गरिएको छ । सधैं आफ्नो जीवनले मृत्युसँग मुकाविला गर्दछ भन्ने कुरा यस कवितामा उल्लेख गरिएको हुँदा मानिसको जीवनको सुरुवाति देखि अन्त्यसम्म मृत्युसँग सङ्घर्ष गर्नुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.७.२. 'क्रम' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन', वर्ष १३ त्रैमासिक अङ्क १ मा संकलित वैभदीप श्रेष्ठद्वारा लेखिएको कविता हो 'क्रम' । आत्मीय साथी दिवाकर प्रति समर्पित भनी शुरुवात गरिएको यस कवितामा कवि श्रेष्ठले आफू सानो छँदा खेलेका ग्यामवोलका गोटी कहाँ होलान् ? ती गोटीहरू बटुलेर हाम्रा छोराहरूले खेल्लान् कि नखेल्लान् ? फदेलाका लालीबियो, बयर, नारेश्वरको फूल, निबुवाको बोट र बितेका पुराना दिनहरू कहाँ होलान् ? भन्ने कुराको क्रमिकरूपमा खोजी गरिएको र यस्तै अवस्था हाम्रा छोराछोरीहरूमा आउला कि नआउला ? भन्ने कुराहरू क्रमिक रूपमा लेखिएको हुँदा यस कविताको शीर्षक 'क्रम' सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा आफूले भोगेका बाल्यकालको अवस्था, साथीहरूसंग मिलेर गोटी, लालीवियो खेलेको विषयवस्तुलाई अँगालिएको छ र आफूले देखे, भोगेका कुराहरू अहिले कहाँ गए होलान् ? र प्राकृतिक रूपमा पाइने बोटविरुवाहरूलाई खोजी गरिएको छ । मानिसका जीवन परिवर्तनशील भएको यथार्थ पक्षलाई प्रमुख विषयवस्तु यस कविताको रहेको छ ।

**इ) भाषा शैली/संरचनाः**

यो कविता गद्यमा लेखिएको हो । यस कवितामा सरल भाषाको प्रयोग गरिएको छ । ग्यामवोलका गोटी, लालिबियो, जस्ता बाल्यकालमा खेलिने खेलको प्रयोग गरिएको छ । यस कवितालाई ५ ओटा अनुच्छेदमा बाँडिएको छ । तर एउटा मात्र पूर्णविराम चिन्हको प्रयोग भएको छ ।

**ई) भाव :**

वैभवदीप श्रेष्ठद्वारा लेखिएको 'क्रम' कवितामा आफू बाल्यकालदेखि जवानी अवस्थामा साथीहरूसँग खेले हुर्केको विषयवस्तु रहेको छ । मानिस सानो छँदाको क्रियाकलाप र जवानी

भएपछि दाम्पत्य जीवनमा प्रवेश गर्न लागेको यस कविताको भाव रहेको छ । हाम्रा बाबु बाजेले गरेको क्रियाकलाप अनि उनीहरूले लगाएका निबुवाको बोट, नारेश्वरको फूलहरू अहिले कहाँ गए होलान् ? भन्ने कुराले पनि आफूले ती चीजहरूलाई भोग्न नपाएको कुरा पनि स्वतन्त्ररूपमा खेले हुर्केको आफूले आफ्ना छोराहरू समेत स्वतन्त्र होलान् ? आफ्ना जिम्मेवारीहरू छोराहरू सम्हाल्लान् ? भन्ने चिन्ता समेत यस कवितामा उल्लेख भएको छ । मानिसले समय बित्दै जाँदा विभिन्न परिस्थितिको सामना गर्नुपर्दोरहेछ । समय र भोगाइ परिवर्तनशील हुन्छ भन्ने भाव यस कविताको रहेको छ ।

### ३.७.३. 'भानुभक्त' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'भानुभक्त'कविता कृष्णादेवी शर्मा ( श्रेष्ठ) द्वारा लेखिएको हो । यस कवितामा आदिकवि भानुभक्तले नेपाली भाषा साहित्यमा गरेको योगदानको चर्चा गरिएको हुँदा यो कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

'भानुभक्त' कविता आदिकवि भानुभक्त आचार्यको महिमागान गरी लेखिएको छ । नेपाली भाषा संस्कृतिका भक्त बनेका आदिकवि नेपाली भाषालाई उच्च बनाउन लागि परेर नेपाली इतिहासमा एउटा ध्रुव ताराको रूपमा चम्किन सफल बनेका छन् । रामको गाथा गाएर राम भक्ति बन्ने काम गरेका छन् । उनका कविताहरूमा राणाकालीन सामन्तहरूको कडा विरोध समेत गर्न पछि नपरेका भानुभक्तले नेपाली भाषालाई अन्य भाषा सरह बनाई राष्ट्रिय भाषाको रूपमा मान्यता दिन योग्य बनाउन सफल भएका थिए । नेपाली भाषा संस्कृतिको क्षेत्रमा एक नक्षत्रको रूपमा देखा परेका भानुभक्तलाई फुलका थुङ्गाले श्रद्धा सुमन अर्पण गर्ने काम कवयित्रीले गरेकी छन् ।

**इ) भाषा शैली /संरचना :**

'भानुभक्त' कविता अनुष्टुप छन्दमा लेखिएको कविता हो । दुई हरफको एक श्लोक बनाई नौं श्लोकमा विभक्त गरी लेखिएको यस कवितामा भानुभक्तको योगदानको कदर गर्दै मीठो भाषाशैलीको प्रयोग गरिएको छ ।

**ई) भाव :**

'भानुभक्त' कवितामा आदिकवि भानुभक्त आचार्यको महिमागान गरिएको छ । नेपाली भाषाको उन्नयनमा सदा लागि परी राष्ट्रभाषाको स्थानमा पुऱ्याउन सफल भएका भानुभक्तले विभिन्न छन्दको प्रयोग गरी जो कोही मानिसले सजिलैसँग बुझ्न सक्ने भाषा प्रयोग गरेका थिए । उनले लेखेका तमाम कविताहरू अहिलेसम्म प्रशस्त छन् । जसरी भानुभक्तले नेपाली भाषाको विकासमा योगदान पुऱ्याए त्यसरी नै अहिले नेपालमा शान्तिका लागि योगदान दिनुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.७.४. 'देवकोटाको सम्झना' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क २ मा सङ्कलित 'देवकोटाको सम्झना' कविता लक्ष्मीप्रसाद शर्मा पौड्लद्वारा लेखिएको कविता हो । यसमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले कवितको क्षेत्रमा युऱ्याएको योगदानको उल्लेख गरिएको हुनाले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा महाकवि लक्ष्मीप्रसाद द्वकोटाको महिमागान गरिएको छ । देवकोटा नेपाली कविता विधामा स्वच्छन्दावादलाई भित्र्याउने केन्द्रीय प्रतिभाका रूपमा रहेका छन् । रहस्यमय तरिकाले भावनारूपी डुङ्गामा तरी स्वर्गाग्नि चोर्न सफल रहेका छन् । मानवीय भावना र भ्रातृत्वको भावनालाई उच्चता दिँदै स्वतन्त्र ढङ्गले प्रकृतिमा विचरण गर्ने र प्रकृति र मानवका बिच अन्योन्याश्रित सम्बन्ध रहेको हुनाले प्रकृतिमा रमाउन सक्नुपर्छ भन्ने धारणा रहेको छ । समाजमा रहेका अन्याय अत्याचार र दमनका विरुद्धमा विद्रोहको ज्वाला फैलाउन सफल देवकोटाले समाजमा  न्याय, समानता भित्र्याउनमा महत्त्वपूर्ण योगदान गरेका छन् । भ्रातृत्वको भावनालाई उच्च महत्त्व दिने कविले नेपाली कविता लेखनमा स्वच्छन्दतावादी धाराको सूत्रपात गरेका छन् । त्यसले यस कवितामा कविले देवकोटाको योगदानको बारेमा उल्लेख गरेका छन् ।

**इ) भाषा शैली ⁄ संरचना :**

यस कवितामा कविले देवकोटाको योगदानको कदर गर्ने क्रममा सरल र मिठासपूर्ण भाषाको प्रयोग गरेका छन् । दुई हरफको एक श्लोक बनाई एघार श्लोकमा विभाजन गरिएको छ । यो कविता शिखरिणी छन्दमा रचिएको छ ।

**ई) भाव :**

यस कवितामा कविले महाकवि देवकोटाले कविता विधामा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । द्रूत लेखनको क्षमता भएका महाकविले शास्त्रीय मान्यतालाई चुनौति दिदै स्वतन्त्र ढङ्गले कविता लेख्न पाउनुपर्छ भन्ने मान्यताले आधुनिक स्वच्छन्दतावादी धारालाई भित्र्याउन सफल भएका छन् । मानवीय र भ्रातृत्वको भावना संसारमा छर्न सफल देवकोटा प्रकृतिमा विचरण गर्ने भित्री चाहना रहेको छ र प्रकृति बिना मानवको पनि अस्तितत्व नरहेको उल्लेख छ । उदार भावनाले नेपाली समाजमा भएका अन्याय अत्याचार र असमझदारीलाई चुनौति दिन सफल छन् भने मठ मन्दिरमा मूर्तिको पूजा नगरी मानवीय सेवामा लाग्नुपर्छ भन्ने मान्यता उनको रहेको कुरा यस कवितामा प्रष्ट पार्ने काम गरिएको छ । यस्ता महापुरुषहरूको सम्मान गर्दै हामी नेपालीले प्रेरणादायी भूमिका खेल्नु पर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.७.५. 'माटो' कविताको विश्लेषण :

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क ३ मा सङ्कलित 'माटो' कविता मोदनाथ शास्त्रीद्वारा लेखिएको हो । यस कवितामा कविले माटो सबै प्राणीको मूल थलो हो । यसमा सबै प्राणी रमाउने र अन्त्यमा यहीँ विलिन हुने गर्दछन् । माटोको निकै धेरै महत्त्व रहेको छ, यसलाई कसैले हेला गर्नुहुँदैन भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा माटोको महत्त्वलाई स्पष्ट पार्ने काम भएको छ । जननी हो, धरणी हो, जसमा किसानले जोती अन्न उमार्ने गर्दछन्, अन्य मानिस, पशुपन्छी लगायतका सम्पूर्ण प्राणीहरू यही माटोमा खेल्ने गर्दछन्  र माटोले सबैलाई एक आपसमा मिलेर हिँड्नु पर्दछ भन्ने सन्देश समेत दिने गर्दछ । माटोले सबैको हित गराउने र अन्त्यमा आफैँमा मिलाउने, खोलानाला यहीँ बग्दछन् भने हरेक किसिमका कन्दमूलहरू यही माटोमा पाइन्छ । पन्छीहरूको बास यहीँ छ, यहीँ रमाउँछन्, नाँच्छन् र अन्त्यमा यहीँ मर्दछन् । जसले माटोको महत्त्व बुझेको हुन्छ त्यसले धर्तीलाई माता समान ठान्दछ । माटो सबै प्राणीहरूको आश्रय स्थल हो यसलाई सबैले सम्मान र सदुपयोग गर्नुपर्दछ भन्ने प्रसङ्गहरू उल्लेख भएको हुँदा माटोको महत्त्वलाई झल्काउने काम भएको छ ।

**इ) भाषा शैली/ संरचना :**

'माटो' कविता शार्दूलविक्रीडित छन्दमा लेखिएको छ । यस कवितामा कविले सरल र मिठास भाषाको प्रयोग गरेका छन् । चार हरफको एक श्लोक बनाई पाँच श्लोकमा विभक्त गरिएको छ ।

**ई) भाव :**

कवि मोदनाथ शास्त्री द्वारा 'माटो' कवितामा माटोको महत्त्वको वर्णन गरिएको छ । माटो सबै प्राणीहरूको आश्रय स्थल हो । सबै प्राणीहरू यहीँ जन्मछन्, यहीँ रमाउँछन् र यहीँ मर्दछन् । खोलानाला, ताल तलैया समुद्र वनजंगल, पहाड पर्वत, हिमालयमा यही माटो हुने हुँदा प्राणीहरू यसैमा रमाउने गर्दछन् । सम्पूर्ण अन्नहरू यही माटोमा फल्ने हुँदा र सबै प्राणीहरूलाई जन्माउने, हुर्काउने र बचाउने यही माटोले गर्ने हुँदा यसको महत्त्व बढी रहेको छ । सबैले यसलाई जोगाउँदै यसको सम्मान गर्नु पर्दछ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.७.६. 'थरिथरिका बाँदर' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अङ्क ३ मा सङ्कलित 'थरिथरिका बाँदर' कविता लेखनाथ काफ्लेद्वारा लेखिएको हो । यस कवितामा कविले बाँदर थरिथरिका हुने, राम्रो काम कसैले नगर्ने, अरूलाई दुःख दिदैं हिँड्ने, नजानेर भन्दा जानेर बदमासी गर्ने झन् ठूला हुने प्रतीकात्मक रूपमा बाँदरहरूको संज्ञा दिएको हुनाले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा कविले व्यङ्ग्यात्मक विषयवस्तुलाई रोजेका छन् । संसारमा बाँदरै बाँदरहरूको जमघट रहेको छ । अझ भनौं नेपालमा झन् बढी बाँदरको विगविगी बढ्दै गएको छ । कोही अन्न फलफूल खाने, कोही हिरोइन र स्न्याक खाने, कोही सीता खोज्ने, सीता बेच्ने प्रवृत्तिका बाँदरहरू रहेका छन् । कोही आफ्नो हुललाई बचाउन हिँडेका छन् भने कोही फुटाउन र छुटाउन हिडिरहेका छन् । कोही भौतिक संरचनाहरू निर्माण गर्दछन् भने कोही भत्काउने प्रयासमा जुटिरहेका हुन्छन् । कोही गरिब छन्, कोही धनी छन्, कोही छुवाछुतको भेदभावमा हिँडेका छन् । कोही चारखुट्टाले हिँड्ने कोही दुई खुट्टाले हिँड्ने बाँदरहरू रहेका छन् । कोही आफ्नो जाति र वंशको रक्षा गर्नमा जुटिरहेका छन् त कोही आफ्नो जाति र वंशको नाश गर्न लागिरहेका छन् । कोही लुट्न पाई घण्टौं सम्म पुऱ्याउन पाउँदा खुसी हुन्छन्

कोही पुस्तौं सम्मलाई पुऱ्याउने गर्दछन् । कोही मकै खान्छन् कोही जहाज खान्छन् । जे भएतापनि सबै बाँदरै बाँदर छन् । घर भत्काउँछन्, देश भत्काउँछन् र कवि आफै पनि बाँदर कविता लेख्ने चैते बाँदरको संज्ञा लिएका छन् । यसरी यस कवितामा हाम्रो देशमा बस्ने मानिसहरू आफ्नो स्वार्थ बाहेक केही देख्न सकिरहेका छैनन् । आफूलाई फाइदा भए जे पनि गर्ने  तर बेफाइदा हुने भए जतिसुकै राम्रा पक्षहरू भएपनि नकारात्मक दृष्टिले हेर्ने गरेका छन् । त्यसैले यस कवितामा कविले व्यङ्ग्य गर्दै कोही साना र कोही ठूला बाँदरहरू रहेको कुरा उल्लेख गरेका छन् ।

**इ) भाषा शैली/संरचना :**

लेखनाथ काफ्लेले यो कविता गद्यमा लेखेका छन् । यसमा प्रतीकको  प्रयोग भएपनि भाषा सरल र सहज ढङ्गको छ । एउटै अनुच्छेदमा लेखिएको यस कवितामा पूर्ण विराम चिह्नको प्रयोग कही पनि छैन भने एउटा मात्र प्रश्नवाचक चिह्नको प्रयोग गरिएको छ । यो कविता ५३ हरफमा संरचित छ ।

**ई) भाव :**

यस कवितामा कविले मानिसलाई बाँदरलाई प्रतीकको रूपमा उभ्याएर व्यङ्ग्य गर्ने काम गरेका छन् । जसरी बाँदरले आफ्नो घर बनाउँदैन र अर्काको घर पनि भत्काउँछन् त्यसरी नै आजका मानिसहरू आफूलाई जे मन लाग्यो त्यही गर्न लागिरहेका छन् । राष्ट्र र राष्ट्रियताको पक्षमा कोही लाग्न सकिरहेका छैनन् । केवल आफू, आफ्नो जाति र समूहको हितमा लागिरहेका छन् । जे फेला पाऱ्यो त्यही खान पुगेका छन् । आफ्ना स्वार्थ पूर्ति गर्नका लागि जस्तासुकै कुकर्महरू गर्न पछि पर्दैनन् । कोही नजानेर नराम्रो काम गर्दछन् भने कोही जानीजानी कुकृत्यहरू गर्दछन् । त्यसैले सबै बाँदरहरू कै चालमा रहेका छन् भन्ने यस कविताको मुख्य भाव हो ।

## ३.७.७. 'साहित्यमा शान्तिनारायण' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १३ त्रैमासिक अंक ३ मा सङ्कलित 'साहित्यमा शान्तिनारायण'कविता कवि शोभाकान्त गौडेलद्वारा लेखिएको हो । यस कवितामा कविले शान्तिनारायणले नेपाली साहित्यमा पुऱ्याएको योगदानको वर्णन गरिएको हुँदा शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु शान्तिनारायणले नेपाली साहित्यमा पुऱ्याएको योगदान रहेको छ । शान्तिनारायणले गीत, गजल, हाइकु, चित्र कोर्ने, ताङ्का, कविता आदि साहित्यका विधाहरूमा कलम चलाएका छन् । उनी स्वदेश तथा विदेश भ्रमण जाँदा पनि आफ्नै ठाउँका मोदी र कालीलाई सम्झँदै गीत र गजलहरू लेख्ने काम गरेका छन् । उनी धवलागिरिको साहित्यमा एउटा गजूरको रूपमा स्थापित हुन पुगेका छन् । गाउँ बेसीका मर्म र भावनाहरूलाई बढी महत्त्व दिने काम गरेका छन् । अन्याय र अत्याचारको खोइरो खन्ने, प्राकृतिक वातावरणमा रमाउने, रोदीमा गीत गाउने, जहाँ गए पनि आफ्नै जन्मभूमिलाई सम्झिरहने, सरलतामा जिउने प्रवृत्तिका शान्तिनारायणले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको कुरा यहाँ औंल्याइएको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता गद्य लयमा लेखिएको छ भने भाषा सरल र मिठास रहेको छ । चार हरफको एक श्लोक बनाई आठओटा श्लोकमा बाँडिएको छ भने आठओटा पूर्णविराम चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

शोभाकान्त गौडेलद्वारा रचित यस कवितामा शान्तिनारायण श्रेष्ठले नेपाली भाषा साहित्यमा पुऱ्याएको योगदानको वर्णन गरिएको छ । गीत, गजल, हाइकु, ताङ्का, कविता आदि विधामा कलम चलाएर गाउँबेसीका मर्म र भावनालाई कलात्मक तरिकाले चित्रण गर्दै अन्याय र अत्याचारको विरोध गर्दै र आफ्नो मातृभूमिको सम्झना गरिरहने स्रष्टाले राष्ट्रप्रेम, जाति प्रेमको भाव झल्काउने खालका गीत, गजल, ताङ्का, कविता आदि लेख्दै नेपाली साहित्यको श्रीवृद्धिमा ईटा थप्ने काम गरेका छन् । अन्याय अत्याचारको विरोध गर्नु, प्रकृतिमा रमाउनु, असल दृष्टि राख्नु, मातृभूमिप्रति श्रद्धा प्रकट गर्नु पर्छ भन्ने यस कविताको भाव रहेको छ ।

## ३.७.८. 'भानु' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित कविता गोविन्दप्रसाद भुषालद्वारा लेखिएको हो । यस कवितामा आदिकवि भानुभक्तले नेपाली भाषालाई उच्च विन्दुमा पुऱ्याउन

गरिएको योगदानको प्रसङ्ग उल्लेख गरिएको हुँदा यस कविताको शीर्षक 'भानु' सार्थक रहेको छ ।

**आ) विषवस्तु :**

यस कवितामा आदिकवि भानुभक्तको महिमागान गरिएको छ । सर्जकहरूले सिर्जना गरेका सिर्जनाहरूले सुवास छर्ने काम गर्दछन् । जतिसुकै बाधा व्यवधान आइपरेपनि आफ्ना भावनाको माध्यमबाट समाजलाई सभ्य बनाउन लागि पर्दछन् । भानुभक्तले नेपाली भाषाको माध्यमबाट सबैलाई एउटै सुत्रमा बाँध्ने गरेको र उनले रचेको भानुभक्तीय रामायण गाउँ–गाउँ र सहरहरूमा भाका हालीहाली गाउने र गुनगुनाउने काम भएको उनकै कारणबाट नेपाली भाषा परिष्कृत सभ्य र भव्य भएको कुरा यस कवितामा उल्लेख गरी भानुभक्तले नेपाली भाषाको उन्नयनमा गरेको योगदानको महिमागान गरिएको छ ।

**इ) भाषा शैली/ संरचनाः**

यो कविता छन्दमा लेख्ने प्रयास गरेपनि छन्द मिलेजस्तो देखिदैन । अत्यन्त मीठो र सरल भाषाको प्रयोगले यस कविताको भाषाशैली सहज रहेको छ । दुई हरफको एक श्लोक बनाई लेखिएको यस कवितामा अन्त्यानुप्रासको संयोजन गरिएको छ । बाह्र श्लोकमा विभाजन गरिएको यस कवितामा शुरु र अन्त्यमा एउटै थेगोको रूपमा प्रयोग गरिएको छ ।

**इ) भाव :**

गोविन्दप्रसाद भुषालद्वारा लेखिएको यस कवितामा विभिन्न बिघ्न बाधाका बाबजुद पनि सर्जकहरू सिर्जनामा लागि पर्छन् । कलम चलाएर समाजलाई सभ्य बनाउन लागिरहने सर्जकको कलमलाई रोक्न खोजे पनि रोकिदैन र उनीहरू आफ्नो भाषा, संस्कृतिलाई सधैं अगाडि बढाउन निरन्तर लागि पर्छन्, लाग्नु पनि पर्छ भन्ने भाव झल्काइएको छ । जसरी भानुभक्तले कलमको माध्यमबाट नेपाली भाषालाई उच्च शिखरमा पुऱ्याउने काम गरे त्यसरी नै उनैको प्रेरणाबाट हामी सबैले समाजका बेथिति, अन्याय, अत्याचारका विरुद्ध कलक चलाउँदै सभ्य समाजको निर्माणमा अघि बढ्नुपर्छ भन्ने मूल भाव यस कविताको रेहेको छ ।

## ३.७.९. 'शान्ति' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'शान्ति' कविता कवि गोविन्दप्रसाद भुषालद्वारा लेखिएको हो । यस कवितामा कवि आफूले नैतिक र नियमित काम निर्भयसाथ गर्न

सक्ने, कहीँ कतै यात्रा गर्न सक्ने र विभिन्न कार्यहरू स्वतन्त्र ढङ्गले गर्न पाएको प्रसङ्गले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको विषयवस्तु स्वतन्त्रता रहेको छ । कवि आफ्ना नैतिक र नियमित कार्यहरू गर्दा कसैले थर्काउने, धम्काउने र तर्साउने काम गरेका छैनन् र कहिल्यै हुँदैन भन्ने कुरा उल्लेख गरेका छन् । आफू ढुक्कसाथ देशको जुनसुकै ठाउँमा पुग्न सक्ने र आफ्नो क्षत विक्षत पूर्वाधार सहजै बन्न सक्ने, आफ्नो धरतीको महिमा श्रमको हक सुरक्षित रहेको, आफूले मिहिनेत गरी जम्मा गरेको रसद पानी आवश्यक ठाउँमा खर्च गर्न सकेको कुरा उल्लेख गरेका छन् । जसरी घाम देशभर छताछुल्ल भएर फिजिन्छन् त्यहाँसम्म आफू स्वतन्त्र छु भन्ने अभिव्यक्ति यस कवितामा कविको रहेको छ । यो राष्ट्रमा रहेका चराचुरुङ्गी, जीवजन्तु सबै स्वतन्त्र छन् । वातावरण स्वतन्त्र भएको हुँदा आफ्नो चाहना अनुरूप काम गर्न सक्ने कुराले यस कविताको विषयवस्तु स्वतन्त्रता रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता गद्यमा लेखिएको छ । मीठो भाषाशैली, सहज भाषा र सरल शब्दहरूको प्रयोग गरिएको छ । विभिन्न अनुच्छेदमा विभक्त गरिएको छैन तर दुईओटा पूर्णविराम चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

गोविन्दप्रसाद भुषालद्वारा लेखिएको यो कविता स्वतन्त्रता भन्ने विषयवस्तुसँग सम्बन्धित छ । कविले आफू स्वतन्त्र रहेको कुरा उल्लेख गरेका छन् । आफ्नो काम गर्न आफूले ढुक्क साथ गर्न पाएको, विकासका पूर्वाधारहरू निर्भयका साथ गर्न पाएको यो धरतीको सुन्दरता धरतीको महिमा यो धरतीमा श्रमको हक रहेको छ । घामले जताततै उज्यालो  र ताप छर्ने गर्दछ र मानिसहरू बिहानीको घाम ताप्छन् । वातावरण नै स्वतन्त्र भएकाले आकाशमा चराहरू रमाउन पुगेका छन् । देशमा शान्ति भयो भने सबै मानिस निर्भयताका साथ आफ्नो काम गर्न सकिन्छ भन्ने भाव यस कविताको रहेको छ ।

### ३.७.१०. 'कठै ! बिचरा बजेट' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित 'कठै ! बिचरा बजेट' कविता रामकृष्ण पौडेलद्वारा लेखिएको हो । कविले यस कवितामा नेपालमा ल्याइने बजेटका बारेमा उल्लेख गरेका छन् । कोहीलाई आशा देखाएर, कोहीलाई बासको व्यवस्था गर्ने भनेर जनताले बुझ्नै नसक्ने शब्दजालहरूले बुँदै बुँदामा जोडी परेवालाई चारो छरेजस्तो र कुकुरलाई हड्डी फालेर भुलाए जस्तो बजेट आउने गरेकोले 'कठै ! बिचरा बजेट' शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु बजेट सम्बन्धी रहेको छ । देशमा ल्याइने बजेटले केहीलाई आशा देखाउने, कोहीलाई गास र बासको व्यवस्था गर्ने गरी बजेट ल्याउने गरेको प्रचलन रहेको कुरा उल्लेख छ । देशमा कसैलाई बाटो, कसैलाई संविधान, शहरियालाई ऐश आराम, निजामतीलाई कालो धन सेतो बनाउने, नेतालाई कार्यकर्ता पाल्ने बजेट चाहिएको कुरा यस कवितामा प्रस्तुत गरिएको छ । गरिब, निमुखा जनतालाई राहत पुग्ने भन्दा आलो घाउमा नुनचुक छर्कने जस्तो बजेट ल्याइने प्रवृत्तिलाई छर्लङ्ग पार्ने काम भएको छ । तर यस्तो किसिमको बजेटले नेतालाई पाकेको नरिवल जस्तो र निमुखालाई कागलाई वेल पाके जस्तो हुने गरेको छ । हिमाल, पहाड, तराईका बासिन्दाले शान्ति, विकास र समृद्धि होला भन्ठान्दा सत्ता पक्षका लागि उत्तम र प्रतिपक्षका लागि वितरणमुखी बजेट भन्ने प्रसङ्गले नेपालमा ल्याइने बजेट र त्यसमा गरिने टिप्पणीको बारेमा यस कवितामा उल्लेख गरिएको हुँदा यसको विषयवस्तु बजेट सम्बन्धी रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो गद्यमा लेखिएको कविता हो । सरल र सहज भाषाको प्रयोगले बोधगम्य बन्न पुगेको छ । पाँचौ अनुच्छेदसम्म विभक्त गरी लेखिएको यस कवितामा पहिलोमा पाँच हरफ, दोस्रोमा दस हरफ, तेस्रोमा तेर हरफ चौथोमा चौध र पाँचौमा आठ हरफहरू बनाई संरचित गरिएको छ ।

**ई) भाव :**

रामकृष्ण पौडेलद्वारा रचित यस कवितामा कविले बजेटको अर्थ र महत्त्वको विषयमा उल्लेख गरेका छन् । गास, बास, कपासको आशा देखाएर निमुखाहरूलाई भुलाउने र पछि तिनीहरूको बास्ता नगर्ने त्यस्ता लक्षित वर्गहरूसँग बजेट पुग्न नसक्ने प्रवृत्तिलाई देखाइएको छ

। नेता र कर्मचारीलाई मात्र फाइदा हुने खालको बजेट ल्याइने गरिन्छ । ठूलाबडा एवम् हुने खाने वर्गको हित हुने र हुँदा खानेहरूका लागि सम्बोधन गर्ने तर विभिन्न शब्दजालले बाँधेर सो समूहमा बजेट नगई बिचैमा हराउने गरेको कुरा यस कवितामा उल्लेख भएको छ ।

## ३.७.११ 'माटोको माया'कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित 'माटोको माया'कविता रुद्रबहादुर क्षत्रीद्वारा लेखिएको हो । यस कवितामा कवि कृषक पेशामा लागेको हुनाले खेती गर्ने तरिका र माटोको उचित व्यवस्थापनको बारेमा उल्लेख गरिएको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा कविले कृषि सम्बन्धी विषयवस्तु बनाएका छन् । कृषि व्यावसायमा लाग्ने मानिसले कृषि सम्बन्धी नवीन पद्धतीको ज्ञान लिई चौपायाहरूको मलमूत्रलाई व्यवस्थित तरिकाले प्रयोग गर्ने, भकारो सुधार गर्ने तथा माटोको सुधार गर्ने काम गरी गोठेमल, कम्पोष्ट मल, हरित मलको निर्माण गरी आधुनिक पद्धतिको विकास गरी त्यस सम्बन्धी ज्ञान सीप हासिल गर्दै यस माटोमा मेहनत गरिएको खण्डमा आफ्नो जीवनपद्धतिमा सुधार हुने कुरा कविको छ । यो माटोले खाद्यबस्तु उत्पादन गरेर कहिल्यै थाक्दैन त्यसैले यसको स्याहार संहार गरी आधुनिक तरिकाले कृषि व्यवसाय सञ्चालन गर्नुपर्दछ भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको विषयवस्तु कृषि सम्बन्धी रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो गद्य लयमा लेखिएको कविता हो । कृषि सम्बन्धी ज्ञान सीपको बारेमा र माटोको संरक्षण गर्ने विषयमा लेखिएको यस कवितामा सरल र सहज भाषा शैलीको प्रयोग गरिएको छ । दुई हरफको एक श्लोक बनाई लेखिएको यस कवितामा पन्ध्र ओटा श्लोकमा विभक्त गरी अन्त्यानुप्रासको समेत संयोजन गरिएको छ ।

**ई) भाव :**

यस कवितामा कविले माटोको संरक्षण गर्न सके यसको उर्वरा क्षमता कहिल्यै हराउन नसक्ने कुरा उल्लेख गर्दै कृषि व्यावसायमा लाग्ने मानिसहरूले आधुनिक पद्धतिको ज्ञान सीप ग्रहण गरी कृषि व्यावसायमा लाग्नुपर्छ भनेका छन् । पशुपालनमा उपयुक्त किसिमको गोठ

सुधार, भकारो सुधार गरी त्यसबाट प्रशस्त फाइदा लिई आय आर्जनमा लाग्नुपर्छ भन्ने भाव यस कवितामा उल्लेख गरिएको छ । तमाम कृषकहरूलाई निर्वाहमुखी खेती प्रणाली सुधार गरी आधुनिक एवम् व्यवस्थित तरिकाले कृषि व्यावसाय सञ्चालन गर्न सन्देश पनि दिइएको छ ।

### ३.८.१३. 'आयोडिनयुक्त नून' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ५ मा सङ्कलित कविता सुशील गिरीद्वारा लेखिएको हो । यस कवितामा आयोडिनयुक्त नुनको गुण र विशेषता र महत्त्वको विषयमा चर्चा गरिएको हुँदा यस कविताको शीर्षक 'आयोडिनयुक्त नुन' सार्थक भएको छ ।

**आ) विषयवस्तु :**

यस कवितामा कविले आयोडिनयुक्त नुनको महत्त्वलाई मूल विषयवस्तु बनाएका छन् । आयोडिनयुक्त नुन खानाले शारीरिक तथा मानसिक दुवैमा फाइदा पुऱ्याउने र यसको कमिले गलगाँड, लुलो लङ्गडो, लाटो, बामपुड्के, लुतो आउने, चिलाउने जस्ता रोगले सताउने र गर्भवती महिलाको गर्भ तुहिने डर हुने गर्दछ । यस्ता समस्याबाट मुक्त हुनका लागि आयोडिनयुक्त नुनको प्रयोग गर्नुपर्दछ भन्ने कुरा उल्लेख भएको हुँदा आयोडिनयुक्त नुनको महत्त्व यस कविताको मूल विषय बनेको छ ।

**ई) भाषा शैली/संरचना :**

यो गद्यमा लेखिएको कविता हो । आयोडिनयुक्त नुनको चर्चा गर्दै लेखिएको यस कवितामा अत्यन्त सरल भाषाको प्रयोग गरिएको छ । एउटै अनुच्छेदमा लेखिएको यस कवितामा चौबीस ओटा हरफमा संरचित रहेको छ ।

**ई) भाव :**

यस कवितामा आयोडिनयुक्त नुनको बारेमा लेखिएको छ । यस्तो नुनको प्रयोगले मानिस तथा जनावरहरूलाई फाइदा पुऱ्याउने काम गर्दछ भने यसको अभावमा विभिन्न रोगहरूले आक्रमण गर्ने हुँदा सबैले यस्तो नुनको प्रयोग गरी स्वस्थ रहने सन्देश यस कविताको रहेको छ ।

### ३.७.१३. 'जब लुटिन्छन् आफ्नै झण्डा र गीतहरू' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'जब लुटिन्छन् आफ्नै झण्डा र गीतहरू' गणेशकुमार जि.सी.द्वारा लेखिएको कविता हो । कविले आफू जन्मँदा गीत गाएको, पहिलो पाइला टेक्दै गर्दा झण्डा मागेको, दोस्रो पाइला टेक्दै गर्दा बाबासँग जिजीविषाका झण्डा मागेको र तेस्रो पाइला टेक्दै गर्दा माटोसँग झण्डा मागेको र सबै झण्डा प्राप्त गरेको कुरा उल्लेख गरेका छन् । ती सबै झण्डाहरू आँधीबेहरी, हिंसा र आतङ्कले गर्दा आफूले प्राप्त गरेका झण्डा लुटिएको प्रसङ्गले यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको विषयवस्तु ऐतिहासिक रहेको छ । कवि यस धर्तीमा अवतरण भइसकेपछि मान्छे हुँदाको गीत गाएका छन् । आमाबाट पीडाको पोखरीमा रहँदा समेत त्यो गीत सुन्दा खुसी र आनन्द मान्ने काम भएको छ । त्यसपछि कवि हिँड्ने सुरु गरेपछि आफ्ना बाबुसँग आफू जन्मनुको झण्डा मागेका छन् । कविले तेस्रो पाइला टेक्दै गर्दा वा जवान भइसकेपछि आफ्नै माटोसँग देशभक्तिका झण्डाहरू मागे, गीत मागे । देशभक्तिका झण्डाहरू फहराइ रहेका बेला अकस्मात् आँधीबेहरी चल्यो, हिंसा र आतङ्क मच्चियो, रगतको खोला बग्यो । यस्तो बर्बरताले देशभक्तिका झण्डा, देशभक्तिका गीत लुटिएका छन् । अब कुन गीत गाउने हो ? आमा ! कसको झण्डा बोकूँ ? आमा ! भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको विषयवस्तु ऐतिहासिक रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

गद्यमा लेखिएको यस कवितामा मीठो भाषा शैलीको प्रयोग गरिएको छ । सरल भाषामा लेखिएको यस कवितामा जिजीविषा, जर्जरता, बर्बरता जस्ता कठिन शब्दहरू प्रयोग गरिएको छ । विभिन्न अनुच्छेदमा विभक्त गरेको देखिदैन तर पाँचओटा पूर्णविराम चिह्नको प्रयोग गरिएको छ भने दुई ठाउँमा प्रश्नवाचक चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

ऐतिहासिक विषयवस्तुमा आधारित भई लेखिएको यस कवितामा कविले आफू ठूलो भइसकेपछि राष्ट्रको झण्डा बोक्दै हिँडेको, देशभक्तिको गीत गाउँदै हिँडेको प्रसङ्ग उल्लेख गरेका छन् । देशमा आँधीबेहरी हिंसा र आतङ्क बढ्दै गएको छ । देशमा रगतको खोला बगिरहेको छ । यस्ता हत्या हिंसा र बर्बरताले देशको ऐतिहासिक कालखण्डमा स्थान पाइरहेको

अवस्थामा देशभक्तिका गीत, राष्ट्रिय झण्डा आदि लुटिँदै जाँदा कवि अलमलमा परेका छन् । अब आफूले कुन झण्डा बोक्ने, कुन गीत गाउने भन्ने विषयमा अन्योलता बढेको छ । ऐतिहासिक कालखण्डमा यस्तै घटनाहरू घट्दै आएका र नेपाली जनताको हैसियत कस्तो रहने विषयमा समस्या आइपरेको थियो । नेपाली जनताले यस्ता समस्याहरू भोग्नु नपरोस् राष्ट्रमा शान्ति होस् भन्ने चाहना यस कविताको भाव हो ।

## ३.७.१४. 'विद्रोह र गणतन्त्र' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'विद्रोह र गणतन्त्र' कविता प्रशान्त लामिछानेद्वारा लेखिएको हो । सामन्तवादहरूले देशमा गणतन्त्र स्थापना गर्न जालझेल गरेको र त्यसको विरुद्ध विद्रोहको तयारी गरेको कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यस कविताको मुख्य विषयवस्तु राजनीतिक रहेको छ । कविले यो देशलाई स्वर्ग झैं राम्रो बनाउने र यही स्वर्गमा बस्नका लागि सामन्तवाद र साम्राज्यवादका विरुद्ध मजदुर र किसानहरूलाई गोलबन्ध गर्दै साम्यवादी परिकल्पना पूरा गर्नका लागि गणतन्त्रवादी शक्तिहरूलाई एकजुट गराउँदै आफू पनि लामवद्ध भएका छन् । सिद्धान्त भित्र रही किसान र मजदुर वर्गको संसार निर्माण गर्न कम्मर कसेर वाकयुद्ध गरेको कुरा उल्लेख गरेका छन् । तर सामन्तवादले संविधान सभा र गणतन्त्रको विरुद्धमा जालझेल गरिरहेको र त्यसको विरुद्ध गणतन्त्र निर्माण गर्न र भोका नाङ्गाहरूको संसार निर्माण गर्न विद्रोहको तयारी गरेको प्रसङ्गले यस कविताको विषयवस्तु राजनीतिक रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

गद्यमा लेखिएको यस कवितामा मीठो भाषाशैलीको प्रयोग गरिएको छ । सरल शब्दहरूको प्रयोगले जो कोहीले बुझ्ने गरी लेखिएको छ । एउटै अनुच्छेदमा लेखिएको यस कवितामा लामा छोटा गरी जम्मा एकतीस हरफहरू रहेका छन् र एउटा मात्र पूर्णविराम चिह्नको प्रयोग गरिएको छ ।

**ई) भाव :**

यस कवितामा कविले विद्रोहको स्वर उचाल्ने काम गरेका छन् । हाम्रो देश नेपाललाई स्वर्ग जस्तो हराभरा र सुन्दर शान्त बनाउनका लागि सामन्तवाद र साम्राज्यवादका विरुद्ध लड्नका लागि मजदुर र किसानहरूलाई गोलबन्द गर्दै साम्यवादको परिकल्पना पूरा गर्न सिद्धान्तमा लामवद्ध भएर लागि परिरहेका छन् । गणतन्त्र र संविधान सभाका लागि सामन्तवादहरूले जालझेल गर्न लागेकाले विद्रोहको तयारी गरी भोका नाङ्गाहरू विद्रोहको तयारी गरी आफ्नो संसार निर्माण गर्न लागिपरिहेको कुरा उल्लेख गरेका छन् । यसरी कविले सामन्तवादका विरुद्ध सबै एकजुट भई नयाँ नेपाल निर्माण गर्न अगाडि बढ्नुपर्छ भन्ने भाव यस कविताको रहेको छ ।

## ३.७.१५. 'मान्छे मान्छै नै हो' कविताको विश्लेषण

**अ) शीर्षक :**

'सगुन' वर्ष १४ त्रैमासिक अङ्क ६ मा सङ्कलित 'मान्छे मान्छै नै हो'कविता रामचन्द्र गिरीद्वारा लेखिएको हो । यस कवितामा कविले गाउँपाखामा बस्ने मान्छे, सहरका महलमा बस्ने मान्छे, धनी र गरिब सबै मान्छे नै हुन् भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको शीर्षक सार्थक रहेको छ ।

**आ) विषयवस्तु :**

यो कविता मानवतावादी विषयवस्तुमा आधारित छ । गाउँ पाखामा जन्मिएको मान्छे, भोको पेटमा पटुकी कसेर काम गर्ने मान्छे, तातो बालुवामा काम गर्ने मान्छे, हलो जोत्ने र भारी बोक्ने मान्छे, झुपडीमा बसेर रुखो खाना खाने मान्छे, महलमा बस्ने मान्छे, सहरमा बस्ने मान्छे, पैसैपैसामा रमाउने मान्छे सबै मान्छे नै हुन् । गरिबले पनि एकमाना खान्छ र धनीले पनि एकै माना खान्छ आखिर सबै मान्छे नै हुन् । त्यसैले धनी गरिब जे भएतापनि जीवन जीउने काम सबैले गरिरहेका हुन्छन् । कोही ठूलो सानो छैन सबैलाई मानवीय व्यवहार गर्नुपर्छ भन्ने कुरा उल्लेख भएको हुँदा यस कविताको विषयवस्तु मानवतावादी रहेको छ ।

**इ) भाषा शैली/संरचना :**

यो कविता गद्य कविता हो । सरल भाषाको प्रयोग गरिएको छ भने एउटै अनुच्छेदमा लेखिएको यस कवितामा एउटा मात्र पूर्ण विराम चिह्नको प्रयोग गरी २० हरफमा संरचित छ ।

**ई) भाव :**

रामचन्द्र गिरीद्वारा लेखिएको यस कविता जहाँ जुनसुकै ठाउँ र अवस्थामा जन्मेपनि जुन अवस्थामा रहे पनि सबै मान्छै नै हुन् भन्ने कुरा उल्लेख गरिएको छ। गाउँ पाखामा जन्मेर दु:ख कष्ट गरी बाँचे पनि, भोकभोकै हिँडे पनि र सहरका महलमा जन्मेर आनन्ददायक जीवन बिताउने मान्छे पनि सबै मान्छै नै हुन्। कोही आफ्नो भाग्य र कर्मले दु:खद जीवन बिताउन बाध्य छन् भने कोही सहरमा आनन्ददायी जीवन बिताउने गरे पनि सबै मान्छे एउटै हुन्। सबैलाई दु:खमा पीर लाग्छ भने सबैको रगत रातो र तातो हुन्छ। सबै मानिस भएको हुँदा एक मानिसले अर्को मानिसलाई मानवीय व्यवहार गर्नुपर्दछ भन्ने भाव यस कविताको रहेको छ।

**निष्कर्ष :**

विविध विषयवस्तुमा आधारित भई रचिएका कविता यस शोधमा अध्ययन गरिएको छ। बाल्यकालीन अवस्थाको चर्चा गर्नु, आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, शान्ति नारायण श्रेष्ठको महिमागान गर्नु, माटोको महत्त्व झल्काउनु, व्यङ्ग्य प्रहार गर्नु, स्वतन्त्रताको आभास हुनु, बजेटले विभेद निम्त्याउनु, आधुनिक कृषि प्रणालीको विकास गर्नु, आयोनुनको सेवन गर्नुपर्छ भन्नु, मानवीय भाव झल्काउनु यी कविताहरूको विशेषता रहेको छ।

# चौथो परिच्छेद
# उपसंहार

'सगुन' साहित्यिक त्रैमासिक गुप्तेश्वर बहुउद्श्यीय पुस्तकालयद्वारा प्रकाशित साहित्यिक पत्रिका हो । यो पत्रिका वि.सं. २०५४ साल चैत्र महिनामा समसामयिक साहित्य सङ्कलन गर्दै पहिलोपटक प्रकाशित भएको देखिन्छ । विविध कारणले गर्दा यस पत्रिकाको नियमित रूपमा प्रकाशित भएको देखिदैन । शुरुमा गोजी पात्रो जस्तै गरी प्रकाशित हुन थालेको यो पत्रिका समयअनुकूल विस्तार हुँदै आएको देखिन्छ । वि.सं. २०६७ सालमा जिल्ला प्रशासन कार्यालय पर्वतमा दर्ता (जि.प्र.का. द.नं २२।०६६।०६७) भई वि.सं. २०६७ देखि वि.सं. २०७० चैत सम्म त्रैमासिक पत्रिकाको रूपमा प्रकाशित भईरहेको छ । यस पत्रिकाका २०७० चैत्र सम्म जम्मा १६ अङ्क प्रकाशित भइसकेका छन् । तर दर्ता हुनुभन्दा अगाडि ११ अङ्क प्रकाशित भएको देखिन्छ । यसभन्दा अगाडिका अङ्कहरूमा गोजीपात्रो जस्तो अति साना किसिमका देखिन्छन् । त्यसैले अध्ययन विश्लेषण गर्न उपयुक्त नदेखिएकोले जिल्ला प्रशासन कार्यालय पर्वतमा दर्ता भएदेखिका अङ्कहरूमा प्रकाशित कविताहरूको मात्र अध्ययन विश्लेषण गरिएको हो । यस साहित्यिक त्रैमासिक पत्रिका प्रकाशनमा प्रधानसम्पादक राजेन्द्र पहाडी र सम्पादक शान्तिनारायण श्रेष्ठ रहेका छन् ।

'सगुन' साहित्यिक त्रैमासिक पत्रिकामा विभिन्न विधाहरू जस्तै कविता, निबन्ध, यात्रा संस्मरण, कथा, गजल, मुक्तक, हाइकू, ताङ्का, चोका, समालोचना, समीक्षा, विश्लेषण लगायतका रचनाहरू प्रकाशित छन् । 'सगुन' मा प्रकाशित त्रैमासिक अङ्क १ देखि ६ सम्मका ८१ ओटा कविताहरूको अध्ययन गर्दा १२ ओटा कविता अति छोटा, शीर्षक उल्लेख नभएको र विश्लेषण गर्न लायक नदेखिएकोले विश्लेषण गरिएको छैन । केही छोटा कविताहरू 'श्रद्धासुमन', 'भावना', 'जन्मभूमि', 'तीन कविता', 'प्रत्यारोपण', 'मोदीकाली सलल', 'बुझ्न सकिन', जस्ता कविताहरू र गीता कार्की, टुकनाथ तिवारी, टंकप्रसाद सुवेदी, नवराज रिदमद्वारा लेखिएका कवितामा शीर्षक उल्लेख नभएकाले विश्लेषण गरिएको छैन । ६९ ओटा कविताहरूको कविता तत्त्व (शीर्षक, विषयवस्तु, भाषा शैली/संरचना, भाव) का आधारमा अध्ययन विश्लेषण गरिएको छ । कविता विधा अन्तर्गतका गजल, मुक्तक, हाइकू, ताङ्का, चोका, सेदोका जस्ता उपविधाहरूको अध्ययन गरिएको छैन ।

## ४.१ परिच्छेदगत सारांश

### ४.१.१ पहिलो परिच्छेद

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ । शोधपत्रको परिचय दिने क्रममा विषय परिचय, शोध शीर्षक, शोध प्रयोजन, समस्या कथन, उद्देश्य कथन, पूर्व कार्यको विवरण, शोधको औचित्य, क्षेत्र र सीमा, अध्ययन विधि र शोध सङ्गठन प्रस्तुत गरिएको छ ।

### ४.१.२ दोस्रो परिच्छेद

यस परिच्छेदमा कविताको सैद्धान्तिक परिचय दिइएको छ । यस अन्तर्गत कविताको सैद्धान्तिक परिचय र कविता परम्परा, कविताको परिभाषा, कविता सम्बन्धी पूर्वीय विद्वानको धारणा, कविता सम्बन्धी पाश्चात्य मान्यता, कविता सम्बन्धी नेपाली विद्वानहरूको धारणा, कविताका तत्त्व, कविताका रूपहरू, नेपाली कविताको विकासक्रम समावेश गरिएको छ । नेपाली कविताको विकासक्रम अन्तर्गत नेपाली कविताको पृष्ठभूमि र काल विभाजन प्रस्तुत गरिएको छ । नेपाली कविताको आधुनिक कालका विभिन्न धारा तथा उपधाराहरू छुट्याइएको छ ।

### ४.१.३ तेस्रो परिच्छेद

यस शोधपत्रको तेस्रो परिच्छेदमा 'सगुन' साहित्यिक त्रैमासिकमा प्रकाशित कविताहरूको विश्लेषण समावेश गरिएको छ । यसमा 'सगुन' पत्रिकाको छोटो चिनारी दिने काम गरिएको छ भने त्रैमासिक अङ्क १ देखि ६ सम्मका अङ्कमा सङ्कलित भएका कविता र कविहरूको नाम उल्लेख गरिएको छ । यी अङ्कहरूमा प्रकाशित भएका जम्मा ८१ कविताहरू मध्ये १२ ओटा कवि र कविताहरूको विश्लेषण गर्न योग्य नभएको भनी उल्लेख गरिएको छ । त्यसपछि ६९ ओटा कविताहरूलाई विषयवस्तुका आधारमा वर्गीकरण गर्ने काम भएको छ । जसमध्ये २४ ओटा कविता समसामयिक विषयवस्तुमा, ११ ओटा कविता देशप्रेम सम्बन्धी विषयवस्तुमा, ७ ओटा कविता प्रेम सम्बन्धी विषयवस्तुमा, ६ ओटा कविता सामाजिक विषयवस्तुमा, ६ ओटा कविता सांस्कृतिक एवम् धार्मिक विषयवस्तुमा, १५ ओटा कविता अन्य विषयवस्तुमा छुट्याइएको छ । यी विभिन्न विषयवस्तुमा परेका कविताहरूलाई कविता तत्त्व (शीर्षक, विषयवस्तु, भाषा शैली/संरचना र भाव) का आधारमा अध्ययन विश्लेषण गर्ने काम गरिएको छ ।

समसामयिक विषयवस्तुमा आधारित 'नोट अफ डिसेन्ट', 'फूल', 'शुभकामना नयाँ वर्षलाई', 'ए कान्छा बा ?', 'आयो जमाना नयाँ', 'भ्यागुताको गीत', 'यो कस्तो', 'चुट्किला पर्व', 'पीडाचक्र', 'हाम्रो काका', 'हराएको मेरो देश', 'पीडा जीवन र शान्ति', 'महाकाली बनेर उठ', 'दशैले फर्काएको आँसु', 'नयाँ संसार', कमरेड किताब खोजिरहनु भएको छ', 'आगो र आँशु', 'ब्रह्मा, विष्णु, महेश', 'देश अब दुख्न सक्दैन', 'आव्हान', 'फेरिएको रङ्ग', 'अखबारिया', 'महायज्ञ', 'शिखरिणी छन्द' गरी २४ ओटा कविताहरूको अध्ययन विश्लेषण गरिएको छ । यी कविताहरूमा देशका जल्दाबल्दा गतिविधिहरूलाई विषयवस्तु बनाइएको छ । जनतालाई आन्दोलनमा लगाउने, कुरा ठूला ठूला गर्ने तर काम नगर्ने प्रवृत्तिहरू यी कवितामा समावेश गरिएको छ । स्वाभिमानी मानिसको कुनै मूल्य नहुने, नारीहरूको अस्मिता लुटिँदा सरोकारवाला चुप लाग्नु जस्ता विशेषताहरू समसामयिक विषयवस्तुका कवितामा रहेका छन् ।

देशप्रेम सम्बन्धी विषयवस्तुमा आधारित 'स्वदेशको झझल्को', 'आमा', 'जागिरको समीकरण', 'कर्मवीर', 'शहिदको इच्छा', 'बटौली', 'स्रष्टाको सङ्कल्प', 'मेरो थापाठाना', 'शिविर', 'शान्ति चारधाम निस्कँदा' र 'मेरो देश' गरी जम्मा ११ ओटा कविताहरूको अध्ययन विश्लेषण गरिएको छ । यी कविताहरू देशप्रति माया, मोह राखी दिगो शान्ति र विकास स्थापनामा सबै लाग्नुपर्छ भन्ने भावनाले रचिएका कविता हुन् । परदेशमा जान नपरी स्वदेशमा बस्न पाउने, नेपाल नरहे नेपाली नभइने, देशको सेवामा जस्तोसुकै पीडा भोग्न तयार हुनुपर्ने विशेषताहरू यी कविताहरूमा पाइन्छन् ।

प्रेम सम्बन्धी विषयवस्तुमा आधारित भई लेखिएका 'मृत्यु अघि', ' यौटा साथीको आदि सम्झना', 'आवाज', 'कसरी हुन्छ राम्रो', 'मोनालिसा तिमीलाई', 'नीरमाया सहर लागेपछि', 'सुम्निमा तिमी' गरी जम्मा ७ ओटा कविताहरूको अध्ययन विश्लेषण गरिएको छ । माया प्रीतिसँग सन्दर्भित भई रचिएका कविताहरू यसमा परेका छन् । प्रेमी प्रेमिकाको वशमा पर्नु, प्रेमीको मृत्यु हुँदा प्रेमिका स्वतन्त्र हुनु, प्रेमिकाको खोजीमा प्रेमी भोतारिनु, प्रेम वियोग हुनु आदि विशेषताहरू यी कविताहरूमा रहेका छन् ।

सामाजिक विषयवस्तुमा आधारित भई लेखिएका 'पर्खाल', 'बादल ओढेका बस्ती', 'युगबिम्ब', 'बेहोस', 'अनुरोध', 'भम्रको सत्ता' गरी जम्मा ६ ओटा कविताहरूको अध्ययन विश्लेषण यस शोधपत्रमा गरिएको छ । समाजका यथार्थ पक्षलाई समेटेर रचिएका कविताहरू यहाँ परेका छन् । समाजका विकृति र विसङ्गतिहरू प्रति प्रहार गर्नु, छाडा पनको विकास हुनु,

नशालु पदार्थको सेवनबाट आफु नाङ्गिँदा समेत केही थाहा नपाउनु, आफ्नो कर्तव्य सबैले पालना गर्नुपर्छ भन्ने विशेषता यी कविताहरूमा पाइन्छ ।

सांस्कृतिक एवम् धार्मिक विषयवस्तुमा आधारित भई लेखिएका 'सत् विचार', 'दिदीसँग', 'आमा तिम्रो बोलीमा', 'विपरीत ध्रुव', 'रक्तरेखाहरू', 'नयाँ वर्ष र यक्ष प्रश्नहरू' गरी ६ ओटा कविताहरूको अध्ययन गरिएको छ । विभिन्न पर्व एवम् धर्म, संस्कृतिका विषयमा रचिएका कविता यसमा परेका छन् । सत्कर्ममा लाग्नुपर्ने, विविध चाडपर्वमा आशिर्वाद लिने दिने, अन्य भाषा र संस्कृतिको सिको गर्ने, धनी र गरिब बिच पर्व मनाउने संस्कार फरक हुनु, गरिबलाई पीडा हुनु, शुभकामना आदान प्रदान हुनु आदि विशेषताहरू यी कविताहरूमा रहेका छन् ।

विविध विषवस्तुमा आधारित भई लेखिएका 'मुकाबिला मेरो मृत्युसँग', 'क्रम', 'भानुभक्त', 'देवकोटाको सम्झना', 'माटो', 'थरिथरिका बाँदर', 'साहित्यमा शान्तिनारायण', 'भानु', 'कठै ! बिचरा बजेट', 'माटोको माया', 'आयोडिनयुक्त नून', 'जब लुटिन्छन् आफ्नै झण्डा र गीतहरू', 'शान्ति, विद्रोह र गणतन्त्र', 'मान्छे मान्छे नै हो' गरी जम्मा १५ ओटा कविताहरूको अध्ययन विश्लेषण गरिएको छ । थुप्रै खाले विषयवस्तुमा आधारित भई रचिएका कविता यसमा परेका छन् । बाल्यकालीन अवस्थाको चर्चा गर्नु, आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, शान्ति नारायण श्रेष्ठको योगदानको कदर गर्नु, माटोको महत्त्व झल्काउनु, व्यङ्ग्य प्रहार गर्नु, स्वतन्त्रताको आभास हुनु, बजेटले विभेद निम्त्याउनु, आधुनिक कृषि प्रणालीको विकास गर्नु, मानवीय भाव झल्काउनु आदि यी कविताका विशेषताहरू हुन् ।

## ४.२ निष्कर्ष

नेपाली साहित्यको विकासको क्रममा 'सगुन' मा प्रकाशित कविताहरूले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आउने प्रयास गरेका छन् मोफसलमा रहेका स्रष्टाहरुका रचनालाई सङ्कलित गर्दै साहित्यका अनुरागीहरुलाई सहयोग हुने काम यस सगुन पत्रिकाले गरेको छ । सगुनमा सङ्कलित कविताहरूमा समसामयिक कविता परम्परालाई अँगालिएको छ । देशमा विद्यमान परिवेश, ऐतिहासिक परिवेश, सामाजिक, राजनीतिक, धार्मिक एवम् सांस्कृतिक, प्रेम आदि विषयवस्तुमा रहेर समाज र राष्ट्रलाई अग्रगमनको बाटो तर्फ लम्कन आग्रह गरेका छन् भने समाजमा विभिन्न किसिमका बेथिति, कुसंस्कार, अन्धविश्वास आदि प्रति व्यङ्ग्य प्रहार गर्ने काम भएको छ । विभिन्न प्रवृत्तिहरूलाई अँगाल्दै कविताहरू सिर्जना गरिएका छन् । समकालीन कविताधाराको श्रीवृद्धिका लागि यी कविताहरूले महत्त्वपूर्ण योगदान रहेको प्रष्ट हुन्छ । नेपाली

साहित्यमा सगुनमा प्रकाशित कविताहरूले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको हुँदा यी कविताहरूको अध्ययन विश्लेषण गर्न जरुरी देखिएकोले यो शोधकार्य तयार पारिएको हो ।

**भावी शोधका लागि सम्भावित शीर्षकहरू**

'सगुन' साहित्यिक त्रैमासिक गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालयद्वारा प्रकाशित पुस्तकाकार पत्रिका हो । यसमा कविता, कथा, निबन्ध, गजल, हाइकू, ताङ्का, मुक्तक, यात्रा संस्मरण, आदि विभन्न साहित्यिक विधाहरू प्रकाशित छन् । यस पत्रिका त्रैमासिक रूपमा वि.सं. २०७० चैत्रसम्म १६ अङ्क प्रकाशित भएको छ । यस शोधकार्यमा अङ्क १ देखि ६ सम्मका अङ्कहरूमा प्रकाशित कविताहरूको मात्र अध्ययन विश्लेषण गरिएको छ । यसले मात्र 'सगुन' साहित्यिक त्रैमासिकमा प्रकाशित रचनाहरूको अध्ययन पूर्ण नहुने भएकाले यसमा भावी शोधका लागि सम्भावित निम्न किसिमका शीर्षकहरू उल्लेख गरिएको छ ।

क) 'सगुन'मा प्रकाशित अङ्क ७ देखि १६ सम्मका कविताहरूको अध्ययन

ख) 'सगुन'मा प्रकाशित मुक्तकहरूको अध्ययन

ग) 'सगुन'मा प्रकाशित गजलहरूको अध्ययन

घ) 'सगुन'मा प्रकाशित कथाहरूको अध्ययन

# सन्दर्भ सूची


अधिकारी, रविलाल (२०५९), **साहित्य सारथि**, पोखरा : लेकाली प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४८), **पूर्वीय साहित्य सिद्धान्त,** दोस्रो संस्करण, काठमाडौंः साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्य परिचय**, ललितपुरः साझा प्रकाशन ।

गैरे, इश्वरीप्रसाद, कृष्णप्रसाद आचार्य (२०५९), **आधुनिक नेपाली नाटक र फुटकर कविता,** काठमाडौंः न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

गौतम, रामप्रसाद (२०६६), **मेरो ब्रह्माण्डको जीवित सूर्य कृति भित्रका कविताको अध्ययन,** स्नातकोत्तर तहको शोधपत्र, पोखरा, पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६०), **नेपाली कविता र काव्य,** भोटाहिटी काठमाडौं ।

त्रिपाठी, बासुदेव, दैवज्ञ न्यौपाने र केशवप्रसाद सुवेदी (सम्पा.) (२०५३), **नेपाली कविता भाग ४**, काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव, दैवज्ञ न्यौपाने र केशवप्रसाद सुवेदी (सम्पा.) (२०४८), **नेपाली कविता भाग ४,** काठमाडौंः साझा प्रकाशन ।

थापा, मोहन हिमांशु (२०४७), **साहित्य परिचय**, ललितपुरः साझा प्रकाशन ।

नेपाल, देवी (२०६२), **छन्द पराग,** काठमाडौंः भुँडीपुराण प्रकाशन ।

पहाडी राजेन्द्र, (प्र.सम्पा.), **सगुन साहित्यिक त्रैमासिक,** पूर्णाङ्क १२–१७, त्रैमासिक अङ्क १–६ पर्वत : गुप्तेश्वर बहुउद्देशीय पुस्तकालय ।

पौडेल, डिल्लीराम (२०६५), **समय पत्रिकामा प्रकाशित कथाको अध्ययन**, स्नातकोत्तर तहको शोधपत्र, पोखरा : पृथ्वीनारायण क्याम्पस ।

पौडेल, मोहन (२०६८), **गेहेन्द्र भुषण पोखरेलीका कविताको विश्लेषण र मुल्याङ्कन,** स्नातकोत्तर तहको शोधपत्र, पोखरा : पृथ्वीनारायण क्याम्पस ।

पौडेल, विष्णुप्रसाद (२०५७), **संस्कृत काव्य शास्त्र,** काठमाडौंः भुँडीपुराण प्रकाशन ।

भट्टराई, घटराज (२०५१), **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, संशोधित एवम् परिवर्धित संस्करण, काठमाडौं : एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि. ।

भण्डारी, पारसमणि (२०६७), **नेपाली कविता काव्य,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, खगेन्द्रप्रसाद, लीला लुइँटेल, कृष्ण विलास पौडेल (२०५८), **नेपाली कवि र कविता,** काठमाडौंः विभु ऋभु प्रकाशन ।

शर्मा, शिवप्रसाद (२०६९), **नेपाली साहित्यको विकासमा कालीको सुसेलीका कथाहरुको अध्ययन,** शोधपत्र, पर्वत : पर्वत साहित्य संगम ।

शर्मा, सोमनाथ (२०५८), **साहित्य प्रदीप,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** ललितपुर, साझा प्रकाशन ।